जयम, ग्रीस र भारतमा संपन्न अन्तर्राष्ट्रिय कम्युनिष्ट भेलाहरु


# मूल्याङ्कन

रु. १५/-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ३१, भाद्र २०५२





## अरुण-३
## किन रद्द भयो ?
## के छन् यसका विकल्पहरु ?

वेभाराको
न्तिकारी जीवन-कथा

वितारास श्रेष्ठ
टि.भि. मा गएपछि....

व विख्यात लेखक
ोल्त ब्रेख्तको जीवन-कथा

र्क्रियाको जीवन्त रिपोर्ट:
नमा भूमिसुधार बारे ।



# सर्वोच्च अदालतको चिरप्रतीक्षित फैसला !

# GET THE PANTHER PROTECTION

Panther; the modern contraceptive for responsible men. Made in U.S.A. Electronically tested. Lubricated, strong and reliable.

Panther protects from unwanted burden, STDs and AIDS.

Now, in a new attractive pack. Easy to keep, easy to carry. Available whenever and wherever you need it.

Panther; the first choice of men who understand that family planning is also a male responsibility and takes responsibility for protecting his family.

Get yourself the Panther Protection.

*Panther for protection.*
*Panther for family planning.*




Marketed by:

Nepal CRS Company Pvt. Ltd.

नविन रि-रोलिङ्ग इण्डष्ट्रिज प्रा. लि. बाट






उपभोक्ताहरूको माग अनुसार प्रिमियम क्वालिटीको चार धर्के (4 RIBS) डण्डीको उत्पादन पनि शुरु गरेको छ। ठूला ठूला भवन कारखाना, पुल वा अन्य निर्माणको लागि विश्वासिलो फलामे छड **नविन प्रिमियम** छड टाटा स्टीलको उच्चस्तरीय प्राइम बिलेटबाट अनुभवि प्राविधिकहरूको रेखदेखमा उत्पादित।

**तौल ट्याग** सहितको।

**नविन प्रिमियम क्वालिटीको स्टीलबार (फलामे छड)**

भारतमा मान्यता प्राप्त प्रयोगशालामा कडा परीक्षण गरिएको

# कृषि विकास बैंक

किसान, ब्यापारी, उद्यमीहरु र सबैको !

हामी ग्रामीण कृषि कर्जा, ब्यापार कर्जा र बैंकिंग सुविधाहरु समेत प्रदान गर्दछौं । हाम्रो मुख्य ऋण लगानी कार्यक्रमहरु निम्न अनुसार छन् :-

- कृषि उत्पादन
- कृषि सामाग्री
- सिंचाई
- फलफूल खेती
- चिया/कफि
- घरेलु तथा साना उद्योग
- उपयुक्त प्रविधि आदि

हाम्रा प्रमुख प्राथमिकताका क्षेत्रहरु विशेष गरी कृषि विकाससँग सम्बन्धित छन् । यसको लागि हामी सुलभ ब्याजदरमा ऋणहरु उपलब्ध गराउँछौं । सरकारका कतिपय कार्यक्रमहरु कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैंकलाई छ । बदलिंदो प्रतिस्पर्धात्मक बैंकिंग वातावरणमा हामीलाई सेवा गर्ने मौका प्रदान गर्नुहोस् ।

**कृषि विकास बैंक**
मुख्य कार्यालय
रामशाहपथ, काठमाडौं

फोन नं. २११७४४, २११८०२-८०६ टेलेक्स २२६७
तार : कृषि बैंक, फ्याक्स : ९७७-१-२२५३२९

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १३ पूर्णाङ्क ३१

२०५२, भाद्र



**संरक्षक**

डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**

डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**

श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**

हरिगोविन्द लुईटेल

**सह-सम्पादक**

राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**

श्याम खड्का

**कार्यालय व्यवस्थापन तथा लेखा**

वीरप्रसाद भंसारी

**ब्यवस्थापन सहयोगी**

दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

सम्पर्क कार्यालय

"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन प्रा.लि.
न्हूसाल, भोर्छे, ख- २,२३७
काठमाडौं-२३
फोनः २३३ ५६३
पो. ब. नं. ७०५०, काठमाडौं


## गंभीर पाठ सिक्नु पर्छ वामपन्थीहरुले !

'युगान्तकारी निर्णय', 'शदियौंसम्म अमर रहने फैसला', 'क्रान्तिकारी फैसला', 'प्रजातान्त्रिक भविष्य उज्यालो पार्ने फैसला', आदि आदि विशेषणसहित नेपालका दक्षिणपन्थी राजनैतिक व्यक्ति र शक्तिहरुले सर्वोच्च अदालतले संसद् पुनर्स्थापना गर्न हालै गरेको फैसलालाई ब्याख्या गरे पनि र फैसला आफ्नो स्वार्थ अनुकूल भएकोले ठूलो स्वरमा यसलाई शिरोधार्य गर्छु भने पनि तथा अरुले पनि चुपचाप यसलाई शिरोधार्य गरुन् भन्ने माग गरेपनि वास्तवमा यो फैसलाको परिणामले मुलुकलाई घोर दक्षिणपन्थी दिशातिर धकेल्ने निश्चित प्रायः छ ।

'कम्युनिष्ट सरकार' भन्ने नाम अनुसारको काम नगरेपनि ने.क.पा. एमालेको सरकारले मुलुकमा पूँजीवादी-सुधारवादी हदसम्म नै भएपनि जनताको पक्षमा केही कामहरु गर्ने प्रयत्न शुरु गरिरहेको थियो । विविध कमजोरीहरुका बावजूद नेपालका विगतका कुनै पनि सरकारहरुभन्दा एमालेको सरकार आम जनतामा लोकप्रिय पनि हुँदैथियो । अब एमालेले शुरु गरेका सुधारका यी सीमित कार्यहरुमाथि प्रहार हुने मात्र हैन, दक्षिणपन्थीहरुको गठबन्धनका आधारमा बन्ने आगामी सरकारका कारण आम जनताले हाल प्राप्त सीमित अधिकारहरु पनि खोसिने र जनजीवन अरु कष्टप्रद हुँदैजाने संभावना ब्यापक रहेको छ । विगत करीब तीन वर्षको कांग्रेसी शासन काल र विगतको ३० वर्षे पंचायती कुशासनकालका राष्ट्रघाती, जनघाती थुप्पडहरु ब्यहोरेका जनताले यो संभावना टड्कारो देख्नु अस्वाभाविक हैन । यिनै राष्ट्रघात र जनघातका कदमहरुका विगतका संचालकहरुको भावी अपवित्र गठबन्धनले प्रत्यक्ष घातहरु गर्ने कामका अतिरिक्त एमाले सरकारका लोकप्रिय केही कार्यक्रमहरुलाई नै आफ्नो दिशामा मोडी जनतालाई अल्मल्याई उनीहरुको असन्तोष र वर्ग-संघर्षको भावनालाई तुहाइदिने कोशीस गर्ने संभावना पनि प्रवल रहेको छ । विश्व बैंकले 'जोखिमपूर्ण' मानेको अरुण-३ लाई पुनर्स्थापित गरी जनतालाई 'जोखिमको उपहार' दिई साम्राज्यवादीहरुका हातमा देशको नियन्त्रणको लगाम सुम्पिने जस्ता दूरगामी घातहरु पनि यिनीहरुद्वारा हुनसक्ने संभावना छ ।

समग्रमा भन्ने हो भने, सर्वोच्च अदालतको यो फैसलाको परिणाम मुलुकका निम्ति गंभीर हुनसक्ने देखिन्छ । घटनाक्रम यस स्थितिमा आईपुग्नुमा के के कुराहरुमा वामपन्थीहरुको तर्फबाट पनि कमी-कमजोरीहरु भए, त्यसको विश्लेषण गरी पाठ सिक्दै, यस घोषणाले इंगित गरेको दूरवर्ती असर र निस्कर्षतिर पनि ध्यान दिंदै नेपालका तमाम देशभक्त, जनतान्त्रिक र वामपन्थी शक्तिहरुले तत्काल आफ्नो पंक्तिलाई सुदृढ र एकतावद्ध गर्दै नयाँ चुनौतिको सामना गर्नु पर्छ भन्ने हामीलाई लाग्छ । यसतर्फ संवन्धित सबै शक्तिहरुको ध्यानाकर्षण गराउन हामी चाहन्छौं । खास गरी ठूलो संगठन भएकोले एमालेको विशेष ध्यान यतातिर जानु जरुरी छ ।

विगतमा नेपाली वामपन्थीहरुको एउटा कमजोरी वर्ग सचेततामा कमी रहनु देखा पर्‍यो । प्रतिक्रियावादीहरु आफ्नो वर्ग-स्वार्थ रक्षाका लागि जति सचेष्ट रहे, वामपन्थीहरु रहेनन् । फलतः वाम-सरकारको विरोधको नाममा सारा दक्षिणपन्थीहरु एकतावद्ध भइसक्दा पनि वामपन्थीहरुमा चाहिं आफूहरुबीच यस्तो एकताको भावना र आग्रह बढेन । उल्टो, यसैबीच एमालेले चाहिं कतिपय अनावश्यक कुराहरुमा पनि मित्रशक्तिहरुलाई चिढ्याउने काम पनि गर्‍यो । यस्तो स्थिति नदोहोर्‍याउन अगामी दिनहरुमा सचेत रहनु पर्ने खाँचो छ । यसैगरी जनता र मित्रशक्तिहरुलाई साथ लिनुलाई भन्दा अन्य शक्तिहरुलाई बढी महत्व दिने काम र अतिआत्मविश्वास पाल्ने त्रुटीहरु पनि एमालेबाट भए ।

यतिखेर ध्यान दिनु पर्ने अर्को महत्वपूर्ण कुरा संसदवादको सीमाको कुरा पनि हो । संसदवादी बाटोबाट आधारभूत रुपमा जनताको समस्या हल हुन्न भन्ने कुरा एमालेले थोरै सुधारवादी कार्यहरु मात्रै गर्न लाग्दा पनि देशी-विदेशी प्रतिक्रियावादीहरुले खडा गरेका ठूला ठूला बखेडाहरुबाट पुष्टी हुन्छ । एमालेले जनताको लागि थोरै मात्र राम्रो काम गर्न लाग्दा पनि उनीहरुलाई सह्य भएन, उनीहरु भित्री-बाहिरी, कानूनी-गैरकानूनी सबै मोर्चाबाट एमालेमाथि खनिए । यसर्थ, जनताको पक्षमा संसद्‌लाई वा सरकारलाई उपयोग गर्न सकिन्छ, तर सबै कुरा यिनीहरुकै भरमा मात्र छोड्नु मिल्दैन, स्वतन्त्र क्रान्तिकारी आन्दोलन साथसाथै जारी रहनुपर्छ । यी महत्वपूर्ण पाठहरु सिक्दै, सचेत बन्दै आज देशका तमाम वामशक्तिहरु जनतासँग एकाकार भई जनताको हकहितको रक्षाका निम्ति डट्नु आजको महत्वपूर्ण आवश्यकता हो । ❑

## यसभित्र


आवरण कथा

**सर्वोच्च अदालतको चिर प्रतीक्षित फैसला :**
यसको स्वरुप र असर
वाम नेताहरुको प्रतिक्रिया
हिजोको र आजको
फैसलाका अन्तर्विरोधहरु
किन रद्द भयो,
अरुण-तेस्रो ?
*-श्याम श्रेष्ठ*

अरुण-३ को विकल्प के ?
*-गोपाल शिवाकोटी 'चिन्तन'*

**अन्तर्क्रिया**
वाम एकता कि- वाम विसर्जन ?
*-खगेन्द्र संग्रौला*

नेपालमा भूमिसुधार किन र कसरी गरिनु पर्दछ ?
अन्तर्क्रिया कार्यक्रमको रिपोर्ट

**विश्व कम्युनिष्ट आन्दोलन**
पूँजीवादीहरुको गढमा वामपन्थीहरुको सेमिनार
*-राजेन्द्र महर्जन*
ग्रीसको वाम भेला
भारतको अन्तर्राष्ट्रिय सेमिनार

**जीवनको झाँकी**
विश्व-क्रान्ति-योद्धा
चे ग्वेभाराको धारावाहिक जीवनी-२

**उल्लेख्य**
एंगेल्सका सान्दर्भिक विचारहरु

**विज्ञान/प्रविधि**
नेपाली युवा वैज्ञानिकको नयाँ आविस्कार
*-केवली न्यौपाने*

**साहित्य**
विश्व प्रसिद्ध कवि-नाटककार बर्तोल्त ब्रेख्तको जीवनकथा
*-जंगब चौहान*
ब्रेख्तको कविता

**पर्दा/रंगमंच**
कविताराम श्रेष्ठ नेटिभिमा गएपछि ......अन्तर्वार्ता



आवरण फोटो : सर्वोच्च अदालत, प्रधान न्यायाधीश विश्वनाथ उपाध्याय र अरुण नदी/फोटो ए.बी.सी. फोटोज, बागबजार
अरुणको फोटो : डा. गोपी उप्रेती/आवरण कला: आइडियल डिजाइनर्स, बागबजार/फोटोग्राफरः उषा

# सर्वोच्चको चिर प्रतीक्षित फैसला

## कति न्यायपूर्ण ? कति पक्षपातपूर्ण ?

दर्शकहरुले खचाखच भरिएको सर्वोच्च अदालतको पूर्ण इजलाशमा घोषित समयभन्दा दुई घण्टा चालीस मिनेट पछाडि एघारै जना न्यायाधीशहरुको प्रवेश भयो। जब अपरान्ह ४:४० बजे प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायले नेपाली जनताद्वारा चिर प्रतीक्षित फैसला सुनाउनु भयो- सिंगै राष्ट्र सन्न भयो। देश विदेश-सबैतिर सनसनी मच्चियो।

आफूसहित आठ जना न्यायमूर्तिको राय भन्दै प्रधान न्यायाधीश उपाध्यायले फैसलाको घोषणा गर्नुभयो-

"प्रधानमंत्रीको सिफारिश.... असंवैधानिक देखिन आएकाले सो सिफारीशका आधारमा २०५२/२/३० मा भएको प्रतिनिधि सभाको विघटन पनि असंवैधानिक र प्रारम्भदेखि नै कानूनी प्रभाव शून्य (Void) भएको हुँदा प्रतिनिधि सभा उक्त असंवैधानिक विघटनभन्दा पहिलेको स्थितिमा पुनर्जीवित भई संविधान अनुसार आफ्नो कार्य गर्न समर्थ र सक्षम रहेको कुरा यसै निर्णयद्वारा घोषित गरिएको छ।"


४९ पेज लामो फैसला-पत्रले गएको आषाढ २ गते बस्ने घोषणा भएको प्रतिनिधि सभाको विशेष अधिवेशन र ११ गते बस्ने भनेर आव्हान गरिएको नवौं नियमित अधिवेशन "असंवैधानिक विघटनको कारणले" ती मितिहरुमा बस्न नसकेकोले ती मितिहरु "स्वतः परिवर्तित भएको मानी" ती अधिवेशनहरु "फेरि गराउन आवश्यक व्यवस्था गर्नू" भनेर प्रतिनिधि सभाका सभामुख र मन्त्री परिषद सचिवालयका नाममा परमादेश जारी गरेको छ।

सर्वोच्चमा परेका सात वटा रीट निवेदनको प्रत्युत्तरमा आएको यो एउटै फैसलापछि अब विघटित प्रतिनिधि सभा र भंगले गर्दा त्यसको हुन नसकेको अधिवेशन फेरि व्यूँझिने भएको छ। सरकारले राजीनामा नदिएमा एमाले सरकारका विरुद्ध अविश्वासको प्रस्ताव पारित गर्न फेरि एकचोटि संसदको "विशेष अधिवेशन" डाकिने भएको छ। एमाले सरकार अब "काम चलाउ सरकार" नभएर संसद् विघटनभन्दा पहिलेकै निर्वाचित सरकार हुन पुगेको छ। संसद् पुनर्स्थापना भएकोले अब मंसिर ७ गते हुने भनिएको मध्यावधि चुनाव नहुने भएको छ। बीचमा कुनै घटना घटेन भने अब आम चुनाव चार वर्षपछि मात्र हुने भएको छ।

एमाले सरकार भने, अब अविश्वासको प्रस्ताव र त्यसका लागि हुने विशेष अधिवेशनको सामना गर्ने टुंगोमा पुगको छ। अविश्वासको प्रस्ताव पास हुने नै बढी सम्भावना छ। यो पास भएमा नेपालमा पहिलो पल्ट पंचायती राज र कांग्रेसी राजका सारा प्रतिगामी विशेषताहरु भएको नयाँ, अनौठो वर्ण-शंकर "मिलीजुली सरकार" गठन गर्ने कांग्रेस, राप्रपा र सद्भावना पार्टीको मनसुवा तुरुन्तै चरितार्थ हुनसक्ने भएको छ। संभवतः अर्को केही हप्तासम्ममा नै नेपालले फेरि व्यूँताइएको संसदीय अधिवेशन र नयाँ सरकार देख्नेछ। फैसलाले जम्माजम्मीमा त्यसका लागि मूल ढोकाको ताला खोलिदिएको छ।

हिजोसम्म कांग्रेस, राप्रपाको लागि 'अराष्ट्रिय तत्व' थियो, राप्रपा कांग्रेसको लागि 'निरंकुश तत्व'। बीचमा आएर कुर्सीको स्वार्थ लोभलाग्दो फल बनेर उभिदिएपछि एकाएक दुवैका एकअर्का प्रतिका त्यति गंभीर पानी-बाराबारका आरोप र आपत्तिहरु बिलाएका छन्। भन् भर्खरैको सर्वोच्चको फैसलाले मिलिजुली सरकारको निम्ति पनि बाटो प्रशस्त गरेपछि त देशमा, हिजोसम्मको उनीहरुकै आरोप अनुसार नै नामाकारण गर्ने हो भने, 'अराष्ट्रिय निरंकुश तत्व'को नयाँ सरकार गठन हुने भएको छ।

'अराष्ट्रिय' र 'निरंकुश' तत्व तथा वर्गहरुको यो गठबन्धन-सरकारको सबैभन्दा ठाडो, नराम्रो असर नेपाली जनताको राष्ट्रिय तथा प्रजातान्त्रिक आन्दोलनमाथि र उत्पीडित वर्गहरुको वर्ग-संघर्षमाथि पर्ने निश्चित छ। उनीहरुको मिलीभगत र गठबन्धन-सरकारले बहुसंख्यक जनताको न्यायपूर्ण आन्दोलन र वर्ग-संघर्षमाथि पहिलेभन्दा पनि चर्को दमन गर्ने र तानाशाही चलाउने संभावना यो घटनाले बढाएको छ। जनताको थाप्लामाथि राजाको सामन्ती एकतन्त्र लाद्न खोज्ने पूर्व पंचहरुको ३० वर्षे पंचायती शासनकाल पनि हामीले भोगिसकेका छौं। तानाशाही





## सर्वोच्चको फैसलाको स्वरूप र असरको चिरफार



### अविश्वास प्रस्ताव सामना गरिने !

**प्र.मं. अधिकारी**

हामी नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तापनामा उल्लिखित जनताको सार्वभौमिकता, बालिग मताधिकार, संवैधानिक राजतन्त्र, संसदीय शासन प्रणाली, बहुदलीय प्रजातन्त्र तथा स्वतन्त्र एवं सक्षम न्यायपालिका जस्ता मूलभूत कुराहरुको सबैबाट सम्मान भएको हेर्न चाहन्छौं। जनताको शक्तिलाई नै चुनौति दिएर संविधानलाई अपव्याख्या गर्ने धृष्टता पनि कहीं कतैबाट हुनुहुँदैन भन्ने कुरामा पनि उत्तिकै विश्वास गर्दछौं। सबै संवैधानिक निकायले आ-आफ्नो सीमा र दायराभित्रै रहेर कार्य गर्नुपर्दछ भन्ने कुरामा कोही कसैको दुई मत हुनै सक्दैन।

आउने चुनौतिहरुलाई जननिर्वाचित संसद्का सामु निर्भिकता र इमान्दारीपूर्वक उभिएर सामना गर्न तत्पर रहेका छौं।

**क. माधव नेपाल**

'......विपक्षहरुद्वारा दायर रिट निवेदनहरुमा बहस विवादपश्चात् सम्मानित सर्वोच्च अदालतले बहुमतको आधारमा हिजो आफ्नो फैसला सुनाएको छ। उक्त फैसला सर्वोच्च अदालतबाट पहिले स्थापित नजीर, संविधानको मर्यादा, संसदीय तथा प्रजातान्त्रिक मूल्य र मान्यतासम्मत नरहेको एवं अप्रासंगिक र राजनीतिक आग्रहबाट प्रेरित देखिने धुप्रै अभिव्यक्तिहरु देखिएका छन्। त्यसले सम्मानित न्यायलय र न्यायमूर्तिहरुको मार्यदालाई समेत अवमूल्यन गर्ने खतरा उत्पन्न भएको छ। ❑

हत्या-दमनमा तीन वर्षमै पंचहरुको तीस वर्षलाई उछिन्ने कांग्रेसको 'पूँजीवादी प्रजातन्त्र' पनि हामीले भोगिसकेका छौं। यी दुई थरीको संयुक्त मठ्याहा शासन स्थापित हुने ढोका अहिलेको सर्वोच्चको फैसलाले उदांगो पारिदिएको छ। यस अर्थमा यो फैसला नेपाली क्रान्ति र जनताको निम्ति हानिकारक र प्रत्युत्पादक छ। किनकि यसले नेपाललाई अन्धकारको दिशातिर र दक्षिणपन्थको दिशातिर धकेलेको छ। यस परिप्रेक्ष्यमा यो कदापी स्वागतयोग्य कुरा होइन।

**दोहोरो मापदण्ड**

यो फैसलाले केही मूलभूत संवैधानिक र कानूनी तर्कहरुको आधारमा प्रधानमंत्री मनमोहन अधिकारीको संसद् भंग गर्ने र मध्यावधि चुनाव गर्ने सिफारिशलाई 'असंवैधानिक' ठहर गरेको छ। सूचीवद्ध गर्ने हो भने, ती तर्कहरु संक्षिप्तमा यस्ता छन् :

❑ प्रधानमंत्रीले गरेको सिफारिशका आधारमा राजाबाट भएको घोषणाका लागि राजा जिम्मेवार हुन्न, प्र.मं. नै जिम्मेवार हुन्छ। 'राजाको स्वविवेक'को प्रस्थापना यहाँ लागू हुन्न।

❑ विशेष अधिवेशन' डाकिसकेपछि त्यो बस्नु अनिवार्य छ। प्रधानमंत्रीको कुनै पनि विशेषाधिकारको प्रयोगले त्यसलाई व्यर्थ तुल्याउन खोज्नु असंवैधानिक हुन्छ।

❑ अविश्वासको प्रस्ताव आउने भएपछि त्यसलाई प्र.मं.ले सामना गर्नैपर्छ। त्यसलाई व्यर्थ तुल्याउन संसद् भंग गर्नु भनेको- अविश्वास प्रस्तावबाट प्र.मं. सत्ताच्यूत हुने संवैधानिक प्रावधानबाट उन्मुक्ति पाउनु हुनजान्छ र प्र.मं. निरंकुश हुने स्थिति हुन जान्छ।

❑ पदाशीन प्रधानमंत्रीले विद्यमान प्रतिनिधि सभाबाट अर्को वैकल्पिक मंत्री परिषद गठन हुन संभव भएन भने मात्र संसद् भंग गरी चुनावमा जानु संविधानसम्मत हुन्छ, नत्र हुँदैन।

❑ अविश्वासको प्रस्ताव पास भए पनि संविधान बमोजिमको मन्त्री परिषद् गठन हुन नसक्ने भन्ने धारणा बनाएर संसद् भंग गर्ने सिफरीश गर्नु त्रुटीपूर्ण र संविधान प्रतिकूल छ, किनकि- अर्को मंत्री परिषद् गठन हुन सक्ने स्थिति विद्यमान थियो।

❑ प्रतिनिधिसभा क्रियाशील र प्रभावकारी हुँदाहुँदै अर्को विकल्प दिनै नसकिने अवस्थामा अनिवार्य रुपमा लागू हुने धारा ४२ को उपधारा (४) को व्यवस्था लागू हुन्छ भनी बलपूर्वक व्याख्या गरी प्रतिनिधि सभा विघटन गर्नु संविधानसम्मत र तर्कपूर्ण हुँदैन।

## दोहोरो मापदण्डका सबूत प्रमाणहरू पोहोरको र यो फैसलामा बाझेका कुरा के के हुन् ?

यो फैसला

❑ प्रतिनिधि सभाका बहुसंख्यक सदस्यहरुले प्रस्ताव पारित गरी अविश्वास व्यक्त गरेको प्रधानमंत्रीलाई आफू सत्तामा बसेर प्रतिनिधि सभा विघटन गराउने अधिकार संविधानले दिएको छैन।

फैसला पेज नं. ४०/४१

पोहोरको फैसला

❑ *पोहोर प्र.मं. गिरिजा विरुद्ध प्रतिनिधि सभाको बहुसंख्यक सदस्यहरुले 'धन्यवादको प्रस्ताव' फेल ख्वाएर प्र.मं. प्रति बहुसंख्यकको अविश्वास व्यक्त गरियो। तर उनैले गरेको प्रतिनिधि सभा विघटनलाई संविधानसम्मत ठहऱ्याइयो।*

यो फैसला

❑ विद्यमान प्रतिनिधि सभाबाट संविधान बमोजिम अर्को वैकल्पिक मंत्री परिषद् गठन हुन संभव भएन भने मात्र त्यो प्रतिनिधि सभालाई भंग गरी जनता समक्ष जाने कुरा संविधानसम्मत हुन्छ, नत्र हुँदैन।

फैसला : पेज नं. ४१

पोहोरको फैसला

❑ *विद्यमान प्रतिनिधि सभाबाटै अर्को वैकल्पिक मंत्री परिषद् गठन गर्ने संभावना पोहार पनि विद्यमान थियो। स्वयम् कांग्रेस पार्टीकै अध्यक्ष कृष्णप्रसाद भटराईले त्यो विकल्प पेश गर्नु भएको थियो, साथै प्रतिनिधि सभाका बहुमत सांसद्हरुले पनि।*

यो फैसला

❑ संसदीय प्रणालीको स्थापित परंपरा अनुसार सरकारको गठनको संबन्धमा एक पछि अर्को विकल्पको खोजी हुनुपर्ने हुनाले त्यस्तो विकल्प प्राप्त हुँदाहुँदै अनावश्यक रुपमा प्रतिनिधि सभालाई विघटन गरेर देशलाई नयाँ निर्वाचनको अनावश्यक आर्थिक बोझ पार्ने र जनताले अनावश्यक रुपमा निर्वाचनकालीन तनाव र अन्यौल बेहोर्नु पर्ने अवस्थाको श्रृजना गर्ने कुरा संविधानको भावना अनुकूल हुँदैन।

फैसला : पेज नं. ४८

पोहोरको फैसला

❑ *तर पोहोरको फैसलामा विद्यमान प्रतिनिधि सभामा विकल्प हुँदाहुँदै प्र.मं. गिरिजाबाट गरिएको प्रतिनिधि सभा विघटनलाई संविधानसम्मत ठहऱ्याइयो। प्रतिनिधि सभामा एकपछि अर्को विकल्प खोज्नु पर्ने कुराको जिकीर यस पटकको फैसलामा जस्तो पोहोरको फैसलामा पटक्कै गरिएन। न त निर्वाचनले पार्ने अनावश्यक आर्थिक बोझ, तनाब र अन्यौलकै जिकीर गरियो।*

यो फैसला

❑ काम चलाउ मंत्री परिषद्ले निर्वाचनको अवधिसम्मलाई अनिवार्य सरकारी खर्चको लागि मात्र संचित कोषबाट उधारो वा पेश्कीको रुपमा रकम खर्च गर्न आवश्यक अध्यादेश ल्याउनुको सट्टा आफ्नो नीति र वार्षिक कार्यक्रमहरु उद्घोषित गरेर ती सबै कार्यक्रमहरुका लागि संसदीय अनुमोदन-विना अध्यादेश जारी गरेर संचित कोषबाट रकम विनियोजित गर्ने र करको दरमा परिवर्तन गर्ने र संचित कोषमाथि व्ययभार हुने गरी ऋण लिने 'अवाञ्छनीय र असंसदीय परंपरा' भनेर यस पटकको फैसलामा आलोचना गरिएको छ।

फैसला: पेज नं. ४२

पोहोरको फैसला

❑ *तर यही परंपरा प्र.मं. गिरिजाले पोहार नै शुरु गर्नु भएको थियो। तथापि पोहोरको फैसलामा यस 'अवाञ्छनीय' र 'असंसदीय परंपरा' बारे एक शब्द पनि उल्लेख छैन।*

यी प्रस्थापना र तर्कहरु आफ्नो ठाउँमा नाजायज छैनन् र यी तर्कसम्मत पनि छन्। नेपालका सबै सरकारहरुमाथि यी प्रावधानहरु लागू हुँदा सरकारको स्वेच्छाचारिता र निरंकुश प्रवृत्तिमाथि अंकुश लाग्ने संभावना बेसी हुन्छ। सारा अधिवक्ताहरुले मुद्दा जित्न राजाको स्वविवेकको अधिकारको पुष्टि गरेपनि अदालतले राजाको स्वविवेकको अधिकारलाई मान्यता नदिएर भने, राम्रो काम गरेको छ। नत्र यसबाट राजा केही हदसम्म निरंकुश हुने खतरा टड्कारो थियो।

तर प्रश्न उठ्छ- यी अंकशपर्ण

बाँकी ४० पेजमा

## देशव्यापी संघर्ष

**न्यायिकभन्दा ज्यादा राजनीतिक निर्णय जस्तो लाग्ने सर्वोच्चको फैसला सुन्न नपाई काठमाडौंमा अनेरास्ववियुले शुरु गरेको विरोध-आन्दोलन देशभर फैलँदैछ। एमालेसँग निकट अनेरास्ववियु, प्ररायु संघ, नेपाल ट्रेड यूनियन महासंघ र अ.ने. महिला संघको आव्हानमा यही १५ गते 'उपत्यका बन्द'बाट आन्दोलनले फैलावट हासिल गरिरहेको छ। अनेरास्ववियुले अदालतले राजनीतिक तर्कहरुको आधार लिएर कुनै राजनैतिक पार्टीको नेताले झैं निर्णय गरेको आरोप लगाउँदै यस गैरजिम्मेवारपूर्ण निर्णयका विरुद्ध देशव्यापी आन्दोलनको आँधी बेहरी सिर्जना गर्न जनतामा आव्हान गरेको छ।**

**यस आन्दोलनलाई देशका अन्य प्रमुख वामपन्थी पार्टीहरुले पनि साथ दिने स्थिति पैदा भएको देखिएको छ। ❑**




## के भन्छन् वाम-नेताहरु सर्वोच्चको फैसलाबारे ?


- क. शंभुराम श्रेष्ठ (३९ पेजमा)
- क. रोहित/ क. दीनानाथ शर्मा
- क. बाबुराम भट्टराई (४२ पेजमा)
- क. दीपक शर्मा (४० पेजमा)




फोटो : एल्भीस जोशी



फोटो : SPOTLIGHT

# किन रद्द भयो, अरुण-तेस्रो आयोजना ?

विश्व बैंकले एउटा सत्य स्वीकार्‍यो- अरूण-तेस्रो आयोजनामा अघि बढ्नु "नेपालको लागि ज्यादै जाखिमपूर्ण हुनेछ ।" तर विश्व बैंकले यो आयोजनाबाट हात झिक्नुको असली कारण चाहिं त्यसको ठीक उल्टो थियो ।

अरुण-३ खारेजीको वार्स्तविकता र यसका विकल्पहरु ।



विश्व बैंकका अध्यक्ष वोल्फेन्सोन



तलः प्रम अधिकारी

**पोहोर साल गिरिजा सरकारको पालामा जून, १९९४ मा कार्यान्वयन गर्ने टुंगोमा पुगिसकेको नेपालको अहिलेसम्मको सबैभन्दा ठूलो तर सबैभन्दा विवादास्पद अरुण-३ विद्युत आयोजना विश्व बैंकको एकतर्फी निर्णयबाट गएको साउन १७ गते एक्कासी रद्द भएको छ ।**

**साउन १८ गते विहानै बालुवाटारको टेलिफोनको हटलाइनमा नेपालका प्रधानमंत्री मनमोहन अधिकारीलाई विश्व बैंकका नयाँ अध्यक्ष जेम्स डी. वोल्फेन्सोनले आफ्नो अप्रत्याशित निर्णय सुनाए-"बैंक अब अरुण-तेस्रोमा लगानी नगर्ने टुंगोमा पुगेको छ ।"**

**"व्यापक आन्तरिक वादविवादपछि अरुणको पक्षमा हामीले एक वर्षअघि निर्णय लिएका थियौं । त्यो बेला, त्यो निर्णय ठीक वा बेठीक जेसुकै भएतापनि आजको अवस्थामा र मसँग भएका जनाकारीहरुको आधारमा मेरो निष्कर्ष छ- यस आयोजनामा अगाडि बढ्नु नेपालको लागि ज्यादै जोखिमपूर्ण हुनेछ", वोल्फेन्सोनले योजना रद्द गर्नुको सफाइ यसरी पेश गरे ।**

हो, अन्तिम घडीमा आएर विश्व बैंकले नेपाली जनताले धेरै पहिलेदेखि दावी गर्दै आएको एउटा सत्य स्वीकार्‍यो- अरुण-तेस्रो आयोजनामा अघि बढ्नु "नेपालको लागि ज्यादै जाखिमपूर्ण हुनेछ" भनेर । तर विश्व बैंकले यो आयोजनाबाट हात झिक्नुको असली कारण चाहिं त्यो थिएन । असली कारण त्यसको ठीक उल्टो थियो । यो आयोजनामा अघि बढ्नु "विश्व बैंकको लागि चाहिं" ज्यादै जोखिमपूर्ण हुनेछ भन्ठानेर उसले यसबाट हात झिक्ने टुंगो गरेको थियो ।

नत्र नेपालको लागि त यो आयोजना त्यतिखेरै ज्यादै जोखिमपूर्ण थियो, जतिखेर १० वर्षअघि, पंचायत कालमा यसको गर्भाधान भएको थियो । यद्यपि शुरुमा ७६.४ करोड डलरमा अहिलेभन्दा दोब्बर अर्थात् ४०२ मेगावाट विजुली निकाल्ने अरुणको प्रारंभिक आयोजना थियो ।

यो आयोजनाको लागि विश्व बैंकका ऋणका शर्तहरु आफैं नेपालको स्वतन्त्रता र प्रभुसत्ताको लागि ज्यादै जोखिमपूर्ण थिए । ती शर्त स्वीकार्ने हो भने, नेपालको बजेट, योजना र सरकारी खर्चको कुनै पनि कार्यक्रम संवन्धी अन्तिम निर्णय बागदरवारमा होइन, विश्व बैंकको हेडक्वार्टरमा गर्नुपर्थ्यो । नेपालको विस्तृत आर्थिक संरचना र राष्ट्रिय प्राथमिकताको दिग्दर्शन सिंहदरवारबाट होइन, वाशिंगटन डि.सी.बाट हुन जान्थ्यो ।

त्यतिमात्र हैन, नेपालले सानो-ठूलो कुनै पनि विद्युत आयोजना थाल्न समेत आफूखुशी निर्णय गर्न सक्दैनथ्यो, विश्व बैंकको निर्णय पर्खनु पर्थ्यो । नाफादायक नभएको भनेर नेपालको ग्रामीण विकासको मेरुदण्ड ग्रामीण औद्योगीकरण गर्न समेत यसले छेकेवार लगाउँथ्यो । नेपालको विद्युत महशूल कहिले-कहिले, कति कति बढाउने भन्ने कुराको निर्क्योल विश्व बैंकले पहिले नै तोकिदिए मुताबिक गर्नुपर्थ्यो । नेपालको बजार उदारीकरणको नाममा पहिले विदेशी पूँजी र वस्तुको लागि बन्देज र भन्सार महशूल घटाइदिएर नेपाली

बजार खोलीदिनु पर्थ्यो । सार्वजनिक हितका लागि खोलिएका सरकारी संस्थान र उद्योगधन्दाहरु निजीकरण गर्नुपर्थ्यो । जनताको हितको विभिन्न क्षेत्रमा राज्यले दिने अनुदान र क्षतिपूर्ति खत्तम गर्दै लानुपर्थ्यो । यी सबै ज्यादै जोखिमपूर्ण शर्तहरु थिए- विश्व बैंकका ।

अरुण-तेस्रोको विजुली नेपाली जनताले र भारतीय बजारले किन्नै नसक्ने गरी महँगो मोलमा उत्पादन गर्न लागिएको थियो । इन्जिनीयर विकास पाण्डेका अनुसार भारतमा प्रतिकिलोवाट २,०००।- अमेरिकी डलर, चीनमा १,५००।- अमेरीकी डलरमा विद्युत उत्पादन हुन्छ । तर अरुणको विजुली चाहिं भारतभन्दा करीब दोब्बर र चीनमाभन्दा करीब तेब्बर महँगो पर्ने गरी प्रति किलोवाट ३,८००।- अमेरिकी डलरमा उत्पादन गर्न लागिएको थियो । यो विजुली यूरोपका साधारण ग्राहकले किनिरहेको प्रति यूनिट विजुलीभन्दा दोब्बर, भारतकाले भन्दा तेब्बर, र अमेरिकाका ग्राहकले पाएको भन्दा प्रति यूनिट १ रुपियाँ महँगो पर्न जान्थ्यो । यस हिसाबले पनि यो विश्वकै सारै महँगो र त्यस हिसाबले सारै जोखिमपूर्ण आयोजना थियो ।

अरुणमा नेपाल जस्तो अति सीमित स्रोत भएको मुलुकको स्रोतसाधनको सारा अण्डा एउटै टोकरीमा हाल्न लागिएको थियो । नेपालमा सडक पुगिसकेका, संभाव्यता अध्ययनसमेत भइसकेका, देशकै प्राविधिज्ञहरुद्वारा उति नै पैसामा अरुणभन्दा डबल विजुली ४-५ वर्षभित्रै ल्याउन सकिने थुप्रै आयोजनाहरु विद्यमान थिए । तर एक्कैचोटि अरुण नै ल्याउने भनेर विगत दश वर्षमा तीमध्ये कुनै पनि आयोजना कार्यान्वयन गरिएनन् । नेपालजस्तो गरीब मुलुकको ५४ अरब रुपैयाँ अर्थात् सिंगै देशको दुई वर्षको विकास बजेट, अर्को दश वर्षपछि मात्र विजुली आउने र केही गरी अरुण विग्रियो भने, नेपाली पूँजी र नेपाली प्राविधिज्ञले बनाउनै नसक्ने २०१ मेगावाटको एउटै आयोजनामा खन्याउन खोजिएको थियो । यो हिसाबले पनि अरुण तेस्रो आयोजना सारै जोखिमपूर्ण थियो ।

तर यी सारा गंभीर जोखिमहरु हुँदाहुँदै यही विश्व बैंकले पोहोर जेठमा कांग्रेस सरकारसित संखुवासभा जिल्लाको फ्याक्सिन्दामा यो आयोजना बनाइछोड्ने अठोटसहित संझौता गऱ्यो । तत्कालीन गिरिजा सरकारले जनताको व्यापक विरोध हुँदाहुँदै बैंकको दवाबमा राष्ट्रघाती संझौतामा चूपचाप सहीछाप गऱ्यो । पोहोर असारमा संयोगवश संसद विघटन र मध्यावधि चुनावको घोषणा नभएको भए यो संझौता पोहोर नै लागू गर्न शुरु हुन्थ्यो ।

के त्यो स्थितिमा विश्व बैंकले अहिलेजस्तो नेपालको लागि "ज्यादै जोखिमपूर्ण" भनेर नेपालकै चिन्ताले संझौता रद्द गर्थ्यो ? लगानीबाट हात झिक्थ्यो ?

अफ्रिका र ल्याटिन अमेरिकामा विश्व बैंकको निर्मम चर्तिकला र त्यसबाट त्यहाँ भएको देशको र जनताको बर्वादी राम्ररी थाहा पाउनेहरु भन्छन्- कुनै पनि मुलुकको भविष्य "ज्यादै जोखिमपूर्ण" हुनाको कारणले मात्र विश्व बैंकले आफूलाई फाइदाजनक कुनै आयोजनाबाट पनि हात झिक्दैन, झिकेको इतिहास छैन । विश्व बैंककै कारणले वर्वाद भएको ब्राजिल र अनिकालग्रस्त भएको सोमालिया त्यसको ताजा ज्वलन्त उदाहरण हो ।

त्यसैले, नेपाल ज्यादै जोखिममा परेको चिन्ताले विश्व बैंकले अरुणबाट हात झिक्न लागेको अवश्य होइन । विश्व बैंक र अन्य मुलुकहरुको ठूलो लगानी र स्वार्थ निकै जोखिममा परेको कारणले नै यो आयोजनाबाट उसले आफ्नो सहभागिता झिक्न

## अरुण-३ मा कसले कति लगानी गर्दै थिए ?


| लगानीकर्ता | राष्ट्रिय लगानी (U.S. $ मिलियनमा) | वैदेशिक लगानी (करोड U.S. $ मा) | जम्मा | सहयोगको किसिम |
|---|---|---|---|---|
| विश्व वैंक | - | १७५.० | १७५.० | ऋण |
| एशियाली विकास वैंक | - | १२७.६ | १२७.६ | अनुदान |
| के.एफ.डब्लु (जर्मनी) | - | १२४.४ | १२४.४ | ऋण |
| निश्चित हुन बाँकी (जापान) | - | १६३.३ | १६३.३ | ऋण |
| फ्रान्स, स्वीडेन, फिनल्याण्ड | - | ४६.३ | ४६.३ | ऋण |
| नेपाल सरकारको लगानी | १४३.६ | ११.४ | १५५.० | आन्तरिक |
| नेपाल विद्युत प्राधिकरणको लगानी | २९०.७ | - | ९०.७ | आन्तरिक |
| कूल | ४३४.३ | ६४८.० | १०८२.३ | |

**यसमध्येमा २८५.० करोड अमेरिकी डलर (अर्थात् करीब १४ अर्ब रुपियाँ) निर्माण अवधिमा ब्याजमात्रै लाग्थ्यो ।**

(श्रोतः विश्व बैंकका पूर्व कार्यकारिणी बोर्डसमक्ष पेश गरेको प्रतिवेदन, अगष्ट १९९४)

# निरीक्षण नियोगको चर्चित प्रतिवेदन, जसले अरुण-३ खारिज गराउन ठूलै भूमिका खेल्यो

अरूण सरोकार समूहसमेतले विश्व बैंकका विरूद्ध दिएको मुद्दाका आधारमा बैंकको निरीक्षण नियोगले तयार गरेको प्रतिवेदन सार्वजनिक नहुँदै अरूण-३ रद्द भएपछि उक्त प्रतिवेदनबारे व्यापक खुलदुली जागेको छ। **मूल्याङ्कन**लाई प्राप्त जानकारीअनुसार उक्त प्रतिवेदनमा मूलतः निम्नलिखित निष्कर्षहरू निकालिएका छन्:



**निष्कर्षहरु :**

**❑ वातावरणीय प्रभाव मूल्याङ्कन पर्याप्त नभएको तथा त्यस क्षेत्रका जीवजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षण गर्न पर्याप्त उपायहरु अवलम्बन गर्न बाँकी रहेको ।**

**❑ हिमताल विष्फोटन हुने तथा बाढी आउने जोखिम निश्चित भएकाले यसका बारेमा विस्तृत अध्ययन गर्नु आवश्यक भएको ।**

**❑ तल्लो बाटो बनाउँदा बढी बाढी पैहोको प्रकोप भएकोले बाटो मर्मत गर्ने ठाउँसम्म मर्मत-यन्त्र तथा मोटरहरु पुग्न सक्ने कुरा निश्चित नगर्ने हो भने गम्भीर रुपमा आयोजना ढीलो हुन गई ज्यादै लागत बढ्ने भएकोले यसका निमित्त विशेष कोषको व्यवस्था गर्नुपर्ने ।**

**❑ विस्थापित परिवारहरुले पुनर्व्यवस्थापनका निमित्त सहयोगको आशा गरेको तर नपाएको ।**

**❑ अरुण उपत्यकाका विस्थापित हुने तथा अन्य अधिकांश जनताका निमित्त रोजगारी तथा तालिमको आवश्यकतालाई पर्याप्त मात्रामा ध्यान नदिएको ।**

**❑ बैंकले पुनर्व्यवस्थापन सम्बन्धी पालना गर्नै पर्ने नीति-नियमहरु उल्लंघन गरेको ।**

**❑ कुन जग्गा प्राप्त गर्ने हो र कुन होइन, तथा पहिले पाएको मुआब्जा पाइसकेका तथा पाउन बाँकी रहेकाहरुको निश्चित जीवनस्तरको संरक्षण गर्नुपर्ने तथा पहिले अधिग्रहण गरे पनि प्रयोग नभएका जग्गाहरु पहिलेकै जग्गावालाले पुनः प्राप्त गर्ने स्थिति सृजना गर्नुपर्ने ।**

**❑ जग्गाको सट्टा जग्गा नै क्षतिपूर्ति दिनु पर्ने बैंकको नीतिलाई उल्लंघन गरिएको ।**

**❑ अरुण उपत्यकाका सम्पूर्ण बासिन्दाहरुका लागि सार्वजनिक परामर्श कार्यक्रममार्फत आयोजनामा उनीहरुको सु-सूचित सहभागिता निश्चित गर्नुपर्ने, भूमि स्वामित्वको सुरक्षा गरिनु पर्ने तथा क्षेत्रीय कार्ययोजनामा उपयुक्त सामाजिक एवं सांस्कृतिक सवालहरु समावेश गरिनु पर्ने ।**

**❑ आयोजनाको मेरुदण्डको रुपमा रहेको क्षेत्रीय कार्य योजनाका लागि आवश्यक स्रोत अन्य दाताहरुबाट जुटाउनु पर्ने भएकोले आयोजना कालभरिलाई आवश्यक पर्ने पर्याप्त स्रोतको ग्यारेण्टी पहिले नै गरिनु पर्ने ।**

**❑ यस योजनामा संलग्न विभिन्न संस्था र एजेन्सीहरुबीच समन्वय गर्ने पर्याप्त क्षमता नदेखिएको ।**

**❑ यसर्थ, अरुण-३ मा लगानी गर्नुपूर्व क्षेत्रीय कार्य योजनालाई पुनः तयार गरी विस्तृत गरिनु पर्ने ।**

**❑ आयोजनालाई निर्धारित समयमा कार्यान्वयन गर्ने संस्थागत क्षमताको अभाव रहेकाले यसको विकासका लागि पर्याप्त धनराशीको व्यवस्था हुनु पर्ने ।**

**❑ यी माथिका कार्यहरु पूरा गर्न तथा उल्लंघन गरिएका नीतिहरु सच्याउन बैंक व्यवस्थापनले अघि सारेका विभिन्न उपायहरुको प्रभावकारी कार्यन्वयन हुन्छ भन्ने कुराको ग्यारेण्टी गरिनु पर्ने ।**

**❑ यी सबै कुराहरु पूरा हुने निश्चित नगरिकन अरुण-३ आयोजनालाई लगानीसम्बन्धी आवश्यक निर्णयका निमित्त बैंकको कार्यकारी निर्देशकहरुसमक्ष पेश नगर्ने ।**

(*स्रोत :* Inspection Panel Investigation Report, June 21, 1995, IDA Credit-2029-Summary, pp. 1-5)

# कति विदेशी ऋण बढाउँथ्यो अरुण-३ ले ?

सन् १९७० को दशकतिर नेपाललाई ऋणभन्दा अनुदान बढी आउँथ्यो । तर यो क्रम घट्दै गयो । आर्थिक वर्ष १९७४।७५ मा आन्तरिक तथा बाह्य ऋण हाम्रो कूल बार्षिक आम्दानीको ४.५७% थियो । तर नेपालको सार्वजनिक ऋण अहिले बढेर कूल बार्षिक आम्दानीको ६३.८% पुगेको छ । यदि यसमा अरुण-३ को ऋण र ब्याज थपिएको भए विदेशी ऋणको भार करीब ३०% ले बृद्धि हुने अनुमान थियो ।

गत ४० वर्षसम्म विदेशी सहयोग र प्रोजेक्ट आइरहँदा पनि देश झनझन् ऋणमा डुब्नु र विकासको सट्टा अझै पनि नेपाल संसारको सबैभन्दा गरीब देशमध्ये एक हुनुले पनि देखाउँछ कि- अरुण-३ नेपाललाई सेतो हात्ती हुने थियो । त्यसलाई न पाल्न सकिन्थ्यो, न फाल्न । स्मरणीय छ, अहिले नै नेपालको विदेशी ऋण ११२ अर्ब ६० करोड, र आन्तरिक ऋण २८ अर्ब २५ करोडभन्दा माथि छ । यो ऋण भाग लगाउने हो भने प्रत्येक नेपालीको थाप्लोमा सरदर करीब रु. ७,०४२/- छ ।

**कसरी बढिरहेछ, नेपालको कूल आम्दानीमा आन्तरिक तथा बाह्य ऋणको मात्रा ?**

| | |
|---|---|
| १९७४/७५ | ४.७५% |
| १९८४/८५ | ४०.५१% |
| १९८८/८९ | ३९.८% |
| १९८९/९० | ४४.७% |
| १९९०/९१ | ४८.८% |
| १९९१/९२ | ६०.८% |
| १९९२/९३ | ६३.८% |

*(श्रोत: नेपालस्थित आई.आई.डी.एस्. र अन्तर्राष्ट्रिय मुद्रा कोषको अध्ययनमा आधारित)*

लागेको हो ।

के थिए त विश्व बैंकका ती जोखिमहरु ?


**विश्व बैंकका जोखिमहरु :**

अरुण तेस्रो आयोजना विश्व बैंकका निम्ति नेपालमा "ढाँचागत समायोजन कार्यक्रम" प्रवेश गराउने मूल प्रवेशद्वार थियो ।

"ढाँचागत समायोजन कार्यक्रम" हरेक देशको पूँजी र वस्तुको बजारलाई विकसित पूँजीवादी मुलुकहरुको निम्ति खुला र अनुकूल गराउने, हरेक देशको अर्थतन्त्रमा त्यो देशको सरकारको पकड खुकुलो गराउने र पूँजी एवं प्रविधि दुवैका लागि पश्चिमेली मुलुकप्रति अत्यधिक निर्भर गराउने प्रभावकारी कार्यक्रम हो- साम्राज्यवादी मुलुकहरुको । यस अन्तर्गत अरु देशको आर्थिक ढाँचा- पश्चिमेली पूँजीवादी मुलुकहरुको पूँजी, तयारी माल र प्रविधि निर्यातको लागि सारै अनुकूल हुने गरी समायोजन वा हरेफेर गर्न लगाइन्छ । यसैलाई उनीहरु "ढाँचागत समायोजन" भन्छन् ।

"ढाँचागत समायोजन" अन्तर्गत आयातमा "उदारवाद" अपनाऊ र भन्सार घटाऊ भनिन्छ, ता कि- भन्सार महशूल घटाइनाले विदेशी तयारी वस्तुहरु निकै सस्तोमा त्यो देशको बजारमा छिर्न सक्छन् र राष्ट्रिय उत्पादनलाई बजार प्रतिस्पर्धामा पछार्न सक्छन् । उनीहरु "बैंक र सरकारी संस्थानहरुलाई निजीकरण गर भन्छन् ता कि- विदेशी पूँजीले त्यो देशको राज्यसित प्रतिस्पर्धा गर्न नपरोस् र राज्यको पंजामा भएका सेवा र उत्पादनमा पनि निष्फीक्री लगानी गर्न सकियोस् । उनीहरु "निर्यातमूलक खेती र उद्योग विकास गर" भन्छन्, ता कि- अविकसित देशका सस्तो श्रम र सस्तो कच्चा पदार्थबाट उत्पादित वस्तुहरु वालछ्याल परिमाणमा विकसित देशमा ओइरियोस् र तिनीहरुको आपूर्ति धेरै हुनाले तिनीहरु आफ्नो देशमा सारै सस्तोमा मिलून् । उनीहरु "राज्यले अति जरुरी सेवाहरुमा अनुदान दिन बन्द गर" भन्छन्, ता कि- त्यो देशको अर्थतन्त्रको विकासमा, मौद्रिक नीतिमा र जनतामा राज्यको नियन्त्रण सारै खुकुलो बन्दै जाओस् र त्यो पकड पूँजीपति वर्गको र बजारको हातमा आओस् । उनीहरु समुदायमा आधारित अर्थतन्त्रलाई खत्तम गर भन्छन्, ता कि- हरेक समुदाय विश्व बजारको उपभोक्ताको रुपमा बदलियोस् र सारा ठाउँ विश्व बजारको एउटा अंग बनोस् । यस प्रकार "ढाँचागत समायोजन कार्यक्रम" साम्राज्यवादीहरुको नवउपनिवेशवादी जाल हो, जसबाट उनीहरु कुनै पनि देशको समूचा अर्थतन्त्रलाई र राजनीतिलाई घुमाउरो तरिकाबाट आफ्नो मुठीमा लिन्छन् ।

नेपालमा पनि अरुण-तेस्रोको लागि विश्व बैंकले राखेका ऋणका शर्तहरु यही "ढाँचागत समायोजन कार्यक्रम"को चरित्र मुताबिक देखिन्छन् । विश्व बैंकलाई उसको लगानी डुब्ला वा नउठ्ला भन्ने चिन्ता छ भने, उसको लगानी नडुब्ने कुरा सुनिश्चित हुने शर्तहरु आउनु स्वाभाविक हुन्छ र त्यो बुझ्न सकिने कुरा हो । तर ऋणका शर्तहरुमा कुनै पनि देशले उसको बजेट योजना र समूचा अर्थतन्त्रको लगाम नै विश्व



अरूण नदी : जसको बगिरहेको पानीलाई सदुपयोग कहिले र कसरी गर्ने ?- विवादको जरो ।

बैंकलाई सुम्पनुपर्छ भन्छ भने,- त्यसलाई कुन अर्थमा बुझ्ने ? त्यसको नियत के ठान्ने ? एउटा विद्युत आयोजनाको ऋणको शर्तमा "आयातमा उदारवाद अपनाऊ", "निर्यातमूलक उद्योग र खेती विकास गर", "हामीलाई नसोधी अरु विद्युत आयोजनामा हात नहाल", "सरकारी उद्योगको राष्ट्रियकरण गर" भन्छ भने त्यसको नियत के बुझ्ने ?

त्यसैले "दाता राष्ट्र" भनिइने पश्चिमेली साम्राज्यवादी मुलुकहरु कुनै पनि देशको समूचा स्वार्थ अनुकूलको अर्थतन्त्र उनीहरुको र उनीहरुले तयार गरी दिएको प्रेस्क्रीप्शन अनुकूलको ढाँचाको होस् भनेर ,मरिहत्ते गर्छन् । आफ्नो ऋण र अनुदानलाई उनीहरु यही उद्देश्य पूरा गर्ने माध्यमको रुपमा प्रयोग गर्छन् । अरुण-३ मार्फत पनि उनीहरुले नेपालमा त्यही गर्न खोजेका थिए । अरुण-३ मा उनीहरुले लगानी गर्ने कि नगर्ने भन्ने विवाद वास्तवमा र चूरोमा नेपालको राज्यलाई यही "ढाँचागत समायोजन कार्यक्रम"को फेरोमा पूरापूर ल्याउन सकिन्छ कि सकिन्नको विवाद थियो ।

विश्व बैंकको दवाबमा १९८६ देखि अर्थात् २०४३ सालदेखि नेपालमा "ढाँचागत समायोजन कार्यक्रम" केही हदसम्म लागू गर्न शुरु गरिएको थियो । तर त्यो पूरापूर लागू हुन सकेको थिएन । पूरापूर लागू गर्नको लागि विश्व बैंक अरुण-तेस्रोलाई मूल प्रवेशद्वार बनाउने चाहन्थ्यो । अरुण-तेस्रोका पछाडि कथित 'दाता राष्ट्रहरु' को मूल स्वार्थ यही थियो ।

धेरैलामो प्रयत्नपछि पोहोर उनीहरु कांग्रेस सरकारलाई 'ढाँचागत समायोजन कार्यक्रम" पूरापूर लागू गराउने सवालमा मनाउन समर्थ भएका थिए । त्यसैले पोहोर जेठमा कांग्रेस सरकारसित संझौता संपन्न हुनगएको थियो र कांग्रेस सरकारले त्यतिखेर विश्व बैंकका सारा राष्ट्रघाती शर्तहरुलाई बिना आनाकानी मानिदिएको थियो ।

तर विश्व बैंकलाई लगानीको निम्ति जोखिम खडा गऱ्यो- पोहोर आषाढको अकस्मात संसद विघटन र मध्यावधि चुनावको घोषणाले ।

त्यसमाथि थप, मध्यावधि चुनाव हुन एक महीना बाँकी रहँदै एमालेका महासचिव माधवकुमार नेपालले अक्टोबर १८, १९९४ मा एउटा कडा चिट्ठी लेखे- विश्व बैंकको नाममा ।

त्यस पत्रमा महासचिव नेपालले विश्व बैंकलाई मध्यावधि चुनाव नसकिएसम्म र नयाँ सरकार गठन नभएसम्म अरुण आयोजनाको काम अगाडि नबढाउन प्रस्तावित गरेका थिए । सरकारमा एमाले आयो भने उसले आयोजनाको "पुनर्मूल्याङ्कन" गर्ने प्रतिवद्धता पनि त्यस चिट्ठीमा जाहेर गरिएको थियो ।

यो चिट्ठी पठाइएको दुई हप्ता पनि नबित्दै अरुण-तेस्रो आयोजनालाई नै लिएर दुई वटा महत्वपूर्ण मुद्दा दायर भए । एउटा विश्व बैंकको भर्खरै सेप्टेम्बर १ मा गठित "स्वतन्त्र निरिक्षण प्यानेल" समक्ष- विश्व बैंकले अरुण तेस्रोमा आफ्नै नीति र प्रक्रिया

**नेपालकै अरू आयोजनाको तुलनामा अरूण-३ को विद्युत कति महँगो हुन्थ्यो ?**

| | |
|---|---|
| खिम्ती आयोजना | करीब २००० U.S.$ प्रति किलोवाट |
| झिमरुक आयोजना | करीब १६००-१७०० U.S.$ प्रतिकिलोवाट |
| आँधीखोला आयोजना | करीब १००० U.S.$ प्रतिकिलोवाट |
| तर | |
| अरुण-३ आयोजना | करीब ३८०० U.S.$ प्रतिकिलोवाट |

*(श्रोतः इन्जिनियर विकास पाण्डे, मूल्याङ्कन, अंक १७, फागुन, २०५०)*

## के के थिए, अरुण-३ का सारै राष्ट्रघाती पूर्वशर्तहरु ?

❑ विश्व बैंकलाई चित्तबुझ्दो हुने गरी नेपालको सरकारी खर्चसम्बन्धी कार्यक्रम (बजेट र योजना) लाई अन्तिम रुप दिइनु पर्ने ।
❑ हरेक चालु वर्षको सरकारी कार्यक्रमका साथसाथै सरकारको आय-व्ययसम्बन्धी योजनाको बृहत आर्थिक संरचनाबारे विश्व बैंकले सरकारसित बसेर हरेक वर्ष पुनरावलोकन गर्न पाउनु पर्ने ।
❑ विद्युत प्राधिकरणले १० मेगावाटभन्दा ठूला नयाँ आयोजनामा लगानी गर्नुभन्दा पहिले विश्व बैंकको पूर्व स्वीकृति लिनु पर्ने ।
❑ नेपाल सरकारले विश्व बैंकसित भएका वित्तीय अनुबन्धहरु मुताविक विद्युत महशूल र अन्य महशूलहरु बढाउनु पर्ने । यस क्रममा कम्तिमा पनि १९९४/९५ मा ३८%, १९९६ मा २६%, १९९७ मा २५%, १९९८ मा ४%, १९९९ मा १३%, २००१ मा १०% र २००४ मा १०% महशूल विश्व बैंकले तोके अनुसार बढाउनु पर्ने ।
❑ ग्रामीण विद्युतीकरणलाई नाफादायक नभएको आधारमा निरुत्साहित गर्नु पर्ने ।

(स्रोत: Staff Appraisal Report, August 1994, p. 52.)

समूहको, जसले अरुणको बारे नेपाली जनतालाई सजग गराउने भूमिका खेलिरहेको थियो ।

कार्तिक २९ गतेको मध्यावधि चुनावबाट, नभन्दै, एमालेको नयाँ सरकार सत्तामा आयो, जो हिजोसम्म आफ्नो चुनावी घोषणा-पत्रमा अरुण-तेस्रोको विरोध गरिरहेको थियो । त्यस सरकारमा तिनै माधवकुमार नेपाल, पदले दोस्रो, वास्तविकतामा सबैभन्दा शक्तिशाली, कार्यभार सम्हालिरहेका थिए, जसले हिजो बैंकलाई आफू सरकारमा आएमा अरुणको पुनर्मूल्याङ्कन गर्ने जनाउ दिएका थिए ।

यो बैंकको लागि अर्को ठूलो जोखिम थियो ।

नेपालको दृश्य छर्लङ्ग नभएकाले नोवेम्बर ३ मा अरुणबारे निर्णय गर्न बस्ने भनिएको निर्देशकहरुको शक्तिशाली बोर्डको बैठकलाई पछि सारियो, जुन पछि कहिल्यै बसेन ।

उता नयाँ सरकारले आफ्नो नयाँ धारणा विश्व बैंकसमक्ष पेश गर्न जलस्रोत राज्यमंत्री हरि पाण्डेको नेतृत्वमा एउटा उच्चस्तरीय प्रतिनिधि मण्डल माघ ९ गते वाशिंगटन पठायो । तर हरि पाण्डेको टोलीले सस्तो लागतमा सरकार आफैंले तल्लो बाटो बनाउने, १० मेगावाट भन्दा माथिको आयोजना सरकारले बनाउन पाउने र विद्युत महशूल पनि सरकारले आफ्नो सक्षमता बढाएर घटाउन पाउने कुरा मात्र बैंकसमक्ष उठायो । अरु खतरनाक राष्ट्रघाती शर्तहरुबारे कुनै आपत्ति उठाइएन । तर त्यत्ति कुरा पनि बैंकले मानेन ।

बैंकले सरकारलाई, उल्टो, फागुन १६ अर्थात् फरवरीको अन्तसम्ममा अरुण-तेस्रोबारे नेपाली कांग्रेसको सरकारले गरेको संझौतालाई नै 'हुन्छ' कि 'हुन्न' मा जवाफ दिन अन्तिम हद्म्याद दियो ।

यो हद्म्यादपछि बैंकसँग व्यवहार गर्ने जिम्मेवारी अरुण-तेस्रोबारे केही आलोचनात्मक सोच राख्ने जलस्रोत मंत्री हरि पाण्डेको हातबाट खोसियो । यसको लगाम अर्थमंत्री भरतमोहन स्वयम्ले लिए, जसले तोकिएको अन्तिम तिथिमा बैंकलाई पहिलाका आफ्ना सारा अडान छोडेर 'हुन्छ'को जवाफ पठाए, तर हरि पाण्डेले उठाएका सवालमा पुनर्विचार गरीदिन पुनः अनुरोध गर्दै ।

बैंकले तुरुन्तै सस्तो बैकल्पिक बाटोको बारेमा पुनर्विचार गर्न तम्तयारी त देखायो, तर त्यसो गर्ने हो भने, बैंकले कहिले ऋण दिने हो, त्यो निश्चित नहुने र अरुणबारे नयाँ समीक्षा र खोजीनीतिको काम फेरि गर्नुपर्ने बतायो । उसले नेपाली सरकारलाई पुरानै कांग्रेसको सरकारले गरेको संझौता हूबहुँ मानेर जाने कि- नयाँ सोच अनुसार जाने, दुईमध्ये एक बाटो तुरुन्त छनौट गर्न र दुई अर्थ नलाग्ने भाषामा जवाफ दिन अह्रायो ।

त्यसपछि एमाले सरकारले आफ्नो पूर्व अडानहरु संपूर्ण रुपमा छोडेर १८० डिग्री कोल्टे फेऱ्यो । उसले बैंकलाई सूचना गऱ्यो कि जून १९९४, अर्थात् पोहोर जेठमा, कांग्रेस सरकारसित बैंकले गरेका सारा संझौता उसलाई मंजूर छ र सरकार त्यसलाई मानेर जान दृढतासाथ प्रतिवद्ध छ । बरु सरकारले आयोजनाको काम तीव्र गतिमा बढाउन बैंकलाई अपील गऱ्यो ।

तर त्वम् शरणम गर्दै एमाले सरकारले यति हदसम्म तल ओलँदा पनि बैंक भने संतुष्ट भएन । उसको सबैभन्दा धेरै असंतुष्टि एमालेको द्वैत व्यवहार र उसको नयाँ बजेटप्रति रह्यो ।

एमाले सरकारले एकातिर जून १९९४ को कांग्रेसी संझौता हुबहू स्वीकाऱ्यो । अर्कोतिर, हामीले विश्व बैंकका खतरनाक शर्तहरु हेरफेर गराउन सफल भयौं भन्ने प्रचार पनि गर्न थाल्यो । संझौता विपरीत उसले १० मेगावाटभन्दा ठूला आयोजनाहरु छान्न र हात हाल्न पनि थाल्यो । बचन मिचेवापत; अर्को, नेपालको सर्वोच्च अदालतसमक्ष, अदालतको पूर्वफैसला अनुसार विश्व बैंक र अरुण तेस्रो संवन्धी संपूर्ण गोप्य कागजात र सूचनाहरु तुरुन्त प्राप्त गर्नको लागि । दुवै मुद्दाको निम्ति पहल थियो- अरुण सरोकार

**जनताको तीव्र विरोधले गर्दा खारेज भएको विश्व बैंकको अर्को परियोजना**

## भारतको नर्मदा बाँध

सरदार सरोबर भारतको उत्तर-पश्चिमस्थित नर्मदा नदीमा तर्जुमा गरिएको संसारको सबैभन्दा ठूलो बाँध परियोजना हो । यसको लक्ष्य लाखौं हेक्टर जग्गामा सिंचाइ गर्ने, ७५ हजार किलोमिटर बराबरका नहरहरु बनाउने, ४ करोड जनतालाई पानीको व्यवस्था गर्ने र विद्युत उत्पादन गर्ने रहेको थियो । तर यस आयोजनाले १ लाख मानिसहरुलाई विस्थापित गर्ने र अरु लाखौंलाई प्रभाव पार्दथ्यो । विश्व बैंकले सन् १९८५ मा २५ अर्ब ने.रु. बराबरको ऋण दिन मञ्जुर गऱ्यो । तर यो बृहत विकास आयोजना र यसमा बैंकको भूमिकालाई लिएर भारतीय जनताबाट चर्को विरोध शुरु भयो ।

यस आयोजनाले त्यहाँको मानव वस्ती र प्रकृति तथा वातावरणमा पर्ने गम्भीर असर तथा परिणामहरुको स्वतन्त्र अध्ययन गरी त्यसका निमित्त चालिनु पर्ने कदमहरुबारे सुझावसहितको प्रतिवेदन पेश गर्नका निमित्त विश्व बैंकले पहिलो पटक जून, १९९१ मा संयुक्त राष्ट्र संघका भूतपूर्व सहायक महासचिव तथा सं. रा. संघीय विकास कार्यक्रमका प्रमुख ब्राडफोर्ड मुर्सको अध्यक्षतामा एउटा आयोग गठन गऱ्यो । आयोगले विश्व बैंक तथा भारत सरकारका कमजोरी, त्रुटी र हेल्चेक्र्याईलाई जनसमक्ष उदांग पारी विभिन्न सुझावहरु पेश गऱ्यो । यसपछि विश्व बैंकको लगानी नीति र आयोजनामा यसको संलग्नतालाई लिएर बैंकका विरुद्ध विश्वव्यापी विरोध अरु तीव्र भयो ।

अन्त्यमा, यो आयोजनालाई लिएर भारत सरकार र विश्व बैंकबीच विवाद चर्क्यो । भारतले पछि विश्व बैंकको सहयोगबिना नै आयोजनाको निर्माण कार्य जारी राख्ने निर्णय गऱ्यो । विश्व बैंकले नर्मदा बाँध आयोजनाबाट हात त झिक्यो तर पनि यस आयोजनालाई त्यस स्थितिसम्म ल्याउन र लाखौं नर्मदावासीहरुको भविष्य बर्वाद गर्नमा विश्व बैंकको नैतिक जिम्मेवारी भएकोले उसले त्यसबापत क्षतिपूर्ति दिनु पर्ने माग अहिले प्रशिद्ध लडाकु नेतृ मेधा पातकरको नेतृत्वमा संचालित 'नर्मदा बचाओ' आन्दोलनले गरिरहेको छ । आयोजनाको विषयलाई लिएर हालसालै भारतको सर्वोच्च अदालतले एक फैसला गर्दै आयोजनासम्बन्धी भएका पछिल्ला अध्ययन र प्रतिवेदनहरु जनसमक्ष ल्याउन आदेश दिएको छ ।

विश्व बैंकले हात हालेका यस्ता शयौं बृहत् आयोजनाहरु आज संसारभरि नै जनताको आक्रोशको तारो बन्ने गरेका छन् । त्यसको एउटा मुख्य कारण भनेको यस्ता आयोजनाहरुले ल्याउने देश र जनताको भविष्यको बर्वादी, विकासका नाममा विदेशी ऋणको पासो र स्थानीय जनताको विस्थापन र बेहाली हो ।

(*तथ्य तथा तथ्याङ्क:* Sardar Sarovear, The Report of the Independent Review, by Bradford Morse & Thomas R. Berger, Pune, India, 1992)




'नर्मदा बचाओ' आन्दोलनको क्रममा धर्ना दिइरहेका जनताहरु र नेतृ मेधा पाटकर



# अरुण-३ पछि अब विकल्प के ?

गोपाल सिवाकोटी चिन्तन





अमेरिकामा विश्व बैंक अगाडि १९९४ जुलाईमा अरूण-३ बारे प्रवचन दिँदै लेखक

अरुण-३ भन्दा पहिले, पछि र अहिले पनि नेपालमा सस्ता एवं भरपर्दा विकल्पहरु थिए । तर जसरी भए पनि अरुण-३ ल्याउनका लागि ती सबै बाटाहरु बन्द गरिए । तर अन्ततः अरुण-३ नै रद्द हुन पुग्यो । मूल रुपमा उर्जा विकासका निम्ति देशको वास्तविकता सुहाउँदो दीर्घकालीन रणनीति र राष्ट्रिय दृष्टिकोणको अभाव देखियो । "कोशेली विकास" को मानसिकता, हचुवा विद्युत नीति एवं आवश्यक गृहकार्यको अभावले आज एक पछि अर्को आयोजनामा नेपालले मार खाँदै आउनु परेको छ । अन्त्यमा अरुण-३ मा हामीले जसरी मार खायौं, त्यो पनि त्यसैको उपज मात्र हो ।

### विद्युतसम्बन्धी हाम्रा नीति र योजनाहरु के हुनु पर्दछ ?

विगतका गल्तीबाट पाठ सिक्ने हो भने, अब हामीले नेपालमा विद्युत क्षेत्रको विकास सम्बन्धमा यथार्थवादी सोच विकास गर्नु जरुरी छ । हचुवामा अगाडि बढ्ने र जे जसरी भए पनि विदेशकै भर परेर मात्र हाम्रो विद्युत क्षेत्रको विकासबारे सोच्ने- यी दुबै प्रवृत्तिहरुलाई हामीले अरुण-३ को अवसान संगसंगै सँधैका लागि विदाइ गर्नु अत्यावश्यक छ ।

नेपालको अहिलेको वास्तविकतालाई ध्यानमा राख्दा विद्युत क्षेत्रको विकास सम्बन्धमा हाम्रा नीति र योजनाहरु निम्नानुसार हुनुपर्ने देखिन्छ । यी नीति र योजनाहरुलाई राष्ट्रिय बहसको विषय बनाउनु पनि त्यत्तिकै आवश्यक देखिन्छ ।

*१. विद्युतसम्बन्धी छुट्टै क्षेत्रगत (Sectoral) दीर्घकालीन योजना र रणनीति विकास गर्नु पर्दछ ।*

*२. देशभित्रै उपलब्ध, तर छरिएर र निष्क्रिय रहेको नेपाली नागरिकहरुको बचत तथा पूँजीलाई विद्युत विकासको निम्ति राज्यकोषमा जम्मा गर्न सरकारले आकर्षक ब्याज दरमा जलविद्युत विकास धितोपत्र (Hydropower Development Bond) जारी गरी "जलविद्युत विकास कोष" स्थापना गर्नु पर्दछ । विदेशबाट पनि उचित शर्तमा आउने कुनै पनि ऋण-सहायता वा अनुदानलाई पनि यसै कोषमा जम्मा गरिनु पर्दछ ।*

*३. स्थानीय व्यवस्थापन, स्थानीय नियन्त्रण र स्थानीय उपभोगको नीतिका आधारमा सरकारले ग्रामीण विद्युतीकरणलाई प्राथमिकता दिई अभियानको रुपमा अघि बढाउनु पर्दछ । सरकारले यसका लागि आवश्यक प्राविधिक एवं वित्तीय सहयोग प्रदान गरी उत्पादित विद्युतको न्यूनतम खरिद दरसमेत तोकिदिनु पर्दछ ।*

*४. सरकारले संभाव्यता अध्ययन पुरा भइसकेका तथा प्रवेश मार्ग समेत पुगिसकेका साना तथा मझौला विद्युत आयोजनाहरुलाई अहिलेको चरणमा पहिलो प्राथमिकता दिनु पर्दछ । यसमा देशभित्रै उपलब्ध प्राविधिकहरुको अधिकतम परिचालनद्वारा यी आयोजनाहरुको निर्माण गर्नु पर्दछ । यसरी आत्मनिर्भरतामुखी राष्ट्रिय क्षमताको विकास सँगसँगै देशले धान्न सक्ने बृहत् आयोजनाहरुलाई अघि बढाइनु पर्दछ ।*

*५. विद्युत विकासको उपरोक्त नीति र संरचनाभित्र सरकारले स्वदेशी एवं विदेशी दुबै निजी क्षेत्रलाई आकर्षित गर्नु पर्दछ । त्यसका निम्ति छुट्टै विद्युत*

अनुरुप न त उसले सरकारी संस्थानहरुलाई भटाभट निजीकरण गर्‍यो, न आयात उदारीकरण नै पूरापूर गर्‍यो ।

नयाँ बजेटमा एमाले सरकारले खर्च गर्ने ठाउँ धेरै बढायो, तर राजस्वको स्रोतहरु भने धेरै निचोर्‍यो । "ढाँचागत समायोजन कार्यक्रम"लाई बजेटमा उसले राम्ररी लागू गरेन ।

जापानी राजदूत शिगेनोबु योशिदाले त 'Spotlight Weekly' को अगस्त ११ को अन्तर्वार्तामा प्रष्टै कुरा राखे- "**वर्तमान बजेटले भविष्यको परिणामबारे केही चिन्ता पैदा गरेको छ । एमाले सरकारले बजेटमा व्यवस्था भएअनुसार खर्च गर्ने योजना जारी राख्छ भने, त्यसको परिणाम चासोको विषय हुनेछ ।**"

उनले प्रष्टै भाषामा भने- "**...एमालेले अरुण आयोजनाबारेमा केही भिन्न सोचहरु अभिव्यक्त गर्‍यो । पछि उसले पछिल्लो समयसम्म पनि आफ्नो अडान स्पष्ट पारेन । यी सबै कुराले बैंक र सरकारका निम्ति ठूलो अवसर गुम्ने स्थिति ल्यायो ।**"

विश्व बैंक स्वयम्ले पनि यही श्रावण १९ गतेको वक्तव्यमा अरुण आयोजनाबाट हात झिक्नुका तीन वटा प्रमुख कारणमध्ये एउटा प्रमुख कारणलाई यसरी प्रष्ट्याएको छ- "**सरकारले गर्नुपर्ने कतिपय कुराहरु गरेको छैन । यी निर्णयहरु हुन् : विद्युत महशूल व्यवस्थित गर्नु, खर्चमा प्राथमिकता निर्धारण गर्नु.....**"

यस प्रकार, एमाले सरकारले के भन्छ र के गर्छ- त्यसबारे अस्पष्टता र अन्यौल व्याप्त हुनु विश्व बैंकको लगानी र स्वार्थपूर्तिको निम्ति एउटा ठूलो जोखिमको विषय बन्यो । फेरि नेपालमा पुनः मध्यावधि चुनावको घोषणा र चुनावबाट एमालेकै सरकार आउने टड्कारो संभावनाले पनि यो जोखिममा थप बल प्रदान गरेको हुन संभव छ ।

तर जोखिमहरु यति मात्रै थिएनन् ।

यतिखेरै नेपाली कांग्रेसको धेरै भरोसिलो मित्र र अरुणका निम्ति एक मात्र अनुदानदाता जर्मनीले "नेपालसित अरुण जत्रो ठूलो आयोजनाको व्यवस्थापन र नियन्त्रण गर्ने क्षमता नै विद्यमान छैन" भन्ने कारण देखाएर १२ देखि १८ महीनासम्म आफूले बचन दिएको अनुदान दिन नसक्ने कुरा बतायो । १२.४ करोड डलरको यो अनुदान रोकिनुले पनि आयोजनालाई अरु जोखिमपूर्ण बनायो ।

अरुण-तेस्रोको राष्ट्रघाती शर्तका विरोधमा नेपाली जनतामा बढ्दो भावना र यसको विरुद्ध क्रियाशीलता, जोखिमको अर्को ठूलो कारकतत्व देखिन्छ । किनभने, यसले बैंकका विश्वासनीयता र छवि निकै बिगार्दै लगिरहेको थियो ।

विश्व बैंक स्वयम्ले आफ्नै नीति र प्रक्रिया मिचेकोमा नेपाली जनताको तर्फबाट हालिएको मुद्दाले पनि निकै ठूलो जोखिम खडा गर्‍यो । विश्व बैंकका डाइरेक्टरहरुको बोर्डले यो कुरा हो कि होइन, त्यसको निरीक्षण गर्न प्यानेललाई गएको माघ १९गते अख्तियार सुम्पियो । गएको असार ७ गते त्यसले बोर्डसमक्ष बुझाएको प्रतिवेदनमा थुप्रै प्रमाणहरुसहित यो सावित गरेको छ कि- बैंकको व्यवस्थापनले अरुणमा आफ्नै कैयन नीति र निर्धारित प्रक्रियाहरुलाई मिच्ने काम गरेको छ । र, त्यसलाई सच्याएर मात्र अरुण-तेस्रो आयोजना अघि बढ्न सक्छ र त्यो सच्याउन बैंकलाई ४-५ बर्ष थप समय र ४-५ करोड डलर थप लगानी गर्न जरुरी देखिन गयो ।

यसले बैंक व्यवस्थापनलाई निकै समस्याग्रस्त स्थितिमा धकेलिदियो । बैंक व्यवस्थापनले बैंकको निर्धारित प्रक्रिया अनुसार प्यानेलको रिपोर्ट पेश भएको छ हप्ताभित्र अर्थात् यही श्रावण १६ गते प्यानेलको रिपोर्टमा आफ्नो रायसहित विश्व बैंकका डाइरेक्टरहरुको बोर्डसमक्ष आफ्नो प्रतिवेदन पेश गर्नुपर्थ्यो । तर यसो गर्दा दुई वटा गंभीर जोखिमहरु प्रष्टै थिए- एउटा, विगतका सारा नीति र प्रक्रियाहरुको उल्लंघनको पर्दाफास हुन जाने; अर्को, अरुण आयोजना ढिलाइ हुनुको सारा दायित्व र अबगाल बैंक व्यवस्थापनले उठाउनु पर्ने ।

त्यसैले, यस अबगाल र दायित्वबाट उम्कन विश्व बैंकको लगानी र स्वार्थपूर्तिको निम्ति अरु सारा गंभीर जोखिमहरु एकत्रित भएको मौका धुतेर नयाँ बैंक व्यवस्थापनले यतिखेरै निर्णय गर्‍यो- बैंक अरुण-तेस्रोमा लगानी नगर्ने टुंगोमा पुगेको छ भनेर !

यस प्रकार, नेपालको लागि अरुण "जाँदै जोखिमपूर्ण" हुनाको कारणले होइन, बैंक र अन्य लगानीकर्ताको लगानी र स्वार्थको लागि अरुण कमसेकम अहिलेको निम्ति ज्यादै जोखिमपूर्ण हुनाले अरुण-तेस्रो आयोजना रद्द भएको हो ।

### विवादको चुरो

अरुणमा लगानी गर्ने कि नगर्ने सवाल विश्व बैंकको निम्ति नेपालको भविष्य खतरामा पर्छ कि पर्दैन वा नेपालीले बिजुली पाउँछन् कि पाउँदैनन् भन्ने सवालको थिएन । उनीहरुको मुख्य चासो आफ्नो लगानी नडुबाइकनै र जनतामा त्यति धेरै बदनाम नभइकनै, नेपाललाई "ढाँचागत समायोजन कार्यक्रम"को नवउपनिवेशवादी चंगुलभित्र कसरी ल्याउने भन्ने कुराको थियो । अरुण त त्यसको लागि माध्यम मात्र थियो । अरुणको माध्यमबाट हाल

*विकास बैंकको स्थापना गर्नु पर्दछ तथा विद्युत खरिदको ग्यारेण्टीका साथै न्यूनतम् विद्युत खरिद दरपनि निर्धारण गरिदिनु पर्दछ।*

*६. विद्युत उत्पादनको पहिलो उद्देश्य राष्ट्रिय आवश्यकता पूरा गर्ने हुनु पर्दछ। त्यसपछि मात्र उचित मूल्यमा विद्युत निर्यात गर्ने प्रयास गर्नु पर्दछ।*

*७. सस्तो तथा व्यापक रुपमा नेपालको ऊर्जा आपूर्तिका लागि जलविद्युतका साथै सौर्य ऊर्जा, वायु उर्जा तथा जैविक ऊर्जा (गोबर ग्यास)हरुको पनि विकास गर्नु पर्दछ। यसका निमित्त संसारमा विकसित उचित आधुनिक ऊर्जा प्रविधिहरुलाई पनि देशभित्र भित्र्याउनु पर्दछ।*




विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषका विरूद्ध वाशिंटन डि.सी.मा आयोजित अमेरिकीहरूको विरोध प्रदर्शन/पृष्ठभूमिमा बढ्दो गरीबी र बिनाशको प्रतीकस्वरूप ठड्याइएका झुपडीहरू जून, १९९४

### तत्काल के गर्ने ?

विगतमा सरकारी पक्षबाट नेपालका संभावित आयोजनाहरुका अध्ययन भएका थिए। नेपाल विद्युत प्राधिकरणद्वारा प्रकाशित "विद्युत" नामक पत्रिका (भदौ २०५१) को पृष्ठ ५७ मा प्रकाशित प्रतिवेदन अनुसार आर्थिक वर्ष २०५०।५१ मा "६ वटा मझौला जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन एवं विस्तृत डिजाइन कार्य पूरा गरिएको छ" ..... **"राष्ट्रिय विद्युत प्रणालीसँग छोटो दूरीकै प्रसारण लाइनद्वारा जोड्न सकिने एवं सडक छेउमै अवस्थित हुँदा यातायातको दृष्टिकोणले सुगम भएकै कारण यी सबै आयोजनाहरु प्राविधिक एवं आर्थिक दृष्टिकोणले अति आकर्षक देखिएका छन्।"**

उक्त पत्रिकाका अनुसार "सरदर ३ वर्षभित्र" यी आयोजनाहरु निर्माण गर्न सकिन्छन् र तिनबाट १२९ मेगावाट बिजुली निकाल्न संभव छ। ती आयोजनाहरु यस प्रकार छन्:

**सरदर तीन वर्षभित्रै निर्माण गर्न सकिने आयोजनाहरु**

| आयोजनाको नाम | विद्युत उत्पादन क्षमता | अनुमानित लागत (U.S. $ मा) |
|---|---|---|
| **भोटेकोशी** | **३६ मेगावाट** | **६ करोड ९० लाख** |
| **मोदी** | **१४ मेगावाट** | **२ करोड ७० लाख** |
| **माथिल्लो मोदी** | **१४ मेगावाट** | **३ करोड** |
| **मझौला मर्स्याङ्दी** | **४२ मेगावाट** | **११ करोड** |
| **चिलिमे** | **१७ मेगावाट** | **८० लाख** |
| **पुवा खोला** | **६ मेगावाट** | **१ करोड ४६ लाख (निर्माणाधीन)** |
| | जम्मा १२९ मेगावाट | कूल अनुमानित लगानी २७ करोड ८६ लाख |

यसका साथै, स्वयं विश्व बैंक र नेपाल विद्युत प्राधिकरणले अरुण-३ बाहेकका विभिन्न आयोजनाहरु अध्ययन गरी कुनलाई कहिले बनाउने भनी वर्गीकरणसमेत गरेका छन्, जसलाई "प्लान ए" र "प्लान बी" भनिन्छ। "प्लान बी" मा साना तथा मझौला आयोजनाहरु बढी छन् र तिनको निर्माण गर्ने क्षमता प्राधिकारण र नेपालकै निजी

बाँकी ३९ पेजमा

उनीहरुको त्यो स्वार्थ राम्ररी पट्टिने देखिएन, त्यसैले उनीहरुले अहिले त्यो माध्यमलाई मात्र खारेज गरेका हुन्। माध्यमको खारेजीको अर्थ- उद्देश्यको नै खारेजी होइन। बैंकको साम्राज्यवादी उद्देश्य अहिले पनि उत्तिकै क्रियाशील छ।

त्यो उद्देश्यले अहिले नयाँ माध्यम समात्न खोज्दैछ। "वैकल्पिक ऊर्जा स्रोत"को विकासको लागि सहायता गर्ने विश्व बैंकको नयाँ योजना त्यो उद्देश्य सिद्धिको लागि नयाँ डुंगा हुन सक्छ। यसबाट जनतामा आफ्नो बिग्रेको छवि पनि सुध्रने, आफ्नो राष्ट्रिय पूर्वअडान छोड्दै गएको एमाले सरकारलाई पनि नयाँ तरीकाबाट फँसाउन जमर्को गर्न पाइने- यसको लागि विश्व बैंकको वैकल्पिक ऊर्जा स्रोतको लागि नयाँ सहायता कार्यक्रम नयाँ बल्छीको कीरा हुन संभव छ।

हामीले उसको सहायता राशी र कार्यक्रमको नयाँ नाम हेर्ने होइन, त्यो कार्यक्रमले के के शर्त बोकेर आउँछ र त्यो शर्तको नियत र सार के हो ? त्यो पहिल्याउनु पर्छ। अनि मात्रै विश्व बैंक र कथित "दाता राष्ट्र"हरुको नवउपनिवेशवादी जालबाट राम्ररी बच्न सकिन्छ।

### प्रतिक्रिया र विरोधाभाष

अरुण-तेस्रोको खारेजी नेपालको लागि ठूलो उपलब्धि हो। यो नेपाल र नेपालीले गौरव गर्नुपर्ने विषय हो। निकै संगीन संयोगबाट नेपाल राष्ट्र विश्व बैंकको ऋणको नवउपनिवेशवादी जालोमा फँस्नबाट बल्ल बल्ल बचेको छ। नत्र यही एउटै आयोजनाबाट नेपालको दुर्गति ब्राजिल र सोमालियाको जस्तै हुने थियो।

तर यही ठूलो उपलब्धिलाई एमाले सरकारले "आश्चर्यजनक र दुर्भाग्यपूर्ण" भनेको छ। अर्कोतिर, उसले जनताबीच यो प्रचार पनि गर्न थालेको छ कि- एमाले सरकार राष्ट्रिय अडान छोड्नै सक्दैनथ्यो र उसैको अडानका कारणले अरुण तेस्रो खारेज भएको हो। अब ऊ साना र मझौला आयोजनामा हात हालेर देशको विद्युतको विकल्प विकास गर्न चाहन्छ। यो विचित्रको विरोधाभाष हो।

यदि अरुण तेस्रो खारेज हुनु "दुर्भाग्यपूर्ण" घटना हो भने, एमालेको राष्ट्रिय अडानका कारणले यो खारेज हुन सकेको भनेर गौरब गर्ने सवाल नै उठ्छ कसरी ? यदि यो गौरव गर्नु पर्ने सवाल हो भने यो "दुर्भाग्यपूर्ण" ठहरियो नै कसरी ?

"दाताहरु" रिसाउलान् भनेर ऊ उनीहरुबीच "दुर्भाग्य"को कुरा पनि गर्दैछ। मतदाताहरु भाँडिएलान् भनेर ऊ उनीहरुबीच उपलब्धिको कुरा पनि गर्दैछ। यो त खतरनाक चमेरो-प्रवृत्ति भएन र ?

नेपाली कांग्रेसले अरुण तेस्रो खारेज हुनुमा सारा दोष एमालेलाई दिएको छ। रामशरण महतले भनेका छन्- "माधवकुमार नेपालको चिठ्ठी नै अरुण-तेस्रोको हत्यारा हो।"

रामशरण महतका सामु प्रश्न उठ्छ- त्यसो भए गिरिजाको मध्यावधि-घोषणा नि ? के त्यो घोषणा अरुण-तेस्रोको मुख्य हत्यारा थिएन ?

गजबको विरोधाभाष के भने- अरुण नेपालको लागि "निकै जोखिमपूर्ण" थियो र यसको योजना "यथार्थवादी" थिएन भनेर विश्व बैंक आफैंले सार्वजनिक ठहर गरिसक्यो। तर नेपाली कांग्रेसका र राप्रपाका नेताहरु यसलाई नेपालको लागि सारै फाइदाजनक र यथार्थवादी ठहर गर्दैछन्। यसले प्रष्टै देखाएको छ- नेपाली कांग्रेस र राप्रपा विश्व बैंकभन्दा पनि बढी विश्व बैंकमुखी छन्।

अरुणको सवाल एउटा ऐना जस्तै भएको छ- राष्ट्रिय विकास र राष्ट्रिय स्वाधीनताको सवालमा कसको अडान र दृष्टिकोण के, त्यो हेर्नको लागि।

देशसिंगै अहिले दुई खेमामा बाँडिएको छ- एउटा खेमा, जुनसुकै शर्तमा जसरी पनि विश्व बैंक तथा "दाता राष्ट्र"बाट पैसा प्राप्त गर्नुपर्छ र त्यसैको भरमा मात्र नेपालमा विकास गर्न संभव छ- भन्ने। अर्को, आफ्नै क्षमता र बलबूतामा मूल रुपले आधारित भएर देशको विकास गर्नुपर्छ, सहयोगी राष्ट्रबाट सहयोग लिनु हुन्न भन्ने छैन, तर जसरी पनि र जुनसुकै शर्तमा पनि होइन- भन्ने।

अरुणको मामलामा यी दुई खेमाबीच नै बैचारिक लडाइँ भइरहेछ। पहिलोले कमीशनभक्ति प्रदर्शित गरिरहेछ, दोस्रोले देशभक्ति।

पहिलोले राष्ट्रिय आत्मसमर्पणतिर देशलाई डोऱ्याइरहेछ, दोस्रोले राष्ट्रिय स्वाधीनतातिर। यस स्थितिमा कुन नेपाली कता र कुन पार्टी कता ?- खेमा छनौट गर्ने बेला आएको छ।

### क्षतिपूर्ति

विश्व बैंकले आफ्नै कारणले द्विपक्षीय संझौता एकपक्षीय रुपमा तोडेर अरुण आयोजनाबाट अन्तिम घडीमा हात झिकेको छ। तर नेपालले त्यसको लागि एक अरबभन्दा बेसीको थैली खर्चिसकेको छ। नेपालको विद्युत विकासको लागि निर्णायक १० वर्षको समयावधि यसै निम्ति व्यर्थमा खेर गएको छ। यो निकै ठूलो राष्ट्रिय नोक्सानी हो। नेपालले यस नोक्सानीको निम्ति विश्व बैंकसमक्ष न्यायपूर्ण क्षतिपूर्ति माग्न जरुरी छ।

**श्याम श्रेष्ठ**

# बेल्जियम, ग्रीस र भारतमा अन्तर्राष्ट्रिय कम्युनिष्ट भेलाहरुं संपन्न

पूँजीवादी र साम्राज्यवादी शक्तिहरु न्वारानदेखिको बल र बुद्धि झिक्दै कराउँदैछन्- समाजवाद मऱ्यो ! अब कम्युनिष्टहरुको दिन गुज्रियो ।

तर, आश्चर्यको कुरो के भने, पूँजीवादी- साम्राज्यवादीहरु जति ठूलो आवाजमा चिच्याइरहेका छन्, त्यत्तिकै ठूलो गुञ्जायमान आवाजमा विश्वभरबाट प्रतिध्वनित भइरहेको छ- "हामी कम्युनिष्टहरु तिमीहरुको आरोप, तिमीहरुको कुप्रचार चुपचाप खपेर बसिरहेका छैनौं ।"

हो, वास्तविकताले भनिरहेको छ- पूँजीवादी-साम्राज्यवादीहरुको यो कुप्रचार खपेर विश्वभरका कम्युनिष्टहरु चुपचाप बसिरहेका छैनन् । बरु उनीहरुको कुप्रचारको ठीक उल्टो विश्वभरका कम्युनिष्टहरु बिगतको इतिहासबाट आफ्ना सबल र दुर्बल पक्षहरुबाट, आफ्ना सफलता र असफलताहरुबाट पाठ सिक्दै, फुट्दै होइन जुट्दै, झन्-झन् ऐक्यबद्ध हुँदै अगाडि बढ्दैछन् ।

मेक्सिको, हलैण्ड, बेल्जियम र बेलायतमा २०५० सालको फागुनदेखि २०५१ सालको बैशाख महीनाभित्रमा अन्तर्राष्ट्रिय स्तरका चारचार वटा वामपन्थी -सम्मेलन र सेमिनारहरु सम्पन्न गरी कम्युनिष्टहरुले व्यापक रुपमा चिन्तन-मनन् र बहस छलफल गर्ने एवं ऐक्यबद्धताको बाटो खोज्ने क्रम अगाडि बढाएका थिए भन्ने तथ्य त सबैलाई थाहा नै छ ।

अहिले पनि त्यही ऐतिहासिक परम्परालाई अझ मजबूत र सफलतापूर्वक अगाडि बढाउने काम यूरोपीय देश-ग्रीसको कम्युनिष्ट पार्टी KKE ले गत असार महीना मै थालिसकेको छ । यसभन्दा अगाडि हाम्रै छिमेकी देश भारतको कम्युनिष्ट पार्टी भाकपा (माले) जनशक्ति समूहले गत फागुनमै चारदिने अन्तर्राष्ट्रिय सेमिनार आयोजना गरिसकेको छ । (विस्तृत रुपमा यी दुवै सेमिनारहरुको रिपोर्ट बक्सहरुमा हेर्नुहोला ।)

कम्युनिष्टहरुको चिन्तन-मनन्, जमघट र अन्तर्क्रियाका लागि भैरहेका सम्मेलन र सेमिनारहरुकै क्रममा यस वर्ष पनि पूँजीवादी-साम्राज्यवादी शक्तिहरुको एउटा गढ मानिने यूरोपमै बेल्जियमको कम्युनिष्ट पार्टी-बेल्जियम श्रमिक पार्टी (PTB) को आयोजनामा एउटा अत्यन्त महत्वपूर्ण ऐतिहासिक अन्तर्राष्ट्रिय सेमिनार सम्पन्न भयो ।

## पूँजीवादी- साम्राज्यवादीहरूको गढमा वामपन्थीहरूको सेमिनार


बेल्जियम श्रमिक पार्टी- Parti du Travail de Belgique अर्थात् Workers' Party of Belgium को आयोजनामा ऐतिहासिक मई दिवसको उपलक्ष्यमा प्रत्येक वर्ष हुने सेमिनार र सम्मेलनकै क्रममा यो सेमिनार भएको थियो । बेल्जियमको राजधानी ब्रुसेल्समा मई २ देखि ४ सम्म (बैशाख १९ देखि २१ गते) सम्म भएको उक्त अन्तर्राष्ट्रिय सेमिनारमा विश्व कम्युनिष्ट आन्दोलनका विभिन्न पार्टी, संगठन र समूह एवं वाम-व्यक्तित्वहरुकाबीच ऐतिहासिक बहस छलफल भयो ।

विश्वभरका कम्युनिष्ट पार्टी र श्रमिक पार्टीहरुमध्ये ३७ देशका ६० वटा भन्दा बढी पार्टीहरु, संगठनहरु, समूहहरु र वाम व्यक्तित्वहरुको सहभागितामा सम्पन्न यस सेमिनारमा गएको वर्षमा भन्दा बढी सहभागिता भएको थियो । स्मरणीय छ, गत वर्ष त्यहाँ विश्वका ३२ वटा कम्युनिष्ट पार्टीहरु, १८ वटा क्रान्तिकारी संगठनहरु एवं ३१ देशका प्रख्यात वाम-व्यक्तित्वहरु सहभागी भएका थिए । त्यससम्बन्धी विस्तृत रिपोर्ट हामीले मूल्याङ्कनको २१ अंकमा प्रकाशित गरेको थियौं ।

गत वर्ष १९९४ को ब्रुसेल्सका अन्तर्राष्ट्रिय मार्क्सवादी सम्मेलनपश्चात् उक्त सम्मेलनका सहभागी कम्युनिष्ट

# 'अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकता'

यूरोपेली देश बेल्जियमको राजधानी ब्रुसेल्समा ३७ वटा देशका ६० वटा भन्दा वढी कम्युनिष्ट र श्रमिक पार्टी, संगठन, समूह र व्यक्तिहरूको महत्वपूर्ण जमघट !




सेमिनारको उद्घाटन सत्रको रोचक दृश्य




मेक्सिकोमा गत वर्ष संपन्न भएको वामपन्थीहरुको सम्मेलनको दृश्य

पार्टीहरुले एउटा विश्वव्यापी कम्युनिष्ट एकताको प्रस्ताव जारी गरेका थिए । विभाजन-विखण्डनको पीडादायक स्थितिबाट गुज्रिरहेका विश्वकै सम्पूर्ण कम्युनिष्ट पार्टी र संगठनहरुबीच विश्वस्तरमा दरो एकता स्थापना गर्ने उद्देश्यसहितको उक्त प्रस्ताव नेपाली वामपन्थी आन्दोलनको लागि महत्वपूर्ण हुने देखेर हामीले मूल्याङ्कनको अंक २४ मा प्रकाशित गरेका थियौं । त्यस प्रस्तावको प्रकाशनले नेपाली वामपन्थी आन्दोलनमा केही उत्साह र हलचल ल्याएको तथ्य हामीले पनि महशूस गरेका थियौं ।

ब्रुसेल्सको मार्क्सवादी सम्मेलनका सहभागी पार्टीहरु र त्यहाँ सहभागी नभएका अन्य पार्टीहरुसमेतको स्वीकृतिप्राप्त गरिसकेको सोही 'अन्तर्राष्ट्रिय कम्युनिष्ट **आन्दोलन**को एकताको लागि प्रस्ताव' **नामक ब्रुसेल्स**-घोषणापत्र नै यस वर्षको ब्रुसेल्सको अन्तर्राष्ट्रिय सेमिनारको अन्तर्क्रियाको मुख्य विषय थियो ।

# सोभियत संघको कम्युनिष्ट पार्टीमा विकसित भएको संशोधनवादको कारण पत्ता लगाउने दृढ संकल्प

मई १ का दिन बेल्जियम श्रमिक पार्टीको आयोजनामा बेल्जियमभरि अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाएपछि मई २ (वैशाख १९) गतेबाट सेमिनार शुरु भएको थियो । सो सेमिनारको शुरुमा बेल्जियम श्रमिक पार्टी (PTB) का अध्यक्ष क. लूडो मार्टिन्सले सेमिनारको अन्तर्क्रियाको मूल. विषय प्रस्तुत गर्नुभएको थियो । उहाँले १९९४ मा जारी गरिएको 'अन्तर्राष्ट्रिय कम्युनिष्ट एकताको लागि प्रस्ताव' नामक ब्रुसेल्स घोषणा पत्रबारे त्यस वेला सम्ममा प्राप्त सुझाव, अनुमोदन र संशोधनको प्रकृतिमाथि सविस्तार चर्चा गर्नुभयो ।

विषयगत अन्तर्क्रिया आरंभ गर्ने क्रममा क. लूडो मार्टिन्सले अन्तर्क्रियामा सहमत भएका विषयहरुमा एकता स्थापित गर्दै जाने, असहमतिका बूँदा र विषयहरुमा विचार आदानप्रदान गर्ने एवं भविष्यमासमेत त्यससम्बन्धी विचार मन्थनको प्रक्रियालाई खुला रुपमा छाड्ने विचार प्रकट गर्नुभयो । यही प्रक्रियाबाट विश्व कम्युनिष्ट आन्दोलनमा एउटा सही लाइनको आविर्भाव हुनसक्छ भनी उहाँले आफ्नो धारणा सपष्ट पार्नु भयो ।

बेल्जियमको श्रमिक पार्टी (PTB) को नेता क. माइकल सोम्रेन्सीले सभापतिको हैसियतले संचालन गर्नु भएको सो सेमिनारमा ३ दिनसम्म व्यापक अन्तर्क्रिया भएको थियो । यस अन्तर्क्रियाको क्रममा सहभागी कम्युनिष्ट पार्टी-समूह-संगठन र वाम व्यक्तित्वहरुले यस विषयमा विविध कोणबाट विस्तृत रुपमा र गहिराइपूर्वक विचार आदान-प्रदान गरेका थिए । यस अन्तर्क्रियाको अवधिमा बी-बीचमा संक्षिप्त वार्तालाप र प्रवचनको कार्यक्रम पनि चलाइएको थियो । अन्तर्क्रिया, वार्तालाप एवं प्रवचनलाई सबै सहभागीहरुबीच सुलभ र सुगम पार्नका लागि विभिन्न भाषाहरुमा अनुवाद गर्ने व्यवस्था पनि मिलाइएको थियो ।

विभिन्न कोणबाट प्रस्तुत विविध प्रकारका सुझाव-संशोधन एवं विभिन्न कम्युनिष्ट नेताहरुद्वारा अभिव्यक्त विचार र रुझानमाथि अध्ययन र विचार विमर्श गरिसकेपछि वैशाख २१ गते दिउँसोतिर अन्तर्राष्ट्रिय सेमिनारको समापनको घोषणा गरियो । त्यस बीचमै गत वर्षको ब्रुसेल्स घोषणापत्रलाई उन्नत र परिष्कृत गरेर प्रस्तुत गर्ने काम क. लूडो मार्टिन्सले गर्नु भएको थियो । त्यही अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकतासम्बन्धी

## ब्रुसेल्सको अन्तर्राष्ट्रिय सेमिनारमा कुन कुन देशका कम्युनिष्ट पार्टीहरू सहभागी भएका थिए ?

अफ्रिकाबाट

**(१) अल्जेरिया (२) केन्द्रीय अफ्रिकी गणतन्त्र (३) मोरक्को (४) युगाण्डा (५) रुवाण्डा (६) टोगो (७) जायरे**

दक्षिण अमेरिकाबाट

**(८) अर्जेन्टिना (९) ब्राजिल (१०) चिली (११) क्यूबा (१२) हैटी (१३) मेक्सिको (१४) पेरु (१५) डोमिनिकन गणतन्त्र**

एशियाबाट

**(१६) अफगानिस्तान (१७) बांग्लादेश (१८) उत्तर कोरिया (१९) भारत (२०) इरान (२१) प्यालेस्टाइन (२२) फिलिपिन्स**

यूरोपबाट

**(२३) जर्मनी (२४) बुल्गेरिया (२५) डेनमार्क (२६) स्पेन (२७) फ्रान्स (२८) ग्रीस (२९) इटाली (३०) लक्जम्बर्ग (३१) नर्वे (३२) पोलैण्ड (३३) पोर्चुगल (३४) ग्रेट ब्रिटेन (३५) स्वीडेन (३६) टर्की (३७) बेल्जियम**

## एशियाली कम्युनिष्ट पार्टीहरुको सहभागिता

एशियाबाट प्रतिनिधित्व गर्ने ७ वटा कम्युनिष्ट पार्टीहरुमध्ये उत्तर कोरियाको श्रमिक पार्टी सत्तासीन कम्युनिष्ट पार्टी हो । अन्य कम्युनिष्ट पार्टीहरुमा फिलिपिन्सको तर्फबाट 'कम्युनिष्ट पार्टी अफ फिलिपिन्स'का संस्थापक नेता एवं वर्तमान महासचिव क. जोसे मारिया सिसों सेमिनारमा जानु भएको थियो । उहाँ अचेल नेदरलैण्डमा प्रवासी जीवन जिउँदै फिलिपिन्सको सशस्त्र संघर्ष र जनसंघर्षको नेतृत्व गर्दै हुनुहुन्छ ।

अन्यमा, भारतबाट भारतीय समाजवादी एकता केन्द्र (SUCI) को तर्फबाट केन्द्रीय सदस्य क. सुकोमलदास गुप्त र सेन्ट्रल स्टाफ क. माणिक मुखर्जी सेमिनारमा सहभागी हुनु भएको थियो । भारतबाटै अन्य कम्युनष्टि पार्टी-नक्सलवादी संगठनका रुपमा परिचित भाकपा-माले (जनशक्ति समूह)को तर्फबाट क. कौशिक बनर्जीले प्रतिनिधित्व गर्नु भएको थियो ।

बांग्लादेशबाट पनि दुईवटा कम्युनिष्ट पार्टीहरु सेमिनारमा सहभागी भएका थिए । वर्कर्स पार्टी अफ बांग्लादेशको तर्फबाट पोलिट्ब्यूरो सदस्य क. हैदर अकबर खान रानोले र सोशलिष्ट पार्टी अफ बांग्लादेशको तर्फबाट केन्द्रीय सदस्य क. मुबिनुल हैदर चौधरीले प्रतिनिधित्व गर्नु भएको थियो ।

प्रस्तावको उन्नत र परिष्कृत प्रारुपलाई नेपाली पाठकहरुको जानकारीको लागि हामी आगामी अंकमा प्रकाशित गर्नेछौं ।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकतालाई संशोधनवाद र जडसूत्रवादको दुस्प्रभावबाट मुक्त गर्दै त्यस एकतालाई संगठित, सुगठित र मजबूत गर्ने उद्देश्यले नै सो अन्तर्राष्ट्रिय सेमिनार भएको हो । ब्रुसेल्स घोषणा पत्र -१९९४ को उन्नत र परिष्कृत प्रारुपले त्यस उद्देश्यलाई अझ बढी सहयोग प्रदान गर्ने आशा र विश्वास


एशियाली सहभागीहरू

लिइएको छ । यसले अन्ततः विश्व कम्युनिष्ट आन्दोलनको एकतालाई मजबूत पार्दै विभिन्न देशहरुमा चलिरहेको क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउँदै श्रमिक जनताको मुक्तिको प्रक्रियालाई अरु तेज पार्ने भरोसा पनि लिइएको पाइन्छ ।

ब्रुसेल्सको अन्तर्राष्ट्रिय सेमिनारले एउटा त्यस्तो महत्वपूर्ण निर्णय पनि पारित गरेको छ, जसले पूर्व सोभियत संघ र पूर्वी यूरोपीय देशहरुमा भएको पूंजीवादको पुनर्स्थापनाको जरो कारण पत्ता लगाउने प्रयासलाई अत्यन्त महत्वकासाथ सफल बनाउनमा सहयोग मिल्ने देखिन्छ । उक्त निर्णयअनुसार सेमिनारमा सहभागी भएका कम्युनिष्ट पार्टी समूह-संगठन र व्यक्तिहरुले सोभियत कम्युनिष्ट पार्टीमा विकसित भएको संशोधनवादको परिघटनाका कारणहरु पत्ता लगाउनका लागि भविष्यमा विभिन्न उपायद्वारा मत-मतान्तर र विचारहरुको सर्वाङ्गीण आदान-प्रदान गर्ने निर्णय गरिएको छ ।

सेमीनारले गरेको अर्को महत्वपूर्ण ऐतिहासिक निर्णय हो- साम्राज्यवाद र साम्राज्यवादी आक्रमणको विरुद्ध अर्को वर्ष मे महीनामै अर्को अन्तर्राष्ट्रिय सेमिनार गर्ने निधो । त्यो सेमिनारमा मार्क्सवाद-लेनिनवाद स्वीकार नगर्ने साम्राज्यवादविरोधी संगठनहरुले समेत भाग लिनसक्ने व्यवस्था गरिएको छ । १९९७ मा चाहिं महान अक्टोबर समाजवादी क्रान्तिको ८० औं वर्ष गाँठको उपलक्ष्यमा लेनिन, स्तालीन, ख्रुश्चेभ, ब्रेझनेव र गोर्वाचोभको अधीनमा सोभियत कम्युनिष्ट पार्टीको इतिहास र सोभियत संघमा संसोधनवादको विकास र अन्तिम पतनबारे बहस छलफल गर्ने गरी एउटा अन्तर्राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरिएको छ । त्यो सम्मेलन संभव भएमा भूतपूर्व सोभियत संघमै आयोजना गर्न प्रयत्न गर्ने निधो गरिएको छ, जसमा सोभियत संघका मार्क्सवादी लेनिनवादीहरु यो सम्मेलनको तयारीको लागि जुट्न सकून् ।

१९९७ को अन्तर्राष्ट्रिय सम्मेलनको तयारीको लागि विभिन्न पार्टीहरुद्वारा लिखित विश्लेषणसहितको एउटा पुस्तक निकाल्ने र १९९५-९६ मा यो प्रकाशित गर्ने पनि निर्णय गरिएको छ ।

सेमिनार र सर्वसम्मतीबाट भएका अन्य जिम्मेवारी सम्हाल्नको लागि एउटा संयोजक समूह बनाउने निधो पनि ब्रुसेल्स जमघटले गरेको छ । ❑

## भारतमा पनि वामपन्थीहरूको अन्तर्राष्ट्रिय सेमिनार
## "मार्क्सवाद, लेनिनवाद, माओ त्सेतुङ्ग विचार र क्रान्तिकारी आन्दोलन"

**हाम्रै छिमेकी देश भारतको वामपन्थी-नक्सलवादी पार्टी भाकपा (माले) जनशक्ति समूह- CPI (ML) Janashakti ले गत फागुन २५ देखि २८ गतेसम्म चारदिने अन्तर्राष्ट्रिय सेमिनार सफलतापूर्वक आयोजना गरेको तथ्य यहाँ स्मरणीय छ । नक्सलवादी आन्दोलन चर्किरहेको आन्ध्र प्रदेशको हैदराबाद शहरमा आयोजित उक्त अन्तर्राष्ट्रिय सेमिनारको विषय थियो- "मार्क्सवाद, लेनिनवाद, माओ त्सेतुङ्ग विचार र क्रान्तिकारी आन्दोलन ।"**

**विश्वका कैयौं कम्युनिष्ट पार्टीहरुको सहभागितामा सफलतापूर्वक सम्पन्न भएको उक्त सेमिनारमा नेकपा (माओवादी) का तर्फबाट पनि प्रतिनिधित्व भएको थियो । चर्चित रुसी वामपन्थी नेतृ एवं "अल यूनियन कम्युनिष्ट पार्टी अफ दि बोल्शेभिक्स" की महासचिव क. नीना आन्द्रियेभाले पनि त्यसमा आफ्नो सहभागिता जनाएकी थिइन् । त्यस्तै त्यहाँ भारतकै अर्को नक्सलवादी पार्टी भाकपा माले (पीपुल्स् वार ग्रुप)को पनि सहभागिता थियो ।**

# ग्रीसमा २५ वटाभन्दा बढी वाम-पार्टीहरुको भेला

विश्वं सभ्यताको विकासमा अत्यन्त पूरानो इतिहास भएको र हाल पूँजीवादी-साम्राज्यवादीहरुको एउटा किल्लाको रुपमा रहेको यूरोपको अर्को एउटा देश ग्रीसमा पनि हालै विश्वका धेरै वामपन्थीहरुको भेला भएको छ । दोस्रो विश्व युद्धताका हिटलरको नाजीवाद विरोधी छापामार संघर्षमा प्रमुख शक्तिको भूमिका खेलेको कारणले ग्रीसको सरकारमा समेत सहभागी भइसकेका त्यहाँका कम्युनिष्टहरुको विरासत बोकेको ग्रीक कम्युनिष्ट पार्टीको आयोजनामा सो भेला भएको थियो ।

**किन पूर्वी यूरोपमा समाजवाद ध्वस्त भयो ?**

स्मरणीय छ, सन् १९२२ देखि, आफ्नो स्थापना कालदेखि ग्रीसको राजतन्त्र विरोधी गणतन्त्रवादी संघर्षमा ग्रीक कम्युनिष्टहरुले महत्वपूर्ण योगदान दिंदै आएका थिए । यसै संघर्षको परिणामस्वरुप ग्रीक राजा देश छोडेर भागेको र त्यहाँ प्रजातन्त्र स्थापना भएको थियो । त्यहाँ प्रजातन्त्रवादीहरु र कम्युनिष्टहरुको गहीरो मतभेदबाट फाइदा उठाई बेलायती साम्राज्यवादले संवैधानिक व्यवस्थाको आवरणभित्र जनरल जोन मेटाक्ससको नेतृत्वमा सैनिक तानाशाही शासन चलांउने र गणतन्त्रवादीहरु एवं कम्युनिष्टहरुमाथि कठोर दमन गरेको थियो ।

बेलायतसमर्थित सैनिक तानाशाही विरोधी भूमिगत संघर्ष भइरहेकै बेला हिटलरको जर्मन फौजको आक्रमण पश्चात् गणतन्त्रवादीहरु एवं कम्युनिष्टहरुले फासिवाद विरोधी मुख्य शक्तिको भूमिका निर्वाह गरेका थिए । यसै क्रममा ELAN नामक राष्ट्रिय मुक्ति मोर्चा मार्फत् २६ हजार छापामारहरुको बलमा छापामार संघर्षकै क्रममा ग्रीसको सरकारमा सहभागी भएका ग्रीक कम्युनिष्टहरुले फासिवादी जर्मन सेनाको विश्वव्यापी पराजयपछि आफ्नै देशभित्रका दक्षिणपन्थी सशस्त्र संगठनहरुसँगको गृहयुद्ध नै चलाएका थिए ।

यसै गृहयुद्धमा कम्युनिष्टहरुको छापामार संघर्षलाई थाम्न नसकेर बेलायती साम्राज्यवाद ग्रीसबाट हटेपछि राजधानी एथेन्समाथि रातो झण्डा फहराउने डरले अमेरिकी साम्राज्यवादले ग्रीसमा हस्तक्षेप गर्‍यो । १९४९ मा अमेरिकी साम्राज्यवादद्वारा निर्देशित र समर्थित ग्रीक सेना र दक्षिणपन्थी सशस्त्र संगठनहरुद्वारा पराजित भएका कम्युनिष्टहरु सडक संघर्ष मार्फत भूमिगत रुपमा शक्ति संचय गर्दै, सत्ताको केन्द्रभित्र कुर्सिको लागि भएका छिना झपटी- लुछाचुँडी, सैनिक विद्रोह एवं राजाको पुनः देश निकालाका साथै अमेरिकी साम्राज्यवादको दबदबाबीच अगाडि बढ्दैथिए ।

तर यसैबीच, एथेन्समाथि झण्डै झण्डै रातोझण्डा फहराउनसमेत सफल भएका ग्रीक कम्युनिष्टहरुको विरासत बोकेको कम्युनिष्ट पार्टी पनि १९९० को शुरु सम्ममै ४ वटा पार्टीमा विभाजित भैसकेको थियो । ग्रीक कम्युनिष्ट पार्टी (KKE), ग्रीक कम्युनिष्ट पार्टी- इन्टेरियर (KKE-I), KKE-I, रिनोभेटिङ्ग लेफ्ट र ग्रीक लेफ्ट (EAR) मा विभाजित ग्रीसको कम्युनिष्ट आन्दोलनकै एक प्रमुख घटक ग्रीक कम्युनिष्ट पार्टी (KKE)ले यो विश्वव्यापी कम्युनिष्ट भेला आयोजना गरेको हो ।

१९९० को शुरुदेखि नै सोभियत संघको विघटन एवं पूर्वी यूरोपबाट समाजवाद पतन भएपछि अन्तरसंघर्षमा फँसेको यस 'रुसपन्थी' मानिने कम्युनिष्ट पार्टी अहिले आफू त्यस संघर्षबाट माथि आइसकेका दावी गर्छ । आफूलाई श्रमिक जनता, समाजवादको हिमायती मान्ने यस पार्टीलाई पनि पूर्वी यूरोपका प्रतिक्रान्तिकारी घटनाहरुले निकै चिन्तित पारेको देखिन्छ । गत वर्षहरुमा पनि यस्ता भेलाहरु गरिसकेको यस पार्टीले पूर्वी यूरोपबाट समाजवाद पतन हुनाका कारणहरु खोज्नकै लागि यो विश्वव्यापी कम्युनिष्ट भेला आयोजना गरेको बताइएको छ ।

विश्वका २५ वटाभन्दा बढी कम्युनिष्ट पार्टी र वामपन्थी पार्टीका प्रतिनिधिहरुको सहभागितामा गत असार ३ र ४ गते शनिवार र आइतबार

**(बाँकी ३८ पेजमा)**

# सर्वहारा वर्गले हिंसात्मक क्रान्तिबिना राज्यसत्तामाथि कब्जा गर्न सक्तैन

**फ्रेडरिक एंगेल्स**

**१९९५ अगस्त ५ सर्वहारा वर्गका महान नेता तथा गुरु फ्रेडरिक एंगेल्सको मृत्युको शतवार्षिकी हो । सन् १८९५ को यही दिन उहाँको ७५ वर्षको उमेरमा वेलायतमा मृत्यु भएको थियो । प्रस्तुत छ- यही उपलक्ष्यमा उहाँका केही उल्लेखनीय विचारहरु :**



## राजनैतिक संघर्षबारे

"...कमसेकम आधुनिक इतिहासमा के कुरा प्रमाणित भएको छ भने सबै राजनीतिक संघर्षहरु वर्ग संघर्ष हुन् र सबै वर्गीय मुक्ति-संघर्षहरुको आवश्यकीय राजनैतिक रुप हुँदाहुँदै- किनभने प्रत्येक वर्ग संघर्ष राजनीतिक संघर्ष हो- ती अन्तिम रुपमा आर्थिक मुक्तिको सवालतर्फ फर्कन्छन् । तसर्थ कमसेकम यहाँ, राज्य-राजनैतिक ब्यबस्था- गौण चीज र नागरिक समाज-आर्थिक सम्बन्धहरुको क्षेत्र- निर्णायक तत्व बन्दछन् ।"

**-एंगेल्स, लुडविक फेयरबाख र शास्त्रीय जर्मन दर्शनको अन्त, काठमाडौं, २०३२, पृ. ५९**

## इतिहासको निर्णायक तत्व

"वास्तविक जीवनको उत्पादन र पुनरुत्पादन नै अन्ततोगत्वा ऐतिहासिक प्रक्रियाको निर्णायक तत्व हो । न मैले, न त मार्क्सले नै यसभन्दा अरु कहिल्यै केही भनेका थियौं । यदि कसैले यसलाई वङ्ग्याएर आर्थिक तत्व नै एक मात्र निर्णायक तत्व हो भन्दछ भने, उसले आफ्नो यस भनाइलाई निरर्थक, अमूर्त तथा वाहियात वाक्यमा बदलिदिन्छ । ...हाम्रो युवा पिढीले आर्थिक पक्षलाई यदाकदा आवश्यकताभन्दा जुन वढी महत्व दिने गरेको छ, त्यसको लागि मार्क्स र म कुनै मात्रामा दोषी छौं । हामी मुख्य सिद्धान्तमाथि जोड दिन बाध्य *थियौं, किनभने हामीले* ती विपक्षहरुको सामना गर्नुपरेको थियो, जो यस सिद्धान्तको खण्डन गर्दथे । फलत: अन्योन्यक्रियामा सम्मिलित अन्य तत्वहरुमाथि ध्यान दिन हामीले सधै आवश्यक समय, स्थान र मौका भेट्टाउन सकेनौं । परन्तु जब कुनै ऐतिहासिक अवधिको कुरा विश्लेषण गर्ने अर्थात सिद्धान्तको व्यवहारिक प्रयोगको प्रश्न उठ्थ्यो , त्यहाँ कुरा बदलिन्थ्यो र कुनै पनि प्रकारको गल्ती हुन सक्दैनथ्यो । दुर्भाग्यवश नयाँ सिद्धान्तका मूल प्रस्थापनाहरु बुझिसकेपछि र त्यो पनि सधै सही रुपमा बुझेका हुन्छन् भन्न सकिन्न, मानिसहरुले आफूलाई ती सिद्धान्तहरुमा पारंगत भएको ठान्दछन् र अविलम्ब तिनको प्रयोग गर्न सकिन्छ भन्ने भ्रममा पर्दछन् । मलाई लाग्छ धेरैजसो तथाकथित नयाँ "मार्क्सवादीहरु" मा यो खोट पाइन्छ, किनभने यस क्षेत्रमा आश्चर्यजनक रुपले विवादास्पद कुराहरु उत्पन्न भएका छन् ।"

**एंगेल्स, योजेफ ब्लोखलाई चिठ्ठी २२-२३ सेप्टेम्बर १८९० । मार्क्स एंगेल्स, चुनिएका रचनाहरु, मस्को, १९७५, पृ.३९४,३९५**

## राज्यसत्ता

"किनकि राज्यसत्ता वर्ग-विरोधलाई दवाएर राख्नको लागि पैदा भएको थियो र त्यो वर्ग संघर्षकोबीच पैदा भएको थियो, आमरुपमा यो त्यही वर्गको राज्यसत्ता हुन्छ, जुन समाजमा सबभन्दा वढी शक्तिशाली हुन्छ र जसको आर्थिक क्षेत्रमा प्रभुत्व रहन्छ । यो वर्गले राज्यसत्ताको माध्यमबाट राजनीतिक क्षेत्रमा पनि आफ्नो प्रभुत्व जमाउँछ र यसप्रकार उनीहरुलाई पीडित वर्गलाई दवाई राख्न तथा शोषण गर्नको लागि एउटा नयाँ साधन मिल्दछ ।..........

........यसकारण राज्यसत्ता अनादि कालदेखि नै रहँदै आएको होइन । यस्तो समाज पनि थियो, जसले राज्यसत्ताबिना नै काम चलायो र जहाँ राज्यसत्ता र राज्यशक्तिको बिचार पनि आएन । आर्थिक विकासको एक निश्चित अवस्थामा समाज आवश्यक रुपबाट वर्गमा बाँडियो र यो विभाजनको कारणले राज्यसत्ता हुनु जरुरी भयो । अब हामी तीव्ररुपमा उत्पादनको विकासको त्यस अवस्थातिर बढिरहेछौं, जहाँ यी वर्गहरु बाँचिरहनु आवश्यक नहुने मात्र होइन, उत्पादनको लागि एउटा ठूलो वाधा बन्नेछ । त्यस वेला यी वर्गहरुको अवश्यभावी ढगबाट बिनाश हुनेछ, जति अवश्यभावी ढंगबाट पहिलेको अवस्थामा यसको जन्म भएको थियो । त्यसको साथसाथै राज्यसत्ता पनि अनिवार्य रुपबाट मेटिने छ "

**एंगेल्स : परिवार, व्यक्तिगत सम्पति ...उत्पति/पिपुल्स पब्लिसिड हाउस, नयाँ दिल्ली । १९७८ पृ.२३९,२४२**

## समाजवादी चरणबारे

"पूँजीवादी र कम्युनिष्ट समाजको बीचमा एउटा क्रान्तिकारी रुपान्तरणको काल रहन्छ । यसको समवर्ती एक राजनैतिक संक्रमणको काल पनि हुन्छ, जसमा राज्य सर्वहाराको क्रान्तिकारी अधिनायकत्व बाहेक अरु केही हुन सक्तैन"

"......यता केही समयदेखि समाजवादी जनवादी कुपमण्डुकहरु "सर्वहारा अधिनायकत्व" शब्दबाट ज्यादै बहुलाउन थालेका छन् । त, ठीक छ सज्जनहरु ! के तपाईहरु यस अधिनायकत्वको असली रुप के हो जान्न चाहनु हुन्छ ? पेरिस कम्युनलाई हेर्नुहोस् । यहि थियो सर्वहारा अधिनायकत्व "

**मार्क्स एंगेल्स लेनिन, सर्वहारा अधिनायकत्व, प्रगति प्रकाशन, मस्को, १९८५, पृ ६६,८६**

## हिंसात्मक क्रान्तिबारे

"हामी यस कुरामा सहमत छौं कि सर्वहारावर्गले हिंसात्मक क्रान्तिबिना त्यो राज्यसत्तामाथि कब्जा गर्न सक्तैन, जुन नयाँ समाजमा प्रवेश गर्ने एकमात्र ढोका हो ।"

**उही पृ ७९**

## एकनिष्ठ विवाहबारे

"एकनिष्ठ विवाह इतिहासमा पटक्कै यसरी प्रकट भएको होइन, जसद्वारा यो थाहा होस् कि- पुरुष र नारीको फेरि मेल भएको छ । त्यसलाई पुरुष र नारीको उच्चतम पुनर्मिलन सम्झनु त झन गल्ती हुन्छ । यसको विपरीत एकनिष्ठ विवाह नारीमाथि पुरुषको अधिपत्यको रुपमा इतिहासमा प्रकट भएको छ । एकनिष्ठ विवाहको रुपमा पुरुष र नारीहरुको बीच एउटा यस्तो संघर्षको घोषणा गरिएको थियो, जसको उदाहरण प्राग ऐतिहासिक कालमा कहीं भेटिन्न । ......इतिहासमा पहिलो वर्गविरोध एकनिष्ठ परिवारभित्र पुरुष र नारीको विरोध बृद्धिका साथसाथै देखा पर्दछ र इतिहासको पहिलो वर्ग उत्पीडन पुरुषद्वारा नारीमाथिको उत्पीडनको साथसाथै प्रकट भएको छ । इतिहासको दृष्टिबाट एकनिष्ठ विवाह एउटा ठूलो प्रगतिशील कदम थियो । तर यसको साथसाथै त्यो एउटा यस्तो कदम पनि थियो, जसले दास प्रथा र व्यक्तिगत सम्पत्तिसंग मिलेर त्यस युगको सुत्रपात गर्‍यो- जुन आजसम्म चलिरहेको छ, जसमा हर प्रगतिशील कदमको साथै प्रतिक्रियावादी कदम पनि हुन्छ, जसमा एक समूहको भलाइ र विकास अर्को समूहलाई दु:ख दिएर र कुल्चिएर नै सम्पन्न हुन्छ । एकनिष्ठ विवाह सभ्य समाजको अर्को त्यो बीऊरुप हो, जसमा हामी ती सबै विरोध र टक्करहरुको अध्ययन गर्न सक्छौं ।"


**एंगेल्स : परिवार र निजी संपत्तिको उत्पति " पृ. ८६,८७**

## प्रेम र विवाहबारे

"यदि केवल प्रेममा आधारित विवाह नै नैतिक हुन्छ भने स्पष्ट छ कि केवल त्यस्तो विवाह मात्र नैतिक हुन्छ, जसमा प्रेम कायम रहन्छ । व्यक्तिगत यौन प्रेम कायम रहने अवधि प्रत्येक व्यक्तिको लागि भिन्न हुन्छ । विशेष गरी पुरुषहरुमा यस सवालमा ज्यादै अन्तर देखिन्छ । प्रेम खत्तम भएपछि वा कुनै अर्को व्यक्तिप्रति उत्कट प्रेम भएपछि पति पत्नी अलग हुनु दुवै पक्षको लागि र समाजको लागि पनि हितकारक बन्न जान्छ ।"

**एंगेल्स : परिवार, व्यक्तिगत सम्पत्ति र राज्यसत्ताको उत्पति, पिपुल्स पब्लिसिड हाउस, नयाँ दिल्ली, १९७८ पृ. १११**

*प्रस्तुति : नरेन्द्र*



# क्युबाको सियरा माइस्त्राका पहाडहरूमा युद्धको नगरा

## विश्व-क्रान्ति-योद्धा चे ग्वेभाराको धारावाहिक जीवनी -२

**"म क्युबाको मुक्ति अभियानसँग गाँसिएको छु । मुक्ति अभियानमा कि म बिजयी हुन्छु कि मर्छु ......."**

*एफ बी आई (FBI) का एजेन्टहरूले यूनाइटेड फ्रुट कम्पनीको सरकारलाई चुनौति दिने जो कोहीलाई पनि गिरफ्तार गर्ने र मार्ने कार्य गरिरहेको बेला म त्यहाँबाट ग्वाटेमालाबाट भागेर मेक्सिको गएँ ।*

ग्वाटेमालामा ज्याकोब आर्बेन्जको सुधारवादी सरकारलाई अमेरिकी साम्राज्यवादको भरौटे सेनाले अपदस्थ गरेपछि क. चे ग्वेभारा ग्वाटेमालास्थित अर्जेन्टिनाका राजदूतको सहयोगमा सेप्टेम्बर २१, १९५४ मा मेक्सिकोमा सुरक्षित रुपले भाग्न भएको थियो । उहाँले अपरिचित र भीडभाडयुक्त मेक्सिकोको रेल स्टेशनदेखि लिएर सरकारमा समेत अमेरिकी साम्राज्यवाद र त्यसका पिट्ठूहरुको बोलवाला देख्नु भयो, तर उहाँले आम मेक्सिकोबासीलाई भने साम्राज्यवाद विरोधी पाउनु भयो ।

रेलयात्राको क्रममा अचानक नै उहाँका साथी बनेका ग्वाटेमालाको श्रमिक पार्टीका सदस्य एवं पत्रकार पाताजो र उहाँ पोर्टोरिकोका निर्वासित नेता जुआन जुआर्बेको शरणमा पुग्नु भयो । अर्द्ध भोकमरीको स्थितिमा बाँचिरहेका जुआनको परिवारमा बसेर उहाँले जीविकाको लागि फोटोग्राफरको काम गर्न थाल्नु भयो । अत्यन्त कठोर र कठीन जीवनयापन गर्न पनि नपुग्ने यस पेशालाई उहाँले केही महीनासम्म मात्रै अँगाल्नु भयो ।

### धारावाहिक

विश्व-क्रान्ति-योद्धा क. चे ग्वेभाराको ६७ औं जन्म दिवसको उपलक्ष्यमा हामीले गतांकदेखि क. चे को धारावाहिक जीवनी प्रकाशन गर्ने सिलसिला थालेका थियौं । गतांकमा हामीले 'चे ग्वेभारा कसरी क्रान्तिकारी हुनुभयो ?' भन्ने शीर्षकमा क. चेको जन्मदेखि लिएर मेक्सिको प्रवेशसम्मको बारेमा जीवन्त रिपोर्ट प्रस्तुत गरेका थियौं ।

एक जना मेडिकल डाक्टर भएर पनि अर्जेन्टिना, चिली, पेरू, बोलिभिया, ग्वाटेमाला र मेक्सिकोको जीवन एवं जगतको अध्ययन भ्रमणको क्रममा उहाँ कसरी क्रान्तिकारी हुनुभयो भन्ने कुरासम्म त्यस रिपोर्टमा तपाईंहरूले पढ्नु भयो ।

यस अंकमा पढ्नुहोस्- मेक्सिको प्रवासकालमा कसरी चेले क. फिडेल क्यास्त्रोसँग भेट्नु भयो ? कसरी क्युबामा छापामार युद्धको तयारी गर्नुभयो ?

साथमा, क्युबाको प्रथम छापामार संघर्षको रोचक रिपोर्ट ।

- मूल्याङ्कन

एउटा राम्रो डाक्टर भएर पनि उहाँले सडकको फोटोग्राफर बन्दै जेनतेन बाँच्नु परिरहेको आफ्नो स्थिति बदल्न उहाँले पत्रकारिता पेशा अँगाल्ने विचार गर्नुभयो । तर कहींकतैबाट पनि पत्रकारको रुपमा नस्वीकारिएपछि उहाँ जीउनयोग्य पारिश्रमिक मिल्न नयाँ नयाँ काम खोज्दै हिंड्नु भयो ।

यसैबीच, ग्वाटेमालाबाट क. चेकी प्रेमिका हिल्डा गाडिया पनि मेक्सिको आईपुगिन् । हिल्डासँग उहाँको भेटघाट ग्वाटेमालामै भएको थियो । स्पेनीश र रेड इण्डियन रक्त मिश्रित-मेस्तिजो जातिकी हिल्डा पेरुका तानाशाह जनरल ओडिराद्वारा प्रतिबन्धित वामपन्थी पार्टीकी कार्यकर्ता थिइन । लिमाको सान मार्कोस विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातक गरेकी हिल्डा पेरुको राष्ट्रिय अर्थतन्त्र सम्बन्धी विभागका लागि संचालित स्टेट इन्स्टिच्यूटमा काम गर्दागर्दै तानाशाही शासनको दमन खप्न नसकेर ग्वाटेमालाको आर्बेन्ज सरकारको शरणमा गएकी थिइन् ।

चेले जस्तै सिंगै ल्याटिन अमेरिका घुमेकी, कलामा रुचि लिने र आफूलाई मार्क्सवादी विचारकी भन्ने

## छापामार संघर्षको लागि मेक्सिकोमा भूमिगत तयारी

# "१९५६ सम्ममा हामी कि स्वतन्त्र हुनेछौं कि शहीद हुनेछौं"

हिल्डासँगको चेको परिचय विस्तारै प्रेममा परिणत भएको थियो ।

ग्वाटेमालामा चेसँग बसेको प्रेमले तानेर हिल्डालाई पनि मेक्सिकोमा ल्याई पुऱ्याएपछि चेको जीवन झन् कठीन भयो । कामको खोजीकै क्रममा उहाँले स्थानीय प्रकाशन संस्थाको हकर भई काम गर्नु भयो । तर त्यस काममा पनि उहाँ सफल हुनु भएन । त्यसपछि उहाँले किताब प्रदर्शनीमा राती पालो बस्ने पहरेदारको काम गर्न थाल्नु भयो । चेले त्यहाँ पहरा बस्दाबस्दै एकपछि अर्को किताब लगातार पढ्न थाल्नु भयो ।

यस कठीन जीवनको क्रममा उहाँ अन्ततः स्थानीय अस्पतालको एलर्जी वार्डमा काम पाउन सफल हुनुभयो । यस सफलताको सिँढी चढ्दै उहाँले केही समयको लागि नेशनल युनिभर्सिटीको मेडिकल विभागमा लेक्चर दिने काम पनि थाल्नु भयो । त्यसपछि कार्डियोलोजी इन्स्टिच्यूटमा बैज्ञानिक अनुसन्धान कार्यमा समेत हात हाल्न थाल्नु भयो । यसै सिलसिलामा फ्रेन्च अस्पतालमा बिरालाहरुमाथि गरिएको अनुसन्धान कार्यमा सहयोगी समेत हुनुभयो ।

डाक्टरीको अध्ययन अनुसारको पेशा मिलेपछि उहाँ जीविकाकै लागि मात्र डेराबाट अस्पताल र अस्पतालबाट डेरा गरिरहनु भएन । त्यसबीच पनि मेक्सिकोको बिग्रँदो राजनीतिक अवस्थामा विकसित भएको त्यहाँको वामपन्थी आन्दोलनलाई सघाउ पुऱ्याउन उहाँ अलिकति पनि पछि पर्नु भएन । मेक्सिकोका श्रमिक जनता, कवि-कलाकारहरुसँगको जीवन्त सम्पर्कले उहाँलाई क्रान्तिकारी डाक्टरको भूमिका खेल्न सहयोग पुऱ्याइरहेको थियो ।

अस्पतालमा आफ्नो ड्यूटीमा काम गरिरहँदा जून, १९५५ को एक दिन अचानक दुइ जना क्युबालीहरु डाक्टरसँग समय मिलाउन आए । ती दुई क्युबालीहरुमध्ये एक निको लोपेज थिए, जोसँग डा. चेको ग्वाटेमालाकै बसाइको क्रममा भेटघाट भएको थियो । निकोले त्यस बेलै डा. चेसँग क्युबामा क. फिडेल क्यास्त्रोको नेतृत्वमा 'मोन्काडा ब्यारेक'माथि भएको सशस्त्र आक्रमणको बारेमा लामो कुराकानी गरेका थिए । आफ्ना पुराना साथी निकोसँगको यस अचानक र अप्रत्यासित ढंगले भएको भेटघाटको क्रममा निकोले मोन्काडा ब्यारेकमाथि आफूसँग आक्रमण गर्न जाँदा गिरफ्तार भएका कमरेडहरु रिहा भएपछि मेक्सिको सिटीमा आएको कुरा बताउन अलिकति पनि ढिलाइ गरेनन् । अझ तुरुन्तै सशस्त्र संघर्ष छेड्ने तयारी भइरहेको कुरा समेत जानकारी दिएपछि त डा. चेको मुटुको धडकन पनि बढ्यो ।

यस अप्रत्याशित भेटघाटपछि निकोले डा. चेलाई क. फिडेल क्यास्त्रोका भाइ क. राउल क्यास्त्रोसँग केही दिन पछि नै सम्पर्क गराए । चेले क. राउल क्यास्त्रोबाट अमेरिकी साम्राज्यवाद समर्थित बतिस्ताको तानाशाही शासन विरोधी जन-संघर्ष र मोन्काडा सशस्त्र संघर्षका साथै आगामी क्रान्तिकारी आन्दोलनबारे थाहा पाउनु भयो ।

अत्यन्त शिष्ट ढंगले, विद्वतापूर्वक छलफल गर्नु हुने क. राउलसँग चेको सम्पर्क विस्तारै मित्रतामा बदलियो । त्यसपछि क. चेले न्यूयोर्कमा क्युबाली आप्रवासीहरुसँग क्युबाली क्रान्तिका लागि आर्थिक सहयोग जुटाउन हिंड्नु भएका क. फिडेल क्यास्त्रोसँग तुरुन्तै भेटघाट गर्न पाउनु भयो ।

**"१९५६ सम्ममा हामी कि स्वतन्त्र हुनेछौं कि शहीद हुनेछौं !"**

ठूलो जनदवावद्वारा क्युबाली जेलबाट रिहा भएपछि यस उत्तेजक नारासहित आगामी क्युबाली क्रान्तिको लागि क. क्यास्त्रो तयारी गर्न लागिपर्नु भएको थियो । यसै सिलसिलामा क्यूबाको कुना काप्चादेखि लिएर अमेरिकासमेत भ्रमण गर्नु भएपछि जुलाई ९, १९५५ मा उहाँ मेक्सिको सिटीमा जानु भयो । क. राउलले उहाँसँग ग्वाटेमालाको संघर्षमा सहभागी हुनुभएका युवा डाक्टर चेको बारेमा कुराकानी गर्नुभयो र भेटघाटको समय मिलाउनु भयो ।

क. चे र क.क्यास्त्रोको प्रथम भेट त्यस्तो ठाउँमा भयो, जुन ठाउँलाई क्यूबाली क्रान्तिकारीहरुले आफ्नो हेडक्वार्टरको रुपमा प्रयोग गरिरहेका थिए । एक क्यूबाली क्रान्तिकारी शहीदकी दिदी, मेक्सिकोबासीसँग बिहे गरी बसेकी क्यूबाली महिला मारिया अन्तोनिया गोन्जालेजको अम्पारान स्ट्रीटस्थित अत्याधुनिक घरमा उहाँहरुको प्रथम भेट भएको थियो ।


प्रथम भेटको कुराकानीको पहिलो विषय अन्तर्राष्ट्रिय राजनीति थियो ।

**'त्यसपछि हामीले ओरियन्टेबाट शुरु हुने हाम्रो आगामी सैनिक अभियानको बारेमा कुराकानी गर्‍यौं । कुराकानीको क्रममा देखें- चेसित मसँगभन्दा बढी परिपक्व क्रान्तिकारी विचार छ, विचारधारा र सिद्धान्तमा उहाँ बढी विज्ञ हुनुहुन्थ्यो । मसँग तुलना गर्ने हो भने, उहाँ मभन्दा ठूलो क्रान्तिकारी हुनुहुन्थ्यो ।'**- *क्यास्त्रो ।*

उक्त प्रथम कुराकानीबारे क. चे के भन्नुहुन्थ्यो त ?

क. चेकै भाषामा भन्ने हो भने, उहाँहरुले त्यसदिन रातभरि कुरा गर्नुभयो । विहानसम्ममा आउँदो सैनिक अभियानमा डाक्टरको भूमिका खेल्न डा. चेलाई स्वीकृति प्रदान गरियो । क. फिडेलले चेलाई यसरी प्रभावित पार्नु भयो कि चेमा आफ्नो विगतको संघर्षको अनुभवका कारणले क्रान्तिकारी संघर्षमा साँच्चै नै सहभागी हुनसक्ने विश्वास जाग्यो । कुनै विशिष्ट व्यक्तिको प्रभाव दिन सफल क. फिडेलबारे चेको मूल्याङ्कन यस्तो थियो- **"उहाँ आफ्नो लक्ष्यप्रति चट्टानझैं दृढ हुनुहुन्थ्यो र अत्यन्त जटील समस्यालाई पनि सजिलै हल गर्न सक्षम हुनुहुन्थ्यो ।"**

प्रथम भेटघाटपछि क्युबाको क्रान्तिको लागि गरिने सैनिक अभियानका लागि छानिएका डा. चे पनि आगामी अभियानका लागि तयारीमा जुट्न थाल्नु भयो । तयारीको क्रममा ठूलो धनराशि, अभियानका लागि आवश्यक व्यक्तिहरु, हातहतियार, लत्ता-कपडा, खाना र औषधीको जोरजाम गर्नेदेखि लिएर छापामार युद्धको प्रशिक्षण



*आफ्नी छोरीको साथमा मेक्सिको जेलको आँगनमा (१९५६)*

अखबारहरुले उहाँको नाम मस्कोको एजेन्ट र 'अन्तर्राष्ट्रिय कम्युनिष्ट भँडुवा' भनेर उछाल्ने काम गरेका थिए ।

'चेसित मसँग भन्दा बढी परिपक्व क्रान्तिकारी विचार छ । विचार धारा र सिद्धान्तमा उहाँ बढी विज्ञ हुनुहुन्थ्यो - क्यास्त्रो



*छापामार संघर्षको क्रममा क. राउल क्यास्त्रोको साथमा क. चे*



क्युबाली क्रान्तिका नायकहरू क. फिडेल क्यास्त्रो र क. चे ग्वेभारा

दिने र जहाजको खोजी गर्ने काम तीव्रताका साथ अत्यन्त गोप्य ढंगले अगाडि बढ्यो ।

घरपति मारियो अन्तोनियाँको सम्पर्क सूत्रबाट आर्सासियोबाट प्रेसर रेस्टलिङ्गको सहयोग लिने एवं अन्य छापामार युद्ध कौशलहरु सिक्ने कार्य उहाँहरुले गर्नुभयो । स्पेनको गृहयुद्धमा फ्रान्कोको फासिवादी शक्तिविरुद्ध जनताको पक्ष लिएर लडेका क्युबामा जन्मेका स्पेनी कर्नेल अल्बर्टो बायोको उपयोगी किताब- 'One Hundred and Fifty Questions to the Guerrillero' को अध्ययन गर्ने काम पनि थालियो । कर्नेल बायोबाट अन्ततः उहाँहरुले मेक्सिको सिटीबाट ३५ कि.मी. टाढा अवस्थित सान्ता रोजा नामक पहाडी जंगली इलाकामा छापामार रणकौशलको प्रशिक्षण प्राप्त गर्नुभयो ।

सान्तारोजामा डा. चेको अगुवाइमा अधिकांश क्युबाली क्रान्तिकारीहरुले छापामार प्रशिक्षण प्राप्त गरे, तर क. फिडेल भने कहिलेकाहीं मात्र त्यहाँ आउनु हुन्थ्यो । उहाँ विशेषतः छापामार अभियानको सम्पूर्ण तयारीको जिम्मा लिई पैसा र हतियार बटुल्ने, क्युबाको जन-संघर्षलाई बाह्य सहयोग र समर्थन जुटाउने र आवश्यक खबर क्यूबा पठाउने, अन्य थुप्रै समूहहरुसँग वार्ता चलाउने, क्युबाको संघर्षबारे लेख र अपील लेख्ने, प्रचार प्रसार गर्ने कार्यमा खटिरहनु भएको थियो ।

उता, अमेरिकी साम्राज्यवादको नजरमा 'प्रजातन्त्र र स्वतन्त्रताको विश्वासिलो रक्षक' एवं सबैभन्दा भलाद्मी व्यक्ति ठानिने तानाशाह बतिस्ताले वामपन्थीहरु लगायत सम्पूर्ण विपक्षीहरुमाथि फासिवादी शैलीमा दमन गरिरहेको थियो । र, क्यूबाली श्रमिक, विद्यार्थी र बौद्धिकहरु तानाशाही शासनकको विरोधमा लडिरहेका थिए ।

बतिस्ताको सरकारले आफ्नो दमन अभियानलाई अमेरिकी साम्राज्यवादको सहयोगमा मेक्सिको लगायत क्यूबाली प्रवासीहरु बसिरहेका ल्याटिन अमेरिकाको प्रत्येक मुलुकमा विस्तार गरिरहेको थियो । यसै सिलसिलामा सी.आई.ए.को निर्देशनमा मेक्सिकोका गुप्तचर प्रहरीहरुले जुन २२, १९५६ मा क. क्यास्त्रोलाई राजधानीको सडकबाटै गिरफ्तार गरे । त्यसपछि उहाँहरुको हेडक्वार्टर-मारिया अन्तोनियाको घरमै छापा मारियो र त्यहाँ आउने अन्य कान्तिकारीहरुलाई जालो बुनेर पक्रियो । सान्ता रोजामा छापा मारेर डा. चेका साथै अन्य कमरेडहरुलाई पनि गिरफ्तार गरियो ।

यसरी पक्रन सक्नुमा उहाँहरुभित्र घुस्न सफल भएको, बतिस्ता सरकारको एक गुप्तचरकै भूमिका रहेको कुरा पछि मात्रै थाहा भयो । गिरफ्तारीपछि मिगेल शुल्ज जेलमा बन्दी बनाइएका क्यूबाली क्रान्तिकारहरुमध्ये सबैभन्दा कडा निगरानी डा. चे माथि राखियो । किनकि अखबारहरुले उहाँको नाम ग्वाटेमालाको आर्बेन्ज सरकारसँग जोड्ने, मस्कोको एजेन्ट र 'अन्तर्राष्ट्रिय कम्युनिष्ट भँडुवा' भनेर उछाल्ने काम गरेका थिए ।

क. फिडेल क्यास्त्रोको र क्यूबाली क्रान्तिकारीहरुको यस प्रयास पनि मोन्काडा आक्रमण जस्तै असफल भयो । तर होइन, प्रत्येक असफलताको चिहानबाट उठ्दै शत्रुको चिहान खन्ने दृढ प्रतिज्ञासहित अगाडि बढ्ने ती क्रान्तिकारीहरु मेक्सिकोका प्रगतिशील शक्तिहरुको दवाववश महीना दिनभित्रै रिहा भए, सिर्फ डा. चे र क्यालिस्तो गार्सिया बाहेक । अवैध रुपमा मेक्सिको प्रवेश गरेको समेत आरोप लागेका उहाँहरुलाई ५७ दिनसम्म मेक्सिकोको जेलभित्रै बन्द गरियो । यसबीच डा. चेसँग विवाह गरेको वर्ष दिन नै नहुँदै हिल्डालाई पनि गिरफ्तार गरियो, तर उहाँहरु तीनै जनालाई पछि एक्कै चोटि रिहा गरियो ।

डा. चे जेलभित्र बन्दी जीवन बिताइरहेको बेला क. क्यास्त्रो र उहाँका कमरेडहरुले पुनः गोप्य रुपमा आफ्नो सशस्त्र संघर्षको तयारीलाई तीव्रताका साथ अगाडि बढाउनु भएको थियो । क्यूबामा छापामार संघर्ष शुरु गर्नका लागि आवश्यक रकम, हतियार बटुल्ने, आश्रमस्थलको खोजी गर्ने, गोप्य सूचना प्रणाली र संकेतहरुको निर्माण गर्ने र ससाना समूहरुमा क्रान्तिकारीहरुलाई विभाजन गरी मेक्सिकोका अत्यन्त दुर्गम पहाडी-जंगली क्षेत्रहरुमा सैनिक प्रशिक्षण दिने कार्य थालिसकिएको थियो ।

उहाँहरुले १२ हजार डलर तिरेर स्विडीश नृतत्वशास्त्री वेन्नर ग्रेनबाट ८ देखि १२ जनासम्म आरामसँग बस्न हुने ग्रान्मा (Granma) नामक नौका किन्ने एवं जेलका साथीहरु क. चेहरुसँग निरन्तर सम्पर्क गरिरहने कार्य जारी राख्नु भयो । क. चे र क. गार्सियाले जेलबाट क. क्यास्त्रोहरुलाई समय र शक्ति खेर नफाली तुरुन्तै सैनिक अभियानलाई छिटो भन्दा छिटो शुरु गर्ने सुझाव दिनु भएको थियो । तर क. फिडेलले स्पष्ट शब्दमा 'म तपाईलाई छोड्न चाहन्नँ' भन्ने जवाफ दिनु भई "सँगै जिऔं, सँगै लडौं र सँगै मरौं" भन्ने बिचार प्रकट गर्नु भयो ।

रिहा भएपछि क. चे पुनः उही जोश र क्रियाशीलताका साथ क्युबाली संघर्षको तयारीमा जुट्नु भयो । प्रहरीहरुले क्युबाली क्रान्तिकारीमाथि निगरानी राख्ने र क्यूबाली क्रान्तिकारीहरु प्रहरीको आँखा छलेर लुकामारी खेल्दै भूमिगत रुपले क्रियाशील भइरहे । यस क्रियाशीलतालाई बल दिने र निरुत्साहित गर्ने काम पनि त्यसबीच भइरह्यो ।

यसैबीच, फ्रान्क पाइसले क्युबाली शहर सान्टियागोबाट विद्रोह गर्ने सूचनासहित ८ हजार डलर सहयोग राशि ल्याए । उता क. फिडेलकै अंगरक्षक राफेल डेल पिनोले आफ्नो नाममा किनी राखेको 'ग्रान्मा' जहाजमा रेडियो उपकरण राख्न अनिच्छा प्रकट गरे । पछि थाहा लाग्यो, उनले त आफ्नो क्रान्तिकारिता र इमान्दारितालाई १५ हजार डलरमा मेक्सिकोस्थित क्युबाली दूतावासलाई बेचिसकेका रहेछन् ।

त्यसैले क. फिडेलको आदेशअनुसार बेइमान अंगरक्षकलाई एक्ल्याएर छिटोभन्दा छिटो मृत्युको मुखबाट बचेर भाग्नका लागि तयारी गरियो । मेक्सिकोको खाडीस्थित माछा मार्नका लागि प्रशिद्ध सानो शहर तक्सपानमा हातहतियार र अन्य सरसामानसहित सबै क्रान्तिकारीहरु उपस्थित हुने र केही हातहतियार मेक्सिकोमै भावी संघर्षको लागि सुरक्षित राखी राख्ने अत्यन्त जरुरी आदेश जारी

**"हामी शत्रुबाट परास्त भएका छौं, तर तिनीरुले हामीलाई नष्ट चाहिं कदापि गर्न सक्दैनन् । हामी फेरि लड्नेछौं र यो युद्ध जितीछाड्नेछौं ।"**



क. फिडेल क्यास्त्रोसँगै छापामार संघर्षको योजना बनाउँदै (बायाँ चे.)

गरियो। क्यूबाको ओरियन्तेको राजधानी सान्टियागोमा 'The book is sold' भन्ने गोप्य कोड भाषाको टेलिग्राम पठाएर आफ्ना सहयोगी क्रान्तिकारीहरुलाई बिद्रोह गर्ने निर्देशन जारी गरियो।

क. चेले आफ्नो ओखतीमूलो सम्बन्धी सरसामान र छापामार दस्ताको डाक्टरको जिम्मेवारीसहित आफ्नी सानी छोरी र पत्नी हिल्डासित विदा माग्नु भयो। उहाँले सुतिरहेकी आफ्नी सानी छोरीलाई प्रेमपूर्वक म्वाई खानुका साथै आफ्नो अर्जेन्टिनास्थित परिवारलाई विदाई-पत्र लेख्नु भयो।

पत्रमा उहाँले लेख्नु भयो- "म **क्यूबाको मुक्ति अभियानसँग गाँसिएको छु। मुक्ति अभियानमा कि म बिजयी हुन्छु कि मर्छु.......।"**

क. चेलाई आँसु र हर्षमिश्रित विदाई दिंदै हिल्डाले लेखिन्- "**मैले क्यूबाको क्रान्तिको लागि आफ्नो पतिलाई गुमाएँ।"**

क. चे क्युबाली क्रान्तिको अभियानमा सहभागी हुनको लागि हतार-हतार आफ्ना अन्य चार जना कमरेडहरुका साथ तक्सपान शहरतिर लाग्नु भयो। प्रहरीहरुको आँखा छलेर कठीन यात्रा गरेर क. चेहरु तक्सपान शहरको बन्दरगाहमा पुगेपछि त्यहाँ उहाँलाई कुरेर बसिरहनु भएका क. क्यास्त्रोले 'ग्रान्मा' नामक जहाजलाई पूरा स्पीडमा हाँक्न आदेश दिनु भयो।

१२ जनासम्म बस्न मिल्ने, बच्चाहरुको खेलौनाजस्तो जहाजमा ८२ जना कमरेडहरु हातहतियार, खरखजाना र अन्य सैन्य सामग्रीसहित मेक्सिकोबाट क्युबातिर, क्युबाको मुक्तिको लागि छापामार संघर्ष थाल्न २५ नोभेम्बर, १९५६ मा अगाडि बढे। २४०० कि.मी. लामो अत्यन्त कष्टकर र दुर्गम क्यारिबयन सागरको समुद्री बाटोभरि नै क्यूबाली राष्ट्रिय गीत र जुलाई २६ आन्दोलन (July 26 Movement) सम्बन्धी क्रान्तिकारी गीतहरु गाउँदै ती कमरेडहरु मनमनै आफ्नो पूरानो संकल्प दोहोऱ्याउँदै थिए-

**"१९५६ भित्र हामी कि वीर हुन्छौं कि शहीद हुन्छौं !"**

## सिएरा माइस्त्राका पहाडहरूमा युद्धको नगरा

क. क्यास्त्रो र क्यूबाली क्रान्तिकारीहरुले बनाएको नोभेम्बर ३० तारिखमा सान्टियागो नजीकैको निकारो भन्ने गाउँमा जहाज अवतरण गर्ने योजना कठीन समुद्री मार्गले असफल पारिदियो। निकारो गाउँबाट लुकीछिपी सान्टियागो शहर पसेर फ्रान्क पाइस र अन्य क्रान्तिकारीहरुले गर्ने विद्रोहलाई साथ दिने योजना पहिले नै बनेको थियो।

त्यही योजनाअन्तर्गत बिहान सबेरै ५.४० बजे फ्रान्क पाइस र अन्य क्यूबाली क्रान्तिकारीहरुले सान्टियागो शहरमा सशस्त्र प्रदर्शनद्वारा सरकारी अफिसहरुमाथि कब्जा जमाउने कार्य गरी विद्रोहको थालनी गरे। तर शहरमाथि तुरुन्तै कब्जा जमाउनका लागि आवश्यक विद्रोहीहरुको संख्याको अभावमा, क. क्यास्त्रोको दल समयमै नआइपुगेको स्थितिमा तानाशाह बतिस्ताको सरकारी सेनाले उनीहरुमाथि आक्रमण गर्न थाल्यो।

यस विद्रोह र विद्रोह-दमनको समाचार रेडियोबाट मात्र सुने- विद्रोहलाई सहयोग गर्न क्यूबा पस्दै गरेका क. क्यास्त्रोको अभियान दलका क्रान्तिकारीहरुले। एक डिसेम्बरमा दानापानी, इन्धन आदिको अभावमा समुद्री आँधीको कारणले दिशाहीन ढंगले अगाडि बढिरहेका क्यूबाली क्रान्तिकारीहरु अन्ततः दिउँसै बेलिक भन्ने ठाउँमा आफ्नो जहाज अवतरण गर्न पुगे। त्यहाँ बसिरहेका सरकारी तटरक्षक पहरेदारले उनीहरुलाई रोके र बतिस्ताका सेनालाई टेलिग्राफ गरेर हवाई आक्रमण गर्न सूचित गरे।

कैयौं दिनदेखि भोकै, समुद्री रोगले बिमारग्रस्त र दिशाहीन भएका क्रान्तिकारीहरुमाथि ५ डिसेम्बरमा 'अलेग्रिया डे पियो' भन्ने ठाउँमा पुगेर आराम गर्न लाग्दा हवाइ आक्रमण भयो। बतिस्ता तानाशही शासकका सेनाहरुद्वारा हवाइ सेनामार्फत गरेको यो अप्रत्याशित आक्रमणमा परी आधीभन्दा बढी क्रान्तिकारीहरु मारिए, २० जनाजति गिरफ्तार गरिए। तिनीहरुमध्ये अधिकांशलाई यातना दिइयो र मारियो। डा. चे घाइते हुनु भयो। घाइते चेले प्रथम युद्धमै स्टेथेस्कोपको सट्टा बन्दूक समाएर बतिस्ताका सैनिकहरुको प्रतिरोध गर्नुभयो।


कार्यनीतिक गल्तीका कारणले बतिस्ताका सैनिकहरुद्वारा परास्त गरिएका क्रान्तिकारीहरु विस्तारै विस्तारै एकत्रित भए। डा. चे र क. अल्मइदाको ५ जनाको समूह भोलिपल्टै क. क्यास्त्रोको समूहसँग पुनः एकाकार भयो। तर क. राउल क्यास्त्रोको नेतृत्वमा रहेका क्रान्तिकारीहरु भने केही दिनपछि मात्रै उक्त समूहसँग मिसिन आइपुगे।

क. अल्मइदाको समूहसँग भेटघाट भएपछि क. क्यास्त्रोले भन्नुभयो- "**हामी शत्रुबाट परास्त भएका छौं, तर तिनीरुले हामीलाई नष्ट चाहिं कदापि गर्न सक्दैनन्। हामी फेरि लड्नेछौं र यो युद्ध जितीछाड्नेछौं।"**

घाइते बाघ जसरी खतरनाक हुन्छ, त्यसरी नै खतरनाक ढंगले क्यूबाली क्रान्तिकारीहरु आफ्ना दर्जनौं कमरेडहरुको शहादतको मूल्यमा पराजयबाट सिकेका पाठहरुसहित आगामी संघर्षको खाका खिंच्न लागि परे। उनीहरुले 'ला प्लाता' नदी नजीकै रहेको तानाशाह बतिस्ताको सैनिक चौकीमाथि सफलतापूर्वक आक्रमणको योजना बनाउन थाले।

क्रमशः..........

बलियो, भरपर्दो, टिकाउ र सुरक्षित एवं अत्याधुनिक



हनुमान छाप

कर्कट पाता तथा जस्ता पाता

संधै प्रयोग गरौं /

सुन्दर ब्राण्ड नेल्स र कीलाकाँटी

उत्पादकः सुन्दर स्टील प्रा. लि. वीरगंज

फोन नं. ०५१-२३१०२, २-१८२४ (विरगंज/अफिस), २-७०७३०, २-७०४५६ (काठमाडौं/अफिस)

पाँच कक्षा मात्र पढेको एउटा नेपाली गाउँलेले नौला नौला मानव उपयोगी वैज्ञानिक प्रविधि आविष्कार गऱ्यो भन्दा धेरैलाई पत्याइनसक्नुको विषय हुन सक्छ। तर वडा नं. ५, आलोक विहार, आर्य भञ्ज्याङ्ग, पाल्पाका ३९ वर्षीय युवा वैज्ञानिक केवली न्यौपानेलाई भेटेपछि पूरापूर पत्यार हुन्छ– कठोर मिहेनत र असीम जिज्ञासा भयो भने कम पढेका मानिसले पनि आश्चर्यजनक प्रगति गर्नसक्छन् । केवली न्यौपानेले आफ्नै साधनाको सहाराले वैज्ञानिक प्रविधिको क्षेत्रमा यस्तै प्रगति गरेर देखाएका छन् ।

उनले हालै २०५२ सालको शुरुमै हावा वा नदीको पानीको वेगको दवावले चल्ने एउटा यस्तो नयाँ प्रविधिको आविष्कार गरेका छन्, जसको सहराबाट नेपालका बेसीमा बगिरहेका खोलाको पानी माथि लेक र डाँडाकाँडामा पुऱ्याउन सकिन्छ। यो प्रविधिबाट नेपालका पहाडी क्षेत्रमा हरित– क्रान्ति ल्याउन संभव छ। तर गरीब परिवारमा जन्मेका हुनाले पूँजीको अभावमा उनले यो नयाँ प्रविधिलाई मेशिन नै बनाएर सार्वजनीकरण गर्न सकिरहेका छैनन् । उनी सरकारी सहयोगको खोजमा छन्, जुन अझै मिल्न सकेको छैन ।

यति मात्र होइन, उनले २०५१ सालमा त्यस्तो प्रविधि पनि आविष्कार गरेका छन्, जसबाट पहाडी क्षेत्रमा पाइपबाट पानी बाँड्दा होचो र अग्लो दुवै ठाउँमा समान रुपले पानीको बहाव हुन सक्छ, खालि होचो ठाउँमा मात्र पानी बेसी बहने हुँदैन। उनले यो नयाँ प्रविधिलाई नेपालमा पेटेण्ट पनि गराइसकेका छन् ।

उनले २०४८ सालमा एउटा गजबको नयाँ बाजा पनि आविष्कार गरेका छन्, जसबापत २०५१ सालमा उनलाई उत्कृष्ट राष्ट्रिय उद्यमी पुरस्कार प्राप्त भएको थियो । यो बाजाको पनि पेटेण्ट भइसकेको छ। सितार र गितार दुवैको अनौठो सम्मिश्रणसहित त्यो भन्दा नौलो मीठो आवाज निक्लने यो बाजाको नाम 'मधुकर' राखिएको छ। यसअघि उनले सारंगीको नयाँ नमूना पनि बनाइसकेका छन् ।


अहिले उनी त्यस्तो नयाँ प्रविधि पत्ता लगाउन मरिमेट्दैछन्– जसबाट पहाडी क्षेत्रमा समेत सुरक्षित यातायात प्रणाली चलाउन सकिन्छ । साथसाथै, उनी नेपालजस्तै देशको लागि उपयुक्त हुने पानी माथि फ्याँक्ने अति शक्तिशाली प्रविधि पनि आविष्कार गर्ने फेरोमा छन् ।

केटाकेटीदेखि नै वैज्ञानिक स्वभाव भएका केवलीलाई सरकारको सहयोगको ठूलो खाँचो देखिन्छ। सहयोग र भरथेग मिलेमा उनले नेपालको लागि सारै उपयोगी हुने थुप्रै वैज्ञानिक प्रविधिहरु यहीं विकास गर्नसक्ने देखिन्छ । के जिम्मेवार निकायको यसतर्फ ध्यान जाला ?

आफ्नो नयाँ प्रविधिबारे केवली न्यौपानेले आफैंले लेख्नु भएको लेख यहां प्रस्तुत गरिएको

सितार र गितारको अनौठो सम्मिश्रणयुक्त बाजाको आविष्कार पछि


# युवा नेपाली वैज्ञानिक केवली न्यौपानेको नयाँ आविष्कार



हामी जलस्रोतका धनी छौं। हाम्रो देशमा बगिरहने खोला-नाला र नदीहरुमा अथाहा उर्जाको उपयोग गरेर हामीले धेरै ठूल-ठूला उन्नति कार्य गर्न सक्छौं। तर यसतर्फ हामीले कुनै विशेष प्रगति गर्न सकिरहेका छैनौं । जे जति पनि गरिरहेका छौं, अर्कैको भरमा निकै महँगो र जटील प्रविधिहरु उपयोग गरिरहेका छौं । यस्तो रीतले प्रगति गर्दा हामीलाई आफ्नै खुट्टामा उभिन निकै अप्ठेरो भइरहन्छ। जटील विदेशी प्रविधिहरु उपयोग गरिनुको कारण जहाँ पनि प्राविधिक कठिनाइ उत्पन्न हुन्छ। यो कठिनाइ हल गर्न हामीले ठूलो धनराशी लिएर विदेशतिर दौड लगाउनु पर्छ या सहायताको लागि हात फैलाउनु पर्छ ।

वास्तवमा हाम्रो देशले विज्ञान र प्रविधिको क्षेत्रमा परिस्थिति सुहाउँदो नीति निर्धारण गर्न सकेको छैन । यहाँ विदेशी प्रतिभा र प्रविधिलाई स्वागत गर्ने व्यवस्था त छ, तर स्वदेशी सृजनशील प्रतिभाहरुलाई अघि बढाउनको निम्ति कुनै विशेष प्रोत्साहनको व्यवस्था छैन । अहिलेको परिस्थितिमा देशले प्राविधिक असक्षमतासँग जुधिरहनु परेको छ भने प्रतिभाहरुले आविष्कार अथवा खोजको निम्ति आवश्यक प्रोत्साहनको समस्यासँग जुधिरहनु परेको छ ।

यस्तो अप्ठेरो स्थितिको थाहा नलागेसम्म यहाँका प्रतिभाहरुले निकै परिश्रम गरेर देशको निम्ति केही गर्ने प्रयास गर्दैजान्छन् । गर्दैजाँदा यहाँ प्रोत्साहनको ठाउँमा हतोत्साह, प्रगतिको ठाउँमा दुर्गति र सम्मानको ठाउँमा अपमान हात लाग्दो रहेछ भन्ने पनि थाहापाउँदै जान्छन् । यस्तो थाहा लाग्नासाथ सक्नेहरु विदेशतिर दौड्नु नै बुद्धिमानी ठान्दछन् । हालत बिगारीसक्नेहरु कुण्ठित र अपहेलित भएर जीवन बिताउन बाध्य हुन्छन् । प्रतिभाहरु आफ्नै कमजोरीले पछि पर्न सक्छन्, तर देशको नीतिगत कमजोरीले गर्दा पछि रहन पर्नु भने सारै शर्मनाक स्थिति हो। यहाँ नयाँ प्रविधिहरु विकसित




केवली न्यौपानेद्वारा आविष्कार गरिएको अनौठो 'मधुकर' बाजा

गर्ने समस्याभन्दा सोर्स-फोर्स भिडाउनु पर्ने समस्या बढी जटील छ । यस्तो समस्यालाई समाप्त नगरेसम्म प्रतिभाहरुले सरलतापूर्वक केही गर्न सक्ने स्थिति हुँदैन ।

हाम्रो देश जलस्रोतको धनी छ । तसर्थ जलसम्बन्धी प्रयोग र परीक्षणको लागि सरकारले नेपाली प्रतिभाहरुलाई निरंतर आकर्षित र प्रेरित गर्दैरहनु देशको लागि धेरै राम्रो जुक्ति साबित हुन सक्छ । हामीले पानीबाट प्राप्त हुने उर्जाको बलले धेरै प्रकारका उद्योगहरु संचालन गर्न सक्छौं । सहायक यातायात व्यवस्था संचालन गर्न सक्छौं । बेसीमा बगिरहेको पानीलाई लेकसम्म पुर्‍याएर कृषियोग्य भूमिलाई सिंचाइ गर्ने व्यवस्था गर्न सक्छौं ।

मैले यही सिलसिलामा ठूल-ठूला खोला र नदीहरुमा बगिरहने पानीबाट वा हावाबाट प्राप्त हुने उर्जा (शक्ति)को बलले बेसीमा बगिरहेको पानीलाई सिंचाइको निम्ति अग्ला-अग्ला पर्वतहरुमाथि पुर्‍याउन सकिने नौलो प्रविधिको आविष्कार गरेको छु ।

## नयाँ प्रविधिको सैद्धान्तिक आधार

पानीमा उर्जा (भार तथा दवाब क्षमता) हुन्छ । धेरै पानी एकै ठाउँमा जम्मा गरेर वा धेरै पानीलाई एकै ठाउँबाट बगाएर पानीबाट प्राप्त हुने उर्जाको उपयोग गर्ने गरिन्छ । पानी बाफ बनेको स्थितिमा मात्र आफ्नो सतहभन्दा माथि जान सक्छ, नत्र आफैं आफ्नो सतहभन्दा माथि जान सक्दैन ।

हावा (ग्यास) मा पनि उर्जा हुन सक्छ । यो तल-माथि जता पनि जानसक्छ । साथै, साघुरो ठाउँमा खाँदिएर बस्न सक्ने र फराक ठाउँमा फैलिन सक्ने क्षमता पनि यसमा हुन्छ । हावालाई कुनै विशेष यंत्रद्वारा ट्यांकी अथवा कुनै त्यस्तो बाहिर निस्कन नमिल्ने भाँडोमा भर्दै जाने हो भने हावा जति-जति खाँदिदै जान्छ, उति-उति फैलिनको निम्ति बल गर्दै जान्छ । यदि ट्यांकीमा लगातार हावा भर्दै जाने हो भने, हावाको शक्ति बढ्दै जान्छ, बढ्दै जान्छ । अन्तमा ट्यांकीको जुन भाग कमजोर छ, त्यस भागलाई फुटालेर हावा जोडले बाहिर निस्कन्छ । हावको तल माथि जता पनि जानसक्ने खुबी र खाँदिएको हावामा उत्पन्न हुने शक्तिलाई आधार बनाएर यो नयाँ प्रविधि विकसित गरिएको छ ।

यस प्रविधिका मुख्य तीन भाग छन् :-

- ❑ माथि चढाउने पानीको भार क्षमता ।
- ❑ हावाबाट प्राप्त हुने उर्जा तथा दवाब क्षमता ।
- ❑ पानीबाट प्राप्त हुने उर्जा तथा दवाब क्षमता ।

जस्तै, हामीलाई तल नदीको पानी रिम्घाको लेकमाथि चढाउनु छ । मानौं रिम्घाको लेक नदीको तीरदेखि १ किलोमिटर अग्लो छ । त्यस लेकको माथिसम्म पानी पुर्‍याउनको लागि हामीले १ किलोमिटर लामो २ इन्ची मोटो पाइप-लाइन बिछ्याएका छौं । उक्त १ किलोमिटर पाइप लाइनभित्र बस्ने पानीको मात्रा जम्मा ५ हजार लिटर हुन्छ र यो भागलाई सबैभन्दा शक्तिहीन स्थितिमा राख्नुपर्ने हुन्छ ।

तसर्थ, माथि बताइएको (५ हजार लिटर पानी) को भागलाई शक्तिहीन बनाउनको निम्ति हामीले हावा खाँदिएर भरिने मेशीन (कम्प्रेशर मेशीन) १० हजार लिटर दवाब क्षमता भएको राख्नुपर्छ ।

अर्कोतिर, माथितिर जानको निम्ति नदीबाट आउने पानीको ट्यांकी पनि १० हजार लिटर दवाब क्षमता भएको बनाउँनु पर्छ । यसो गर्दा हावा र आउने पानीको शक्ति बराबर हुन्छ । दुबैको शक्ति बराबर हुँदा हावाले आउने पानीलाई धकेलेर पछाडि हटाउन सक्दैन र पानीले हावालाई धकेलेर पछाडि हटाउन पनि सक्दैन ।


पाइप-लाइन बिछ्याउने, कम्प्रेशर जडान गर्ने, ट्यांकी बनाउने कामपछि माथि पानी जाने पाइप लाइन, ट्यांकीबाट पानी आउने पाइप-लाइन र हावा आउने पाइप-लाइनलाई एकै ठाउँमा जोड्ने संगम विन्दु (हावा र पानी मिल्ने ठाउँ) बनाइन्छ । संगम बिन्दु पानी ट्यांकीदेखि तल १० हजार लिटर पानीको पूरै दवाब पर्ने ठाउँमा बनाउनुपर्छ ।

अब हामीले कम्प्रेशरमा खाँदिएर बसेको हावालाई संगम बिन्दुतिर छोडीदिन्छौं । हावा तुरुन्त पायपभित्र फैलिन थाल्छ । पानी ट्यांकीको दवाब क्षमता पनि १० हजार लिटर भएको हुँदा हावा पानी टयांकीतिर जान सक्दैन । फैलिंदै गएको हावा सिधै रिम्घाको लेकतिर जान्छ । अन्तमा लेकमाथि पुगेर पाइपबाट बाहिर निस्कन्छ ।

अब हामी ट्यांकीको पानीलाई संगम-बिन्दुतिर छोडिदिन्छौं । स्मरणीय छ, हावाको दवाब क्षमता पनि १० हजार लिटर भएको हुँदा पानी हावा आउने पाइप लाइनतिर जान सक्दैन । यो रिम्घाको लेकमाथि जाने पाइप लाइनतिर जान्छ । तर पानी आफ्नो सत्तह (ट्यांकी बराबरी) भन्दा माथि जान नसक्ने हुँदा आफ्नो सतहसम्म पुग्दा-पुग्दै गतिहीन भएर हावाको बाटो रोकर बस्न थाल्छ । यस्तो स्थितिमा हावाले पानीलाई धकेलेर माथितिर उठाउन थाल्छ । पानीको आफ्नै दवाब क्षमता भएको हुँदा लगातार संगम-बिन्दुबाट अगाडि बढेर हावाको बाटो रोक्न आउँदै रहन्छ र हावाले लगातार पानीलाई धकेलेर माथितिर लैजाँदै

(बाँकी ३३ पेजमा)

## तल खोलाको पानीको दवाबले डाँडाकाँडामा पानी पुर्‍याउने प्रविधि



# वाम सरकार कि वाम बिसर्जन ?

**खगेन्द्र संग्रौला**

## चुनावी वाम एकताको खाँचो केका लागि ?

मूल्याङ्कन मासिकले आफ्नो प्रकाशनको थालनी गर्दा दुईवटा बाचा गरेको थियो । पहिलो, नेपाली कम्युनिष्ट आन्दोलनमा वैचारिक स्पष्टता प्राप्त गर्नका लागि विचार-अन्तर्क्रियाको चाँजोपाँजो मिलाई सघाउ पुऱ्याउन यसले कोशिश गर्नेछ र दोस्रो, यस प्रकारको विचार अन्तर्क्रियामार्फत् वैचारिक स्पष्टता प्राप्त गर्ने प्रक्रियामा समुन्नत संस्कार-संस्कृतिको निर्माण गर्नुपर्ने खाँचोतर्फ यसले कम्युनिष्ट आन्दोलनको ध्यानाकर्षण गर्नेछ ।

'मूल्याङ्कन" एक प्रतिष्ठित पत्रिकाको रुपमा स्थापित भएको छ र विचारको बजारमा यसको प्रतिस्पर्धी जोडा नभएकोले यो एक्लै आफ्नो क्षेत्रमा श्रेष्ठ देखिएको पनि छ । तर यसको मूल चिन्तन धारको सार केलाउन खोज्दा यसले आफ्नो मौलिक दुईवटा बाचा बिर्सदै गएको र सस्तो लोकप्रियता कमाउने व्यापारिक बाटोतर्फ यो लहसिन खोजेको हो कि भन्ने देखिन्छ । यसका निकट विगतका अंकहरुमा यो प्रवृत्ति निकै मुखर भएको छ । तर ती सबै दृष्टान्तहरुको नालीबेली अघि सार्नतर्फ नलागी असार अंकको मूल लेखको आधारमा मात्र म यहाँ केही टिप्पणी गर्नेछु ।

'मूल्याङ्कन'को असार अंकको मूल लेखको शीर्षक छ- 'के आगामी सरकार वाम सरकार हुन सक्छ ?' यसका लेखक मूल्याङ्कनका प्रधान सम्पादक श्याम श्रेष्ठ हुनुहुन्छ । यस लेखले निर्देशित गर्न खोजेको नेपाली वाम आन्दोलनको आगामी दिशा 'मूल्याङ्कन'का दुई बाचा अनुरुप छ कि तिनका विपरीत छ, यहाँ यो कुरा केलाएर हेर्नु जरुरी छ ।

एमाले प्रधानमन्त्री मनमोहन अधिकारीको सिफारिशअनुसार राजाले मध्यावधि निर्वाचनको घोषणा गरेपछि संसदीय राजनीतिको सेरोफेरोभित्र ठूलो खैलाबैला मच्चिएको छ । मध्यावधि निर्वाचनको घोषणा विरुद्ध नेपाली कांग्रेस, राप्रपा र सद्भावना पार्टीहरु एकगठ भई उन्मादपूर्ण रोषका साथ संघर्षको नाटक रच्नमा तल्लीन छन् । सत्ताधारी एमाले नेतृत्वचाहिँ आफ्नो सिफारिश अनुरुप राजाबाट घोषणा 'बक्स भएकोमा' उन्मादको स्तरमा आनन्द-विभोर छ, र मध्यावधिको घोषणा नै वर्तमान संसदीय संवैधानिक, आर्थिक-राजनीतिक संकटको निर्विकल्प समाधान हो भन्ने कुरा सिद्ध गर्न कटिबद्ध छ । संसदीय शिविरभित्रका यी दुई डफ्फा घोर शत्रुका रुपमा परस्पर आक्रमण र निन्दा गर्नमा मरिमेटेर लागिपरेका छन् । यस शत्रुतालाई ती दुबै डफ्फाले 'प्रजातन्त्रवादी' र 'साम्यवादी' शक्तिहरु माझको ध्रुवीकरण भनी प्रचार गरेका छन् र आगामी निर्वाचन यी दुईथरि मान्यता र मतबीचको जीवन-मरणको संग्राम हुनेछ भनी तिनले घोषणा पनि गरेका छन् ।

मध्यावधि निर्वाचनको पक्षमा र त्यसको विरोधमा डटेका दुई संसदवादी डफ्फाहरुमाझको द्वन्द्वमा अन्तर्निहित वर्गीय अन्तर्वस्तु र सार के हो ? के यीमध्ये एक डफ्फाले पूँजीवादी आदर्शको र अर्कोले साम्यवादी आदर्शको प्रतिनिधित्व गर्छन् ? के यो द्वन्द्व यथास्थिति र क्रान्तिकारी परिवर्तनबीचको द्वन्द्व हो ? के यो द्वन्द पूँजी र श्रमबीचको द्वन्द्व हो ?

यथार्थले प्रस्तुत गरेका तथ्यहरुले के कुरा छर्लङ्ग पार्छन् भने दुई संसदीय डफ्फाहरुबीचको यस द्वन्द्वले नेपाली समाजका विपरीत स्वार्थ भएका दुई वर्ग शोषक र शोषित वर्गका विपरीत हित, आदर्श र मूल्यको प्रतिनिधित्व गर्दैन । यो त थोत्रो पूँजीवादी संसदीय परिपाटीप्रति प्रतिबद्ध दुई राजनीतिक डफ्फा बीचको सत्ता स्वार्थको लागि लुछाचुँडी नै हो । उसोभए नेपाली कांग्रेस पक्षको संसदवादी डफ्फाले एमालेलाई संसदवाद विरोधी साम्यवादी भनी दोषारोपण गर्नु र बहुदलीय जनवादी एमाले नेतृत्वले आफूलाई साम्यवादी र अर्को डफ्फालाई प्रतिक्रियावादी भनी जिरह गर्नुका पछाडिको आशय, भ्रम वा चालबाजी के हो त ?

त्यो के हो भने, नेपाली कांग्रेसको धुरीमा एकगठ भएको प्रतिक्रियावादी डफ्फा चरम दक्षिणपन्थी, तसर्थ संसदीय परिपाटीको सीमाभित्रैबाट गरिने झीना-मसिना सुधारको समेत उग्र विरोधी हुनाले एमालेका चुनावमुखी खुद्रा कदमहरु र ती कदमहरुको अतिरञ्जित रोमान्टिक प्रचारबाट डरले थरहरी भएको छ । आफ्नो चरम दक्षिणपन्थी संकीर्ण मनोवृत्तिका कारण यसले यी सुधारका रङ्गीन प्रचारहरुलाई प्रचण्ड सामाजिक विप्लवका रुपमा हेरेको छ । अर्को कुरा, शाही संसदीय संरचना-अन्तर्गत नेतृत्वले निर्णायक शक्तिकेन्द्रका रुपमा रहेको राजतन्त्रको आशीर्वाद एमाले नेतृत्वले आफूबाट खोस्न लागेको देख्दा यस संसदीय डफ्फाले आफूलाई घरको न घाटको टुहुरो अवस्थामा पाएको छ । फेरि एमालेको विद्रोही पृष्ठभूमिको सम्झनामात्र पनि यस दक्षिणपन्थी डफ्फाका निम्ति त्यस्तो भूत भएको छ, जसले गर्दा एमालेका हरेक खुद्रा सुधारवादी कदम र प्रचारबाजीमा यसले विनाशकारी आगो बलेको र आफ्ना गर्दनमाथि झापाली खुकुरी नाचेको देख्छ । संसदवादी धारभित्र नव-प्रवेशी एमालेको स्फूर्ति र सापेक्ष लोकप्रियतामा यस डफ्फाले आफ्नो अनन्त मृत्युमात्र देखेको छ । यस पृष्ठभूमिमा, यो डफ्फा एमालेलाई स्तालिनवादी-माओवादी कम्युनिष्टका रुपमा चित्रित गरी राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतिक्रियावादको सहानुभूति र समर्थन प्राप्त गर्न र एमालेलाई सत्ता विमुख




> के यसो गर्नु भनेको जनगणतन्त्रवादी वाम शक्तिहरूले शाही संसद्वादी बहुदलीय जनवादको पुच्छरका रूपमा पतित हुनु होइन ?

**दुई संसदवादी डफ्फाबीचको सत्ताको लुछाचुँडीको क्रममा एमालेको बहुदलीय जनवादी नेतृत्वले नेपाली जनताको भाग्य लेखिदिने चित्रगुप्तका रुपमा मध्यावधि निर्वाचनको निम्ति राजालाई गुहार्‍यो ।**

*——— खगेन्द्र संग्रौला*



पार्न आतुर छ । मुख्यतः दरबारप्रतिको ताबेदारीमाथिको आफ्नो एकाधिकारलाई कायम राख्न यो आतुर छ र दरबारप्रतिको बहुदलीय जनवादी एमाले नेतृत्वको बढ्दो आशक्ति र ताबेदारीबाट औधी चिन्तित भएको छ ।

मार्क्सवादको मूलभूत क्रान्तिकारी सारलाई प्रतिक्रियावादी संसद्वादसामु समर्पित गरिसकेर पनि आफूलाई साम्यवादी भनिरहनुका पछाडि एमाले बहुदलीय जनवादी नेतृत्वका केही बाध्यताहरु छन् । पहिलो कुरा, एमाले विशाल पार्टी हो र श्रमिक जनसमुदायमाझबाट यसका जराहरु उखेलिसकिएका छैनन् । सर्वसाधारण जनताले कम्युनिष्ट भन्नासाथ एमालेलाई नै बुझ्छन् । कम्युनिष्टप्रति सर्वसाधारण जनताको असीम आकर्षण छ र एमाले नेतृत्व संसदीय कुर्सी प्राप्तिका निमित्त यस आकर्षणलाई भरपूर उपयोग गर्न चाहन्छ । दोस्रो कुरा, एमालेको तल्लो तहको व्यापक पंक्ति क्रान्तिकारी परिवर्तनको पक्षमा छ र मार्क्सवाद-लेनिनवाद र माओ विचारधाराप्रति यसको अगाध आस्था छ । बहुदलीय जनवादी एमाले नेतृत्वले आफूलाई मार्क्सवादी-लेनिनवादी भन्न छाड्नासाथ कार्यकर्ता र समर्थकहरुको त्यस पंक्तिले यसलाई मरेको मुसालाई उपियाँले त्यागे झैं त्यागिदिने छ । तेस्रो कुरा, बहुदलीय जनवादी एमाले नेतृत्वको नक्कली क्रान्तिकारितालाई एक भ्रान्तिकारी साधनका रुपमा उपयोग गरी नेपाली समाजको क्रान्तिकारी रुपान्तरणको प्रक्रियालाई निस्तेज तुल्याउनुमा स्वदेशी र विदेशी प्रतिक्रियावादको षड्यन्त्रकारी दाउ रहेको छ ।

दुई संसदवादी डफ्फाबीचको सत्ताको लुछाचुँडीको क्रममा एमालेको बहुदलीय जनवादी नेतृत्वले नेपाली जनताको भाग्य लेखिदिने चित्रगुप्तका रुपमा मध्यावधि निर्वाचनको निम्ति राजालाई गुहार्‍यो । संसदीय संरचनाअन्तर्गतका सम्भावित विकल्पहरुमध्ये एमाले नेतृत्वले यसलाई सर्वश्रेष्ठ विकल्प भनी प्रचार गरेको छ र श्याम श्रेष्ठले यसलाई 'खराबहरुमध्येका बेस विकल्प' मान्नु भएको छ । तर मेरो विचारमा संसदीय संरचनाअन्तर्गतका सीमित जन-अधिकारहरुको संरक्षणका दृष्टिले र पूँजीवादी प्रजातान्त्रिक मान्यताका दृष्टिले बेस होइन, खतरनाक विकल्प हो ।

संसद्वादीहरु यस व्यवस्था-अन्तर्गत संसद् सार्वभौम भएको र जनता सार्वभौमसत्ता सम्पन्न भएको कुरा गरेर कहिल्यै थाक्दैनन् । तर वास्तविकता यस कुराको सर्वथा विपरीत देखिएको छ । प्रधानमन्त्रीले आफ्नो गद्दी जोगाउन राजालाई गुहार्न पाउने संवैधानिक प्रावधानले संसदीय संरचनाको के कस्तो हैसियत प्रस्तुत गरेको छ त ? पहिलो कुरा, सत्ताधारी दलको दलीय स्वार्थ, गुट स्वार्थ वा लहडबाजीको मुखेन्जी संसद एक निस्तेज र पंगु संस्था सिद्ध भएको छ । दोस्रो कुरा, जन-निर्वाचित प्रतिनिधि भनिने सांसद्हरु संसद्का ढोडका लौरा सिद्ध भएका छन् । तेस्रो कुरा, पूँजीवादी संसदीय परिपाटी तथाकथित जनादेशको खोजीका नाममा भोका र नाङ्गा नेपाली जनताका थाप्लामा सालिन्दा अरबौं रुपियाको व्ययभार थोपर्ने अगस्ती भष्मासुर सिद्ध भएको छ । तथाकथित 'बेस विकल्प'को परिणामस्वरुप संसदीय संरचनाअन्तर्गत शक्तिको स्रोत र निर्णायक तत्वका रुपमा कसलाई स्थापित गरेको छ ? नाङ्गा आँखाले छर्लङ्गै देख्न सकिने सरल तथ्य के हो भने, सत्ता-शक्तिको स्रोत र निर्णायक तत्वका रुपमा सामन्ती राजतन्त्रलाई यसले स्थापित गरेको छ ।

गत वर्ष नेपाली कांग्रेसको गिरिजा गुटले चालेको स्वेच्छाचारी कदम र यस पटक एमालेको बहुदलीय जनवादी नेतृत्वले गरेको गिरिजा गुटको पाइलाको बफादारीपूर्ण अनुशरणद्वारा यो तथ्य ठोस रुपमा स्थापित भएको छ । मध्यावधि निर्वाचनका निम्ति दरबार सामु शिर निहुराउनुको अर्थ निर्वाचनको माग गर्नु मात्र नभई सत्र साले फौजी काण्डलाई जानाजान आमन्त्रण गर्नु पनि हुनसक्छ । कठोर यथार्थले देखाएको तथ्य के हो भने, मध्यावधिको घोषणा गर्न दरबारछेउ बिन्ती चढाउँदै बहुदलीय जनवादले संसदीय सत्ताको सिङ्गो तरबार दरबारको हातमा चढाएपछिका सातादिनसम्म बहुदलीय जनवादी एमाले नेतृत्वले आफू काटिनका लागि सोही तरबार मुनि गर्दन झुकाएको निरीह दृश्य देखिएको थियो । के त्यस अवधिमा मौका छोपेर सम्बैधानिक संकटका नाउँमा, राजनैतिक अन्यौल र अस्तव्यस्तका नाउँमा दरबारले संकटकालको घोषणा गर्ने सम्भावना थिएन ? त्यस्तो घोषणाले निरन्तर रुप लिंदा सत्र साले फौजी काण्ड दोहोरिने सम्भावना थिएन ? के गत वर्ष नेपाली कांग्रेसको गिरिजा गुटले र यस वर्ष एमालेको वहुदलीय जनवादी नेतृत्वले चालेका प्रतिगामी कदमहरुले छयालिस सालको जन आन्दोलनको दवाबका कारण यताउता छरिन गएको दरबारको शक्तिलाई बटुलेर दरबारकै पाउमा सुम्पुवा गर्ने कामलाई बढावा दिएका छैनन् ?

नेपाली कांग्रेस, रा.प्र.पा. तथा दरबारको सामाजिक प्रतिनिधित्वको हैसियत उही र उस्तै होइन । कांग्रेस र राप्रपा जति सुकै दक्षिणपन्थी शक्तिहरु किन नहोउन्, ती शाही संसदीय मान्यताअन्तर्गत जन निर्वाचित शक्ति हुन् । तर राजतन्त्र भनेको जन निर्वाचित शक्ति होइन । आफ्नो कुर्सी जोगाउनका निम्ति राजतन्त्रको शरणमा पर्नुभन्दा कांग्रेस र राप्रपाको अविश्वासको प्रस्तावको सामना गर्नु र बरु पराजित हुनु एमाले नेतृत्वका निमित्त संसदीय मान्यताका दृष्टिले बढी प्रजातान्त्रिक र जनपक्षिय कदम हुनसक्थ्यो । तर सत्ता स्वार्थका निमित्त व्यक्ति विशेषलाई गुहार्नु र सिङ्गो राष्ट्र र जनताका भाग्यको साँचो सामन्तवादलाई सुम्पिदिनु भनेको संसदीय व्यवस्थाको फासीकरणको उत्कर्ष हो । अझ जनताको सर्वोपरीताको मन्त्र जप्न नछाडी सकेको बहुदलीय जनवादी नेतृत्वले गिरिजा कोइरालालाई गुरु थापेर यो कदम चाल्नु भनेको संसदीय मान्यताका दृष्टिले पनि वैचारिक र नैतिक ह्रासको डरलाग्दो दृष्टान्त हो । यो संसदीय प्रजातन्त्रको परित्याग र राजावादको अवलम्बन गर्ने दिशातर्फको हनुमाने फड्को हो ।

उपरोक्त पृष्ठभूमिमा आउन लागेको मध्यावधि निर्वाचनका माध्यमले आगामी सरकार वाम सरकार हुनुपर्ने आशयका साथ बहुदलीय जनवादी एमाले नेतृत्व र नौलो जनवादी गणतन्त्रको लक्ष्यप्रति प्रतिबद्ध वाम शक्तिहरु माझ चुनावी गठवन्धन गर्नु पर्ने प्रस्ताव श्याम श्रेष्ठले अघि सार्नु भएको छ । यो प्रस्ताव अघि सार्ने काममा 'मूल्यांकन' पहिलो भएको छ । यो प्रस्ताव कम्युनिष्ट आन्दोलनमा वैचारिक स्पष्टता र सांस्कृतिक समुन्नति प्राप्त गर्ने '**मूल्यांकन**'को वाचा अनुरुप छ ? सत्ताधारी वहुदलीय जनवादी एमालेको नेतृत्वको दृष्टिकोण र कार्यकलापको विश्लेषणका आधारमा यस प्रश्नको उत्तर खोज्ने चेष्टा गर्नु बढी प्रासांगिक होला भन्ने मलाई लाग्छ ।

**बहुदलीय जनवादी एमाले नेतृत्वले आफूलाई साम्यवादी र अर्को डफ्फालाई प्रतिक्रियावादी भनी जिरह गर्नुका पछाडिको आशय, भ्रम वा चालबाजी के हो त ?**



प्रस्तावित वाम सरकार-सम्बन्धी आफ्नो लेखमा श्याम श्रेष्ठले एमाले सरकारको वैचारिक, आर्थिक र सांस्कृतिक दृष्टिकोणका सम्बन्धमा मनग्ये टिप्पणी गर्नु भएको छ। ती टिप्पणीहरु यथार्थको नजिक छन्। सत्ताको कुर्सी हात पारेपछि एमालेको वहुदलीय जनवादी नेतृत्वले प्रदर्शित गरेको संसद्वादी आर्थिक राजनीतिक दृष्टिकोणबारे श्याम श्रेष्ठ लेख्नुहुन्छ -

"निजीकरण, उदारवाद र बजार अर्थतन्त्रलाई ज्यूँ-का-त्यूँ स्वीकार गरेर एमाले सरकार अन्तर्राष्ट्रिय र देशभित्रका ठूला पूँजीपति वर्गको समर्थन पनि आफ्नो पक्षमा तानिरहेको थियो........। साथै एमाले सरकारले राजनीतिक नियुक्तिबाट दरबारलाई पनि आफ्नो पक्षमा तान्न खोजिरहेको" थियो। एमाले "जसरी पनि सरकार टिकाउन राप्रपा जस्तो प्रतिक्रियावादी शक्तिसित पनि संयुक्त सरकार बनाउन तयार थियो।" एमाले "विद्यमान आर्थिक, राजनीतिक र सांस्कृतिक संरचनालाई बदल्ने काम कम, त्यसैमा घुलमिल हुने काम बेसी गरिरहेछ। ऊ क्रान्तिकारी कम, सुधारवादी बेसी भएको छ। ऊ जनता र सिद्धान्तमा कम, प्रतिक्रियावादसितको कुटनीति र तत्कालीन फाइदामा बेसी निर्भर हुन थालेको छ।"

श्याम श्रेष्ठको यस मूल्याङ्कनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने एमालेको बहुदलीय जनवादी नेतृत्वले आफूलाई पूँजीवादी संसदवादी डफ्फामा विधिवत् रुपबाट रुपान्तरित गरिसकेको छ। श्याम श्रेष्ठले के पनि भन्नुभएको छ भने, "अहिलेकै संविधान र आर्थिक-राजनीतिक संरचनाअन्तर्गत गर्न सकिने केही आमूल परिवर्तनमुखी सुधार पनि एमाले सरकारले गरिरहेको देखिन्न।" र, "एमाले सरकारको मूल चिन्ता कुर्सी जोगाउनु नै रहेको देखिएको छ।"

बहुदलीय जनवादी एमाले नेतृत्वको पूँजीवादी संसदीय व्यवस्थाप्रतिको प्रतिबद्धता यसप्रकार, सैद्धान्तिक र व्यावहारिक दुबै दृष्टिबाट स्थापित भएको छ। यसको अर्थ के हो भने- शाही संसदीय व्यवस्थाका प्रतिक्रियावादी मूल्य, मान्यता र आदर्शको सीमाभित्र बाँधिएर यसले साम्यवाद सम्बन्धी आफ्नो रणनीतिक लक्ष्यलाई पूर्णतः परित्याग गरेको छ। समाजवाद, साम्यवादका कुरा गर्नु बहुदलीय जनवादको वैचारिक वास्तविकता होइन, आफ्नो विकासको पृष्ठभूमिका कारण आफूमाथि थोपरिएको वाध्यता हो। यो त, माथि भनिएझैं जनगणतन्त्रतर्फको क्रान्तिकारी आन्दोलनलाई निस्तेज पार्ने र आफ्नो सदंसदमार्गी झण्डामुनि रहेका क्रान्तिकारी तथा विद्रोही कार्यकर्ताहरुलाई भ्रमको मायावी जालमा अल्मल्याई राख्ने दाउ हो। प्रतिक्रियावादी सत्ताअन्तर्गतको कुर्सी जोगाउन राप्रपा जस्तो घोर राजावादी दक्षिणपन्थी शक्तिसँग कुर्सीको भागवण्डा गर्ने घृणित सम्वाद्मा समेत संलग्न भइसकेको एमालेको बहुदलीय जनवादी नेतृत्व गुटले सर्वहारावर्गीय वर्ग दृष्टिकोणलाई पूर्णतः तिलाञ्जलि दिएर शोषकवर्गीय वर्ग-दृष्टिकोण अँगालेको कुरा दुनियाँले नाङ्गा आँखाले देखेको छ। हाल बहुदलीय जनवादी एमाले नेतृत्व पञ्चहरुकै जस्तो भाषा, शैली र मुद्रामा राजाको स्तुति गाउँदै दरबारको आशीर्वाद प्राप्त गर्नमा कटिबद्ध छ। कुर्सी-लम्पट बहुदलीय जनवादी नेतृत्वको दृष्टिमा सामन्ती राजतन्त्र 'एकताको प्रतीक' भएको छ र 'देश-नरेश' को सेवा गर्ने कुरालाई यसले पंचायती तोत्रझैं जप्न थालेको छ।

**बहुदलीय जनवादी नेतृत्वको संसदीय कुर्सी प्राप्त गर्नुको उद्देश्य 'क्रान्तिमुखी र जनमुखी' कार्य गरी 'संसदीय सीमा र भ्रमको पर्दाफास' गर्नु नभई.........**

यसरी क्रान्तिकारी मार्क्सवादलाई त्यागेर शाही संसद्वादको भड्खारोमा तीव्र गतिमा भासिदै गएको बहुदलीय जनवादी एमाले र जन-गणतन्त्रवादी कम्युनिष्टहरुमाझ चुनावी एकता गरिनु पर्ने कुरालाई श्याम श्रेष्ठले 'सर्वप्रमुख खाँचो' ठान्नु भएको छ। त्यस्तो वाम एकताको खाँचो केका लागि ?

श्याम श्रेष्ठको स्पष्ट उत्तर छ- संसदमा अत्यधिक बहुमत हासिल गरेर वाम सरकार बनाउनका लागि।

त्यस्तो वाम सरकार केका लागि ? यहाँ पनि श्याम श्रेष्ठको उत्तर स्पष्ट छ- त्यस्तो वाम सरकार 'क्रान्तिमुखी र जनमुखी' काम गर्दै 'संसदीय भ्रम र सीमाको व्यापक पर्दाफास' गरी आमूल परिवर्तनका निमित्त जनतालाई व्यवहारिक अनुभवमार्फत् प्रशिक्षित गर्नका लागि आवश्यक छ।

मेरो विचारमा श्याम श्रेष्ठको यो परिकल्पना बहुदलीय जनवादी एमाले नेतृत्वको सैद्धान्तिक प्रतिवद्धता र व्यावहारिक कार्यकलापको सर्वथा विपरीत छ। किनभने उहाँले जुन राजनीतिक शक्तिहरुमाझ चुनावी एकता हुनुपर्ने आग्रह गर्नुभएको छ, तीमध्ये एमाले सबैभन्दा ठूलो छ र निर्णायक स्थितिमा छ। एमालेको नेतृत्वमा शाही संसद्वादप्रति दृढताकासाथ प्रतिबद्ध बहुदलीय जनवादीहरुको एकछत्र रजाइँ चलेको छ। श्याम श्रेष्ठको माथिको मूल्याङ्कनबाट के कुरा एकदमै छर्लङ्ग छ भने बहुदलीय जनवादी नेतृत्वको संसदीय कुर्सी प्राप्त गर्नुको उद्देश्य 'क्रान्तिमुखी र जनमुखी' कार्य गरी 'संसदीय सीमा र भ्रमको पर्दाफास' गर्नु नभई सिद्धान्त र जनतालाई दाउमा राखेर भए पनि आफूलाई शाही संसद्वादको बफादार सेवकका रुपमा निर्विवाद ढङ्गले स्थापित गर्नु हो। श्याम श्रेष्ठको आशयअनुसारको वाम एकता भएमा त्यस एकताको परिणति एमालेको बहुदलीय जनवादी नेतृत्वलाई प्रतिक्रियावादी सत्ताको कुर्सीमा सो सत्ताको असल सेवकका रुपमा आसीन गराउनु मात्र हुनेछ। के यसो गर्नु भनेको जनगणतन्त्रवादी वाम शक्तिहरुले शाही संसद्वादी बहुदलीय जनवादको पुच्छरका रुपमा पतित हुनु होइन ? के यसो गर्नु भनेको क्रान्तिकारी कम्युनिष्टहरुले आफ्नो रणनीतिक लक्ष्यलाई परित्याग गरी आफूलाई प्रतिक्रियावादी संसदीय संरचनाको दास बनाउनु होइन ?

श्याम श्रेष्ठले एक निर्विकल्प ऐतिहासिक आवश्यकताका रुपमा प्रस्तावित गर्नु भएको तथाकथित वाम सरकारले साकार रुप लिएमा त्यो दक्षिणपन्थी शिविरभित्रको वाम सरकार हुनेछ। त्यस्तो सरकारले 'क्रान्तिमुखी' र 'जनमुखी' कार्य गर्दै 'संसदीय भ्रम र सीमाको व्यापक पर्दाफास' गरी आमूल परिवर्तनका निमित्त जनतालाई प्रशिक्षित गर्ला भनी आशा गर्नु वीरबलको खिचडी पाक्नुसरह हुनेछ। 'मूल्याङ्कन'मार्फत प्रस्तावित गरिने यस्ता भ्रान्तिकारी विचारले कम्युनिष्ट आन्दोलनमा वैचारिक स्पष्टता प्राप्त गर्नमा र समुन्नत संस्कृतिको निर्माण गर्नमा सघाउ पुर्‍याउलान् कि व्यवधान पैदा गर्लान्, यो कुरा विचारणीय छ। ❑

प्रगतिशील पुस्तक-पत्रिकाको एकमात्र पसल

रूस, चीन, भारत, नेपाल लगायत विश्वकै वामपन्थी साहित्य सम्बन्धी पुस्तक एवं पत्रिकाहरुका लागि सम्पर्क राख्नु होस्

मार्क्सवादी-लेनिनवादी साहित्यको भण्डार




पुस्तक पत्रपत्रिका बिक्री तथा वितरण केन्द्र प्रा. लि.
डिल्लीबजार उकालो,
काठमाडौं
फोनः ४२१०७५

हामी नेपाली तथा विदेशी पुस्तक-पत्रिकाहरू काठमाडौं बाहिर पनि वितरण गर्छौं।

## केही क्षण, ठाडोखोले दमाईसँग

# एक गरीब किसानको अन्तर्वार्ता

खोइ, अघि विहानै वस्तु फुकाएर चराउन जाऊँ भन्दाभन्दै यतिखेर भइसक्यो । घरको हेनेतेने गर्दै त्यसै बसिरा'छु ।' के गर्दै हुनुहुन्छ भन्ने प्रश्न गर्दा कटुशको पातमा बेह्रेको सुर्ती तान्दै उपरोक्त जवाफ दिए ।

भन्नलाई गाउँमा उनलाई सबैले ठाडोखोले दमाई भन्दारहेछन् । तर उनको खास नाम भने बीरबहादुर दमाई रे । उदयपुर जिल्लाको ठाडोखोलादेखि आएकाले उनलाई सबैले ठाडोखोले नाउँले नै बोलाउँदारहेछन् । घरमा उनीबाहेक श्रीमती सिनमाया, पाँच छोरा र चार छोरी भएकोमा छोरीहरु सबै कुटुम्ब लागिसकेका थिए । र, छोराहरुमा पनि एक जना खसिसकेको र सानो कान्छो छोराबाहेक अरु छुट्टिसकेका छन् ।

चिउँडोमा झुस्स दाह्री, आधाभन्दा बढी कपाल सेतै फुलेका ६६ वर्षीय ठाडोखोले दमाई प्रायः नीलो रंगको पुरानो टोपी, कालो कोटभित्र झुत्रे स्वीटर, घुँडा फाटेको मैलो निलामी सुरुवाल लगाउने गर्छन् । उनकी श्रीमती फाटेको सारी र नीलो चोली लगाउँछिन् । सम्पत्तिको नाउँमा सुख्खापनले गर्दा जुनेलो, फिलुङ्गे र वर्षायाममा मकै मात्र हुने अन्दाजी तीन कट्ठा जमीन मात्र छ । महोत्तरी जिल्लाको बर्दिबासस्थित रातु खोलाको किनारमा साना-साना खम्बा, सिरु र केराको पातले छाएको उनको घरलाई मकैको ढोंड र कालीझार लिपेर बारिएको छ । घरको सिलिङ्ग नबनाइएको तलामा जहींतहीं बिउविजन र ओखतीको निम्ति काम आउनसक्ने चीजबीजहरुको पोको पन्तरा बनाएर झुण्ड्याइएका छन् । कुराकानीको क्रममा उनी वस्तु चराउँदै गरेको कान्छो छोरालाई पनि घरी घरी कराउँदै गर्थे ।

तपाई उदयपुरको मान्छे कसरी यति टाढा आइपुग्नु भयो भन्दा केही समय गमेपछि भन्छन्- 'खोइ हजूर, म गरीब मान्छे ! अघि क्षत्रीय बसोबास रे, पुनर्वास पो रे, जग्गा दिन्छ अरे भनेर मोरङ्गको कानेपोखरी, रिंगुवा भन्ने ठाउँमा गएँ । ठूलाबडा, धनीमानी भनाउँदाहरुले नै आखिरमा आफ्ना छोरा, नाति, ज्वाई, हरुवा, चरुवाको नाममा जग्गा दर्ता गरेर लिए । म जस्तो हरितन्नम् सुकुम्बासीले एकचिम्टी माटो पनि पाइनं । केही नलागेर घुम्दै आउँदा धनुषाको एक जना वकिल बाहुनको घरमा हली बसियो । ९/१० वर्ष काम लाएपछि उनैले यो जंगल फाँड्न लाए । अहिले जग्गा छोड्छस् कि तेरो घरमा आगो लगाई दिउँ भन्न थाले । मलाई अहिले तीन कट्ठा मोहियानी छुट्याई दिएर अरु सब उनैले लिएका छन् ।'

अनि यो तीन कट्ठामा उब्जनी कति होला भनी सोध्दा उनी हाँस्दै भन्छन्- "कति हुनु ? फलेको साल दुई डोको मकै हुन्छ । नफल्दा बिऊको उल्टो खर्च हुन्छ । कुर्ती (गहत) को बोटसमेत मरेर बिजोग छ । यसपालि गा.वि.स.मा तीनलाख रुपियाँ आउँछ भन्थे र कुलो आउँछ भनेको त, नेताहरु (जनप्रतिनिधिहरु) पनि जता बाटो छ, जता पानी छ, त्यतै खर्च गर्ने कुरा गर्छन् । गरीबलाई कहींबाट सहयोग नहुनेरहेछ ।"

"यत्रो परिवार कसरी धान्नु हुन्छ ?" मैले कुराको सिलसिला बढाउँदै भनें ।

"अर्काको गाई-भैंसीको मलमुत्र बोक्यो । जुठा भाँडा माझ्यो । साहुकोमा बनि गयो । यसरी नै गरीबले पेट पाल्नुपर्ने हुन्छ । यी मेरो आइमाई राती ८ बजे मात्र आइपुग्छे ।"

उनले श्रीमतीलाई देखाउँदै भने । ज्यालाको सम्बन्धमा एकछाक खाएर होभने ३० रुपियाँ, नत्र सुख्खा ४० रुपियाँ, अन्न चाहिं एक पसेरी पाउने गरेको पनि बताए । पहिले एक विगाहा कमाउँदा नै खान पुग्दैनथ्यो, अब ३ कट्ठा कमाउन पाउने र समयमा बनिबुत्तो गर्न काम पनि नपाइएला कि भन्ने उनलाई चिन्ता छ ।

सम्पत्तिको तुलनामा छोराछोरी अलि बढी भएन र भन्दा उनी भन्छन- "सम्पत्तिवालालाई जति सम्पत्ति भएपनि पुग्दैन । हामी गरीबको सम्पत्ति यिनै छोराछोरी हुन् । फेरि अगाडि हाम्रो जमानामा परिवार नियोजन पनि थिएन । पछि परिवार नियोजन त निस्क्यो । तर बुढेशकालमा कता खसी-राँगा जस्तो हुने भनेर परिवार नियोजन गरिएन ।"

छोराछोरीलाई पढाउनु पनि भयो कि भने जिज्ञासा राख्दा उनले पुनः भने- "जेठो, माइलो, साईंलो तीनै भाइलाई ४/५ किलाससम्म पढाएँ । छोरीहरु अर्काको घर गर्ने जात भनेर पढाइनँ । कान्छोलाई पनि पढाएको छैन । स्कूल जान्छु ता भन्छ नि, आफ्नो हूति छैन । वस्तु फर्काउन लगाउँदा नै ठीक्क हुन्छ ।"

गाईवस्तु कति पाल्नु भएको छ भन्दा उनी पुनः थप्छन्- 'आफ्नो त छैन । अर्का अर्काको गोडा दसेक छ । मलको आसले गर्दा पालेको हुँ । किरा परेको दिमाग त्यसै उजुक-उजुक हुँदोरहेछ । घाँसपानी पनि सकिन लाग्यो । ८ वटा अधियाँ गाई छन् । एउटा दाउवालीको बाच्छो हो । एक साल जोतेपछि साहुलाई फर्काइदिनु पर्छ ।'

तपाई त पुरानो जमानाको मान्छे, भाउजू चाहिं भगाएर ल्याउनु भएको कि मागेर ? मैले ठट्टा गर्ने ढंगले उनको जीवनप्रसङ्ग कोट्याउँदै सोधें ।

'हाम्रो जमानामा अचेलको जस्तो लभसभ थिएन । अहिलेकाहरु पो फिलिम हेरीहेरिकन अनेकओली सिक्छन् । फिलिममा हिरो हिरोनीले गाला जोडी जोडीकन रासलिला देखाएको हेरेर अचेलका केटाकेटीहरुले त्यसैको सिको गरिरहेछन् । हाम्रो जमानामा केटाकेटी यसो सँगै चौतारामा बसेको मात्र देखेभने बाबुआमाकोमा तुरुन्त जाहेरी गर्थे र भोलिपल्ट दोहोलो फर्काइन्थ्यो ।'

उनले अझ सम्झँदै भने- 'अढाई रुपियाँको दौरा सुरुवाल लगाउने जिउ यहीं हो । अब कहाँ पाइन्छ र त्यस्तो जमाना ?'

तपाईंले ठूलो जातका ठूलाबडा भनाउँदाहरुले हेपीहिनाम पनि गर्छन् कि भन्दा उनी केहीं गम्भीर हुँदै भन्छन्- "मलाई यतातिरका कसैले 'ए दाजु' कसैले 'ए भाइ' कसैले ए ठाडोखोले भन्छन्, ठीकै छ । तर धनुषातिरकाले चाहिं 'ए दमाई' भन्छन् । यसो भन्दा अलि मन दुख्छ ।'

सबै जातका मान्छेहरु उत्तिकै हुन् जस्तो लाग्छ कि लाग्दैन भनी सोध्दा उनी केही जोस्सिँदै भन्छन्- "किन नलाग्नु ? क्षेत्री-बाहुनका पनि चारवटा आँखा र चाचारवटा हातखुट्टा हुँदैनन् । हामीले बनाएको घण्टीभित्र थानमा लगेर बजाउँदा कुनै बाधा लाग्दैन । हामीले थुक दल्दै सिएको लुगा पनि लाउँदा शुद्ध हुन्छ । हामीले चाहिं छुन नहुने, घरभित्र पस्नु पनि नहुने रे । हामी चाहिं मान्छे नै नभएको जस्तो ! वास्तवमा कामी, दमाई र क्षेत्री बाहुनमा जनाइको मात्र फरक छ । अरु केही फरक छैन ।"

कुराकानीको क्रममै एकजना पण्डितजस्तो देखिने ब्राम्हण आएर 'लौ यिनलाई पनि बाहुन हुन मन लाग्या रहेछ' भने ।

तपाईंको छोरी कामी-दमाईलाई दिंदा छोराछोरी जन्मन्छ कि जन्मदैन ? पहिला यो भन्नोस् । अनि मात्र कामी दमाई मान्छे हो कि होइन भन्ने चाल पाउनु हुन्छ भनेर- उनको मुख बुच्याइदिए ।

यतातिर नेपाल दलित उत्पीडित जातीय मुक्ति समाजको गतिविधि के कसो छ भनि सोध्दा सो संगठनबारे उनले आफ्नो अनभिज्ञता प्रकट गर्दै भने- 'खोइ पढ्या लेख्या भए पो, कालो अक्षर भैंसी बराबर । एकछिनमा काटिन्छस् है भन्ने चिठ्ठी लेख्यो भने पनि गोजीमा बोकेर हिंड्छु । आफू अनपढ नै भइयो ।'

अहिले देशमा एमाले सरकार आएको हुँदा तपाईंले अलि राहत महसूस गर्नु भएको छ कि छैन भनी सोध्दा भन्छन्- 'सातसालपछिको कांग्रेस भोगियो । निर्दलीय पञ्चायत भोगियो । बहुदलीय कांग्रेस पनि भोगियो । अहिले मनमोहनको हुकुम आएको छ । अलि राम्रै होला ।'


किन राम्रो त भन्दा उनी पुनः थप्छन्- 'जुलुस हुलदंगा हुन छाड्यो । अब भाऊ बिक्रीको पनि थान ठेगाना बसिदिए अझ राम्रो हुनेथियो ।'

तपाई कुन पार्टीलाई मन पराउनु हुन्छ भन्ने सवालमा उनले केही अक्मकिँदै भने- "खोई, कुन पार्टीमा छु

(बाँकी ३३ पेजमा)

'सात सालपछिको कांग्रेस भोगियो । निर्दलीय पञ्चायत भोगियो । बहुदलीय कांग्रेस पनि भोगियो । अहिले मनमोहनको हुकुम आएको छ । अलि राम्रै होला ।'

# हलिउडमा साम्यवाद प्रवेश गराएको आरोपमा अमेरिकाबाट निष्कासित महान कवि-नाटककार



# बर्तोल्त ब्रेख्त

—— जंगब चौहान

बर्तोल्त ब्रेख्त आफ्नो जमानाका जर्मनीका सबभन्दा बढी चर्चित र प्रतिभाशाली नाटककार, कवि एवं मञ्च-निर्देशक थिए । उनको ख्याति जर्मनीमा मात्र होइन, जर्मनी बाहिर पनि पुगिसकेको थियो । बीसौं शताब्दीका महान कवि एवं नाटकारहरुमा उनको गणना हुन्थ्यो । ब्रेख्तका नाटक र त्यससम्बन्धी सैद्धान्तिक निबन्धले हाम्रो युगको नवीन ढाँचाको नाट्य लेखन र मञ्चनमा प्रेरणादायक प्रभाव पारेको छ ।

उनले कला र विचारलाई उचित समन्वय गरी उद्देश्यमूलक नाटक लेखनमा जोड दिएका थिए । उनले परम्पराबाट मुक्त बौद्धिक नाटकहरु लेखे । आफ्ना प्रारम्भिक नाटकलाई 'काव्यात्मक नाटक' भने पनि बैचारिक परिवर्तनपछिका नाटकहरुलाई ब्रेख्तले 'द्वन्द्वात्मक नाटक' को संज्ञा दिएका छन् । उनका यी 'द्वन्द्वात्मक नाटकहरु' मार्क्सवादी चिन्तन प्रणालीबाट प्रभावित थिए ।

उनका नाटकहरु सिद्धान्तनिष्ट भएर पनि जनसाधारणले सजिलै बुझ्ने सक्ने खालका थिए । उनका नाटकहरु बुझ्नलाई मार्क्सवादी दर्शन र अन्य नाट्य सिद्धान्तको गहीराइमा डुब्नु आवश्यक थिएन । समाजमा विद्यमान रहेका आर्थिक सामाजिक विसंगतिहरूलाई उनले आफ्ना नाटकहरुमा सफलताकासाथ प्रस्तुत गरेका थिए ।

ब्रेख्तको जन्म १० फेब्रुअरी १८९८ का दिन म्युनिख शहर नजिकैको आउसबुर्ग नामक स्थानमा भएको थियो । उनको पूरा नाम युजेन बर्तोल्त फ्रेडेरिख ब्रेख्त थियो । लुथेख एवम् रोमन क्याथोलिक पृष्ठभूमि भएका सम्पन्न परिवारहरुमध्ये एउटा परिवार थियो- ब्रेख्तको परिवार । उनका पिता एउटा कागज कारखानाका व्यवस्थापक थिए । ब्रेख्तले १६ वर्षको उमेरदेखि कविता प्रकाशन शुरु गरेका थिए । आउसबुर्गका स्थानीय पत्र-पत्रिकाहरुमा उनका प्रारम्भिक कविताहरु प्रकाशित हुन्थे । नवोदित कविका रुपमा देखा परेको चार वर्षपछि ब्रेख्तले पहिलोपटक 'बाल' (१९१८) शीर्षकको नाटक लेखे ।

युरोपबाट शुरु भएको प्रथम महायुद्धको आगोको लपेटामा सारा विश्व सल्किदै गइरहेको थियो । युद्धको अन्यौल र त्रासदीभित्र युवा ब्रेख्तले केही दिन सैनिक अस्पतालमा जागिरे जीवन बिताए । १९१४ मा युद्ध शुरु हुनासाथ प्रारम्भमा उनी जर्मन शासक कैशरका समर्थक थिए । जर्मन राष्ट्रवादलाई उनले शुरुमा यसरी नै बुझेका थिए । यही सोचबाट प्रभावित भई १९१७ मा म्युनिखको चिकित्साशास्त्र विषयको पढाइलाई बीचैमा छाडेर उनी जर्मन सेनामा भर्ती भए । गलत जीवन दृष्टिका कारण १९१८ सम्म भविष्यका यी महान नाटककार जर्मन राष्ट्रवादको भ्रमको पर्दाले जेलिएका थिए । पहिलो नाटक 'बाल' र त्यसपछिको दश वर्षको लेखकीय जीवनमा बर्तोल्त ब्रेख्तले जर्मन समाजको वास्तविकतालाई गहीराइमा गएर बुझे । यसै क्रममा कविता लेखन र रङ्गमञ्चीय कार्यक्रम संचालन गर्ने क्रममा ब्रेख्तको धेरैजसो समय म्युनिख र बर्लिनमा बित्यो ।

ब्रेख्तले रङ्गमञ्चमा सफलता पाउन निकै कष्ट झेल्नु पऱ्यो । उनका प्रारम्भिक नाटकहरुमाथि समालोचकहरुले तीव्र आक्रमण गरे । प्रकाशन र प्रदर्शन हुनुअघि नै उनका नाटकहरु आलोचित हुन पुगेका थिए । तर ब्रेख्तले हरेश खाएनन् । मञ्चनका लागि स्वीकृत भएको उनको पहिलो नाटक 'जङ्गल' हो । तर नाटकको क्षेत्रमा सार्वजनिक सफलता उपलब्ध गराई चर्चित बनाउने नाटक चाहिं 'ड्रम्स इन द नाइट' (१९२२) नै बन्न पुग्यो । यही नाटकका लागि बर्तोल्त ब्रेख्तलाई त्यसबेलाको सम्मानित राष्ट्रिय पुरस्कार 'क्लिस्ट पुरस्कार' प्रदान गरियो । 'ड्रम्स इन द नाइट'को प्रकाशन तथा मञ्चनपछि ब्रेख्तको नाम जर्मनीका शासक नाजीहरुको कालो सूचीमा दर्ता भयो ।

जर्मनीमा चर्चित भइसकेका नाटककार ब्रेख्तले १९२३ मा 'इन द स्वाँम्प' नामक अर्को नाटक तयार गरे । यो नाटक समालोचकहरुबाट आलोचित भए पनि नाटक-निर्देशक र कलाकारहरु उनको वरिपरि झुम्मिन थाले । १९२४ पछि उनको सिर्जनात्मक क्रियाकलापको मूल थलो बर्लिन बन्न पुग्यो । १९२४-२५ मा उनले अर्को नाटक 'अ म्यानस अ म्यान' लेखे । यसपछि उनका कविताहरुको सँगालो 'म्यानुअल अफ पिटी' (१९२७) प्रकाशित भयो ।

यस कविता-संग्रहको प्रकाशनले ब्रेख्तलाई नाटककारको रुपमा मात्र होइन, सशक्त कविका रुपमा पनि स्थापित गरायो । अझ बढी उत्साहित भएर ब्रेख्त नयाँ नयाँ सिर्जनामा लागे । बर्लिनका प्रसिद्ध संगीतकार कुर्ट वेलसँगको संयुक्त लेखनमा उनले 'द थ्री पेनी अपेरा' (१९२८), 'राइज एण्ड फल अफ द सिटी अफ महागोनी' (१९२९) र 'हि हु सेज एस' (१९३०) जस्ता व्यावसायिक रुपमा सफल तीन नाटकहरु लेखे ।



> ब्रेख्तका नाटकहरूको यो प्रस्तुति नाटक लेखन र रंगमञ्चको विधानको नयाँ प्रवाह सांवित भयो । यो जर्मनीको नाजीवादी विचार र पश्चिमको पूँजीवादी जीवनपद्धतिका लागि एउटा कडा चुनौतिको रूपमा देखा पऱ्यो ।

*ब्रेख्तलाई मार्क्सवादसित परिचित गराउने व्यक्ति कार्ल कोर्श*

# विश्व प्रसिद्ध साहित्यकार ब्रेख्तको जीवनकथा

**विश्व विख्यात साहित्यकार बर्तोल्त ब्रेख्तको जीवन-कथा यस पटक हामी हाम्रा पाठकहरुसामु प्रस्तुत गर्दैछौं । उहाँलाई विरोधीहरुले विभिन्न आरोप लगाएर विरोधहरु गरेता पनि मिहेनत गरेर बाँच्न चाहने विश्वभरका तमाम मानिसहरुका निम्ति उहाँ अत्यन्त आदर र प्रेमका पात्र हुनु हुन्छ ।**

**वामपन्थीहरुका विरुद्ध पूँजीवादीहरुद्वारा पहिलेदेखि गरिँदै आएको शारीरिक र चारित्रिक हत्याको चपेटाबाट वामपन्थी साहित्यकार बर्तोल्त ब्रेख्त पनि अछूत हुन सक्नु भएन । ब्रेख्तको मृत्युपश्चात् उहाँको जीवन, जीवनशैली एवं लेखनमाथि हिलो छ्यापेर उहाँको चारित्रिक हत्या गर्नका लागि पूँजीवादीहरुद्वारा गरिँदै आएको कसरतलाई थप बल पुऱ्याउने प्रयास हालै फेरि शुरु भएको छ ।**

**सम्पन्न परिवारमा जन्मेर पनि मार्क्सवादी विचारबाट प्रभावित भई हिटलरको नाजीवादविरोधी जर्मनीका जनताको क्रान्तिकारी संघर्षमा होमिएका कवि एवं नाटककार ब्रेख्तमाथि पूँजीवादीहरुले वामपन्थीहरुको भाषा-शैलीमा तीन-चारवटा आरोपहरु प्रहार गरेका छन् । ती आरोपहरु हुन्- अमेरिका निर्वासनको क्रममा वामपन्थी साथीहरुलाई नै धोका दिएको, पूँजीवादी जीवनशैली अपनाएको, सोभियत संघका कलाकारहरुमाथि भएको दमनको विरोध नगरेको र अर्काको लेखन चोरी गरेको ।**

**आफ्ना सहयोगी साथीहरु एलिजाबेथ हपमान, ग्रेटे स्टेफिन र रुथ बलाऊका प्राविधिक, भाषिक र विषयगत कौशलमाथि शोषण गरी उनीहरुद्वारा लिखित र अनूदित रचनाहरु आफ्नै नामबाट प्रकाशित गरेको एवं मंचन गरेको आरोप लगाउन पनि पूँजीवादीहरु पछि परेका छैनन् ।**

**एकजना पूँजीवादी लेखनदास जोन फ्यूगीले त** 'The Life and Times of Bertolt Brecht' **नामक किताब नै लेखी ब्रेख्तको व्यक्तिगत र राजनीतिक जीवनका कथित कमी कमजोरीहरु एवं बौद्धिक धोखाधडीको रौं चिरा गर्न समेत भ्याइसकेका छन् ।**

**यी र यस्ता आरोपहरुबीच, चारित्रिक हत्याको दुस्प्रयासकाबीच, उहाँको ३९ औं स्मृति दिवस (साउन २९ गते अर्थात् अगष्ट १४) को सन्दर्भमा हामीले यो जीवन-कथा यहाँ प्रस्तुत गरेका हौं । जंगब चौहानले लेख्नु भएको यस रचनाले उहाँबारे धारणा बनाउन र जानकारी लिन पाठक वर्गलाई राम्रो सहयोग गर्नेछ भन्ने हामीले सोचेका छौं ।**

*— मूल्याङ्कन*

यसै समयमा बर्तोल्त ब्रेख्तले मार्क्सलाई गहीरोसँग अध्ययन गरे । मार्क्सको 'पूँजी', 'कम्युनिष्ट पार्टीको घोषणापत्र' र अन्य विचार-उत्तेजक लेख-रचनाहरुले ब्रेख्तको वैचारिक धरातलमा भुईँचालो नै ल्याइदियो । उनले १९२० देखि १९३० सम्म लेखेका नाटकहरुमा खासगरी 'द मिजरस टेकेन', 'द मदर', 'सेन्ट जोन अफ द स्टकयार्ड्स' जनसमुदायबीच निकै चर्चित भयो ।

मार्क्सवादबाट प्रभावित भएका ब्रेख्त पूँजीपति वर्ग, उनीहरुको जीवनशैली र मूल्य-मान्यताका विरोधी भए । उनले पुँजीवादी रंगमञ्चलाई उग्रताका साथ अस्वीकार गरे । उनको विचारमा दर्शकहरुलाई मनोरञ्जनमात्र दिने उद्देश्यमा नाटक सीमित हुनु हुँदैन । दर्शकहरुमाथि नाटकले सकारात्मक असर पार्न सकेन भने नाटकको कुनै मूल्य छैन भन्ने निष्कर्षमा ब्रेख्त पुगिसकेका थिए । विसंगत जीवनप्रतिको विद्रोह उनको लेखनमा शुरुदेखि नै हावी भएको थियो । तर मार्क्सवादी जीवन दर्शनलाई स्वीकार गरिसकेपछिका ब्रेख्तका नाटक, सैद्धान्तिक लेख र कविताहरुको आधार मार्क्सवादी चिन्तन नै बन्न पुग्यो ।

बर्तोल्त ब्रेख्तका नाटकहरुमा तत्कालीन युग र जीवनलाई उपयुक्त ढङ्गबाट प्रस्तुति मात्र गरिएको नभएर त्यस प्रस्तुति-शैलीमा दर्शकहरुको मन मस्तिष्कमा गंभीर प्रभाव पार्नसक्ने क्षमता पनि थियो । जर्मन समाजभित्रको वर्गद्वन्द्व, उत्पादन सम्बन्ध र देशको ऐतिहासिक परिवेशलाई ब्रेख्तले आफ्ना नाटकहरुमा जसरी प्रस्तुत गरे, त्यसबाट दर्शकहरू आफ्नो भाग्य निर्माणका लागि आफैं सोच्न बाध्य भए । रंगमञ्चमा घटनाक्रमलाई असामान्य रुपमा प्रस्तुत गर्ने कला थियो- ब्रेख्तमा । उनी आफ्ना नाटकहरुमा समाजको व्याख्यामात्र नगरेर समाज परिवर्तनका लागि विचारवान दर्शकहरुलाई घोत्लिन बाध्य पार्थे । उनका नाटकका दर्शकहरु सामाजिक अन्तर्विरोधहरुलाई हल गर्ने सन्दर्भमा समाजवादी परिवर्तनतर्फ अग्रसर हुन्थे । उनका नाटकहरुले चिन्तनशील दर्शकहरुलाई वैचारिक बहसका लागि हुट्हुट्याउँथ्यो ।

ब्रेख्तका नाटकहरुको यो प्रस्तुति नाटक लेखन र रंगमञ्चको विधानको नयाँ प्रवाह सावित भयो । यो जर्मनीको नाजीवादी विचार र पश्चिमको पूँजीवादी जीवनपद्धतिका लागि एउटा कडा चुनौतिको रुपमा देखा पऱ्यो । त्यसले गर्दा ब्रेख्तमाथि जर्मन नाजी सरकारको कडा दृष्टि पऱ्यो । आफ्नै देशमा उनको ज्यान खतरामा पुगे पनि बर्तोल्त ब्रेख्त १९३३ मा जर्मनी छाडेर प्रवासिन बाध्य भए ।

ब्रेख्तको निर्वासित जीवन विदेशको कुनै एक ठाउँमा स्थिर रहेन । विभिन्न किसिमका समस्याहरुसँग जुझ्दै उनी डेनमार्क, स्वीडेन, रुस तथा अमेरिका पुगे । १९३३ देखि १९३९ सम्मको प्रवासकाल छिमेकी मुलुक डेनमार्कमा बित्यो । राजनैतिक परिस्थिति अत्यन्त प्रतिकूल भएतापनि उनले यस कालमा ऐतिहासिक एवं लोककथामा आधारित 'द सोल्जर अफ ला सिओटाट' (१९३५), 'द गुड वुमेन अफ सेचुवां' (१९४२), 'मदर करेज' र 'ग्यालिलियो' जस्ता उत्कृष्ट नाटकहरु लेखे ।

डेनमार्क छाडेपछिका केही दिनहरु उनले स्वीडेन र फिनलैण्डमा बिताए । त्यहाँबाट १९४१ मा उनी अमेरिका पुगे । आफ्ना जीवनका ६ वटा बसन्तहरु उनले अमेरिकाको क्यालिफोर्नीयामा बिताए । युद्धका विभीषिकाले जर्जर पारेको मानव नियतिले ब्रेख्तको मन घाउ नै घाउ भएर दुखिरहेको थियो । अमेरिकाको प्रवासकालमा उनले यी विभीषिकाहरुलाई भन् निकटबाट चिन्ने मौका पाए ।



दोस्रो विश्व युद्धकालमा मातृभूमि फर्किन संभव थिएन । बिरानो मुलुकको धर्तीमा बसेर ब्रेख्तले आफ्नो अध्ययन र सिर्जनकार्यलाई अगाडि बढाए । यहाँको ६ वर्षको प्रवासकालमा ब्रेख्त मार्क्सवादी जीवन दर्शनसित कहिल्यै नछुट्टिने गरी एकाकार भए । अब आफ्नो लेखनमार्फत् उनी मार्क्सवादको व्याख्यान दिन थाले ।


अमेरिकामा बसेर उनले तीनवटा महत्वपूर्ण नाटकहरु लेखे । यी हुन्- 'द भिजन्स् अफ साइमन मचार्ड' (१९४२), 'शेवेक इन वर्ल्ड वार सेकेण्ड' (१९४४) र 'द ककेसियन चक सर्कल' (१९४५) । पछिल्लो नाटकको अमेरिकामा सफलताकासाथ मञ्चन पनि भएको थियो । हलिऊड चलचित्र 'ह्याङ्गमेन अल्सो डाइ' उनकै कथामा आधारित छ ।

यसरी नाट्य सिर्जन र मञ्चन कार्यमा लागिरहेको बेला अमेरिकी शासकहरुबाट उनीमाथि हलिउडभित्र साम्यवाद प्रवेश गराएको अभियोग लगाइयो । अमेरिकी प्रतिनिधि सभामा यसको छानबीनका लागि एउटा समिति नै बनाइयो । विश्व विख्यात हास्य-ब्यंग्यका कलाकार एवं निर्देशक चार्ली चाप्लीन जस्तै ब्रेख्तलाई पनि अमेरिकाबाट निष्कासित गरियो । यस घटनापछि अन्याय-अत्याचार, शोषण, दमन, उत्पीडनका विरुद्धमा न्यायपूर्ण समाज व्यवस्थाका यी स्वप्नद्रष्टा सर्जक यूरोप फर्किए ।

बर्तोल्त ब्रेख्तले दुईदुईवटा महायुद्धहरुलाई आफ्नै आँखाले देखे । आफ्नै अनुभूतिले प्रत्यक्षरुपमा भोगे । यसैकारण उनका धेरैजसो नाटकहरुमा साम्राज्यवादीहरुद्वारा सिर्जित युद्ध र त्यसबाट परेको प्रभावको कलात्मक चित्रण पाइन्छ ।

दोस्रो विश्वयुद्ध चरमोत्कर्षमा पुगरहेको बेला ब्रेख्तले आफ्नो सशक्त कलमलाई हतियारको रुपमा नाजीवादका विरुद्ध कविता र नाटकका माध्यमबाट निरन्तर उठाइरहे । उनको जीवन कुनै पनि बेला नाजीवादी सैनिकहरुको बन्दूकको मोहरीमा पर्न सक्थ्यो । कतिपय उनका सहयोद्धा स्रष्टाहरु कुख्यात नाजी गुप्तचर विभाग-'गेस्टापो'को शिकार भए । तर जीवनलाई हत्केलामा बोकेर बर्तोल्त ब्रेख्त कलमको मोर्चामा उठिरहे ।

१९४७ मा अमेरिकाबाट निकालिएपछिका दिनहरु बर्तोल्त ब्रेख्तले लेखन र मञ्चनमा नै बिताए। दोस्रो विश्वयुद्धको समाप्तिपछि बर्तोल्त ब्रेख्तले जीवनका अन्तिम दिनहरु 'कम्युनिष्ट बर्लिन'मा बिताए। आफ्नी कलाकार पत्नी हेलेन बैगेलसँग मिलेर ब्रेख्तले आफ्नै नाट्य कम्पनी 'बर्लिन असेम्बल' को स्थापना गरे। यसैको माध्यमबाट ब्रेख्तको नाट्यसम्बन्धी धारणा 'द्वन्द्वात्मक नाटक' को प्रचार प्रसार भयो। जीवनका अन्तिम वर्षहरुमा उनीद्वारा लेखिएका नाटकहरुमा 'डेज अफ द कम्युन' र टुरान्डोट' उल्लेखनीय छन्। यी दिनहरुमा आफ्नो नाट्य मण्डलीमार्फत् उनले शेक्सपियर र अन्य प्रतिभाशाली विदेशी लेखकका नाटकहरु अनुवाद गरी मञ्चन गर्ने कामसमेत गरेको पाइन्छ।




**जोन फ्युगीको किताबको आवरणपृष्ठ**

यसरी प्रथम र द्वितीय विश्वयुद्धको भूमरीमा परेर जीवनलाई बाजी राख्दै ब्रेख्तले यूरोप-अमेरिकाको परम्परागत नाट्यलेखन र मञ्चविधानमा युगान्तकारी नयाँ मोड ल्याएवापत १९५४ मा उनलाई तत्कालीन सोभियत संघको सर्वोच्च सम्मान 'स्तालिन पुरस्कार'द्वारा सम्मानित गरियो। जीवन र जगत्लाई मार्क्सवादी नयाँ दृष्टिविन्दुबाट हेर्दै समाज परिवर्तनका लागि दर्शकहरुलाई घचघच्याउने विश्वका यी महान् नाटककार, निर्देशक एवं कविको मृत्यु ५८ वर्षको उमेरमा पूर्व बर्लिनमा भयो। यो दिन थियो -सन् १९५६ अगस्त १४।

साहित्यमा यथार्थवादी अवधारणा विश्लेषणसम्बन्धी ब्रेख्तका विचारहरुले समाजवादी यथार्थवादको सैद्धान्तिक अध्ययनमा महत्वपूर्ण स्थान राख्छन्। उनी पूँजीवादी व्यवस्थाअन्तर्गत भइरहेको शोषण र दमनलाई यथार्थपरक ढंगले प्रस्तुत गर्ने माग गर्दछन्। उनी विषयवस्तुको निरपेक्ष प्रस्तुतीकरणद्वारा त्यसका अन्तरमा लुकेर रहेका वास्तविक परिवेशलाई स्पष्ट पार्न चाहन्छन्। कुनै पनि वस्तुको बाह्यरुप नै त्यसको सारतत्व हो भन्ने कुरामा ब्रेख्तको विश्वास थिएन। तर आफ्ना विचारहरुलाई दर्शकसामु प्रभावकारी रुपमा संप्रेषण गराउने सन्दर्भमा कलालाई गौण ठान्नुपर्छ भन्ने कुरामा भने उनको सहमति थिएन। यही कारणले गर्दा कतिपय मार्क्सवादी समालोचकहरुले उनलाई 'रुपवादी' भनेर आलोचना गरेका छन्।

विचारलाई सशक्त ढङ्गले प्रस्तुत गर्न सशक्त एवं प्रभावशाली शैलीको माग गर्ने बर्तोल्त ब्रेख्त 'लडाकु यथार्थवाद'को नारालाई बुलन्द पार्ने कुरामा जोड दिँदै भन्छन्- "सम्पूर्ण देशका श्रमजीवी जनताको हितका लागि सम्पूर्ण शोषित एवं दमितहरुको हितका लागि लेखकहरुलाई लडाकु यथार्थवाद अँगाल्न चुनौति दिनुपर्छ। शोषण-दमनको सच्चाइमाथि पर्दा हाल्ने प्रयाससँग जुध्नसक्ने यस्तो अटल यथार्थवादले मात्र शोषण-दमनको निन्दा गर्न सक्छ, त्यसलाई समाप्त गर्न सक्छ।"

ब्रेख्तको विचारमा यस किसिमको लडाकु यथार्थवादी लेखन हवाई किल्लामा उभिएर लेख्न संभव छैन। यसका लागि गहन अध्ययन, आर्थिक तथा ऐतिहासिक परिवेशको यथार्थ आँकलन, तिनले लिने गतिको निश्चित ज्ञानबाट मात्र संभव छ। तर यो चुनौतिपूर्ण कार्यलाई लेखकहरुले स्वतन्त्रतापूर्वक सम्पन्न गर्ने वातावरणमा आफ्नै किल्लाबाट दखल गरिनु हुन्न भन्ने कुरामा पनि अडान थियो। लेखकीय जिम्मेदारी बहन गर्ने सिलसिलामा लेखकहरु जनसमुदायबीच गएर सिक्ने-सिकाउने जस्ता महत्वपूर्ण कार्यमा सामेल हुनु आवश्यक छ भन्ने कुरामा पनि उनको अडान थियो।

चेतन तथा अवचेतन मनका सम्बन्धमा आफना रचनाहरुका अवचेतन मनको सहारा लिन महत्वपूर्ण ठान्ने थुप्रै लेखकहरु भएको स्वीकार गर्दै यिनीहरुमध्ये कतिपय त आफ्ना कृतिहरुमा चेतनाको अत्यधिक मात्रा प्रयोग गर्न असमर्थ पनि हुन्छन् भने कोही कोही समर्थ भएर पनि अनिच्छुक हुन्छन् भन्ने तथ्यतर्फ उनले इंगित गरेका छन्। यसरी इङ्गित गर्ने क्रममा उनी यस्ता लेखकहरुको अवचेतन कृतित्वलाई पनि लडाकु यथार्थवादको समाज परिवर्तनकारी कार्यमा तानेर फासिष्टविरोधी लेखकहरुको कार्यमा मद्दत पुऱ्याउन आग्रह गर्छन्।

सर्वहारा साहित्यको पक्ष लागेर लड्ने कलमवीरहरुलाई ब्रेख्तले यस्तो विचार प्रकट गरेका छन्- "लेखनद्वारा लड्नुहोस्। तपाईंहरु युद्धको मोर्चामा हुनुहुन्छ भन्ने कुरा देखाउनुहोस्। जीवनबाहिनी यथार्थवादलाई अँगाल्नुहोस्। यथार्थ तपाईंहरुको पक्षमा छ, त्यसैले तपाईंहरु पनि यथार्थको पक्षमा लाग्नुहोस्। जिन्दगीलाई बोल्न दिनुहोस्; त्यसलाई न बिगार्नुहोस्। पुँजीवादीहरुले जीवनलाई बोल्ने अवसर दिंदैनन् भन्ने कुरा बुझ्नुहोस्। तर तपाईंहरुलाई बोल्ने छुट छ। तपाईंहरु अवश्य बोल्नुहोस्। यथार्थलाई तोडमोड गर्ने ठाउँमा चनाखो हुनुहोस्। बाह्य रंगरोगनलाई हटाउनुहोस्। एक्लै बोल्नुको सट्टा विरोधमा ओर्लनुहोस्। विरोधलाई जगाउनुहोस्। तपाईंका तर्कहरु जीवित, व्यावहारिक, कार्यरत मानव र त्यसको यथावत जिन्दगी हुन्। नीडर हुनुहोस्, असली बस्तु सच्चाइ नै हो।"

बर्तोल्त ब्रेख्तले आफ्नो प्रसिद्ध नाट्यकृति 'द गुड वुमेन अफ सेचुवाँ' मा स्पष्ट शब्दमा आफ्नो कृतित्वको उद्देश्य स्पष्ट पारेका छन्- "नाटकमा समस्या के हो भन्ने कुरा देखाइसकेपछि

## ब्रेख्तको कविता : 'मजदूरको आँखामा इतिहासको किताब'

कसले बनायो थिबिस नगरका सात-सातवटा
प्रवेशद्वारहरु ?
इतिहासको किताबमा त लेखिएको छ तमाम
राजाहरुको नाउँ !
तर ठूलठूला ढुङ्गे चटानहरुलाई जसले मरीमरी
उचालेका थिए
के ती राजाहरु थिए ?
ध्वस्त भयो बेबिलोन
तर हरेकचोटि शुरुदेखि जसले त्यसलाई बनाए
तिनीहरु को थिए ?
सुन झल्कने लिमा नगर जसले बनाएका थिए
शहरका कुन घरमा तिनीहरु बस्दथे ?

जुन साँझ चीनको पर्खालको निर्माणकार्य सकियो
त्यो साँझ कसको शरणमा बसे ती थाकेका
डकर्मीहरु ?
रोमन साम्राज्य विजय-तोरणहरुले ढाकिएको छ
तर कसले तिनीहरुलाई बनायो ?
कसलाई जितेका थिए सम्राटहरुले ?

गीत गाउनाले अमर भएको हो बाइजान्टियम
तर उसका तमाम घरहरु के राजमहल थिए ?
जुन राति बाढीले अचानक बगायो
पुराण-कथाको अटलान्टिस शहर
त्यस रात दिशाहीन बाढीको अगाडि उभिएर पनि
किन डुब्न लागेका मानिसहरुले मालिकको मिजासमा
आफ्ना नोकरहरुलाई बोलाएका थिए ?

युवा सिकन्दरले जितेथ्यो भारतवर्ष
के ऊ एक्लैले जितेथ्यो ?
सिजरले गलहरुलाई हराएर धपायो
तर के एउटा पनि मान्छे थिएन उसको फौजमा ?

स्पेनको जहाजी बेडा ध्वस्त भएर समुद्रतलमा हराएपछि
स्पेनको राजा फिलिपले आँसुको सागर बगाएको थियो
तर के अरु कोही रोएका थिएनन् ?
सातसाल लामो लडाईंमा महान् फ्रेडरिक विजयी भएको
थियो
अरु को विजयी भएको थियो ऊसित ?

इतिहासका पानाहरुमा छन् विजयका गाथाहरु
तर विजय उत्सवको खर्च कसले जुटायो ?
हरेक दशवर्ष पछि एक न एक महापुरुषहरुको जन्म !
तर कसको ज्यानको अन्तिम सास खिँचेर
बनेको थियो "महान जन्म" को बाटो ?
मनमा खेलिरहन्छन् अनेकौं साना-तिना कुराहरु
यस्तै यस्तै हजारौं किसिमका प्रश्नहरु !

*कविता साभार : लहर-९, २०४१*

दर्शकहरुले त्यसको समाधान आफैं खोज्नुपर्छ।"

उनको यो नाटक यस्तै उद्देश्यले प्रेरित प्रयोगधर्मी नाटक हो। यस नाटकले प्रस्तुत गरेको समस्या मञ्चमा भएको कार्यव्यापारका माध्यमबाट यसरी उठेको छ : *तीन देवता कुनै भद्र एवं सुखी मानिसको खोजीमा सेचुवाँ आउँछन्। तिनीहरुको भेट अरुलाई सहयोग गर्ने सहृदयी बेश्या शेन तेसँग हुन्छ। ऊ आमा बन्नेवाला छे र आफ्नो गर्भको बालकलाई मातृत्व स्नेह प्रदान गर्दै पालनपोषण गर्न इच्छुक छे। तर विद्यमान सामाजिक परिपाटीका कारणले गर्दा शेन ते असल व्यवहारकी भए पनि ऊ समस्याको पहाडले थिचिन्छे। ऊमाथि साहूहरुको दबाब आउँछ र स्वयं भोका हुनेहरुबाट समेत ऊ नराम्ररी ठगिन्छे। जसरी भए पनि आफू र आफ्नो गर्भको सन्तानको भविष्यका लागि शेन तेले काकाकी छोरी शुइ ताको भेष धारण गर्दछे। यस भूमिकाबाट ऊ पैसा जम्मा गर्न सक्षम हुन्छे। अनि एउटा कारखाना स्थापना गरेर त्यसलाई पूँजीवादी शोषण शैलीमा चलाउन थाल्छे। जब देवताहरुलाई उसको दोहोरो जीवनको वास्तविकता थाहा हुन्छ, उनीहरु अन्यौलमा परेर स्वर्गतिर फर्किन्छन्। निराश शेन ते एक्लै पृथ्वीमा बाँचिरहन्छे।*

मञ्चमा यी दृश्यहरुको समाप्तिपछि उपसंहारको रुपमा सूत्रधार पर्दा अगाडि उभिएर माफी मागेजस्तो गर्दै दर्शकहरुलाई संबोधन गर्न थाल्छ :-

*भद्र महिला तथा सज्जनवृन्द/ यो नसोच्नोस् कि तपाईंहरुलाई ठगियो/हामीलाई थाहा छ -यस्तो अन्त्य केही दर्शकलाई मन पर्दैन/हाम्रो दिमागमा त एउटा सुन्दर परिकथा थियो/तर थाहा भयो- कसैले बिगारिदिएछ यसको अन्त्य/कस्तो अचम्म लाग्दो शैली !/समस्या समाधानविना नाटक टुंग्याइयो/हामी त तपाईंहरुकै खुशीमा बाँचेका छौं/दर्शकहरुको असंतुष्टिको अर्थ हो- हाम्रो निरर्थकता/आशावादी मानिसहरु जेसुकै भनुन्/तर तपाईंहरुले यसलाई मन पराइदिनु भएनभने नाटकको के काम!/त्यसो होभने के हामीले मंचमा हड्बडाएर बाँकी अंश भुलेका हौं त?/यस्तो हुन सक्छ। तर तपाईंहरुको सुझाव के छ ?/तपाईंहरुको जवाफ के हो ? पहिलेदेखि नै केही थिएन।/के मानिसको प्रगति जरुरी छ ? संसारलाई परिवर्तन गर्नु आवश्यक छ ?/अथवा देवताहरुको ? अथवा केही हुनु आवश्यक छैन ?/हामीले त आफ्नो काम ठीकसँग राम्ररी पूरा गर्‍यौं।/र हामीलाई त मात्र एउटै समाधान थाहा छ :/तपाईंहरु स्वयं यहाँबाट जाँदा बाटोमा सोच्दै जानोस्/भद्र मानिसहरुको सुखद अन्त्यका लागि/तपाईंहरु कस्तो उपाय आवश्यक ठान्नुहुन्छ ?/भद्र महिला तथा सज्जनवृन्द, तपाईंहरुमाथि हाम्रो विश्वास छ :/अन्त्य निश्चय पनि सुखद हुनुपर्छ, निश्चय नै सुखद हुनुपर्छ।"/*


बर्तोल्त ब्रेख्त सामाजिक यथार्थवादी नाटक लेखन र मञ्चनलाई गहन सैद्धान्तिक आधार प्रदान गर्ने प्रयोगधर्मी नाटककार हुन्। उनको नाट्य चेतनाले समकालीन नाटक लेखनमा महत्वपूर्ण प्रभाव पारेको छ। उनका नाटकहरु मार्क्सवादी दर्शनबाट प्रेरित र प्रभावित भएता पनि ती सर्वसाधारण दर्शकका लागि सहज रुपमा संप्रेषणीय छन्। मार्क्सवादको अध्ययन नभएका र नाट्य सिद्धान्तका जटिल विषयसँग बिल्कुलै परिचित नभएका दर्शकहरुलाई ब्रेख्तका नाटकहरुले उत्तिकै प्रभाव पार्न सक्छन्। चिन्तनशील दर्शकहरुलाई आफ्नो वरिपरिको संसारलाई यथार्थपरक ढंगले अङ्गिकार गरी आमूल रुपमा समाज परिवर्तनका लागि सोच्न र त्यसको प्राप्तिका लागि राजनैतिक सक्रियतामा लाग्न बाध्य गराउँछन्- ब्रेख्तका नाटकहरु।

**विश्व चर्चित साहित्यकारको जीवनकथा**

बर्तोल्त ब्रेख्त नाटक र सैद्धान्तिक निबन्धमा मात्र होइन, कविताका क्षेत्रमा पनि आफ्नोपनका लागि चर्चित छन्। यूरोपको परम्परागत कवितालेखनबाट भिन्न उनका कविताहरुमा जटिलता र अमूर्तता पाइँदैन। उनी जनसाधारणले सजिलैसँग बुझ्नसक्ने चिरपरिचित विषय, बिम्ब र प्रतीकहरुका आधारमा कविता लेख्छन्। त्यसैले उनका कविता अत्यन्त सरल, सहज र प्रवाहमय हुन्छन्।

कविताबारे उनको भनाइ यस्तो छ- "कविता यति सरल र सहज हुनुपर्छ, ता कि प्राथमिक पाठशालाका बाल-बालिकाहरुले समेत त्यसलाई बुझ्न सकून् र लोकबाद्यहरुमा संगीतबद्ध भएर गाउन सकून्।

यही उद्देश्यबाट प्रेरित भएर ब्रेख्तले शुरुमा आठ-आठ पंक्तिमा र पछि चार-चार पंक्तिमा छन्दोबद्ध कविताहरु लेखेका छन्। कवितालाई सजिलैसँग गाउन सकियोस् भन्ने अभिप्रायले उनले कविता-लेखनको यस शैलीलाई अँगालेका हुन्। ब्रेख्तले छन्दोबद्ध कविता मात्र नलेखी स्वतन्त्र शैलीमा कैयौं गद्य कविताहरु पनि लेखेका छन्। तर उनका गद्य कविताहरु पनि अत्यन्त स्पष्ट, सरल र प्रभावकारी रुपमा संप्रेषणीय छन्। ❑



अमरेश पुरी

# "फूल और काँटे"

# नक्कली फूल र सक्कली काँडा भएको हिन्दी चलचित्र

हिन्दी चलचित्र "फूल और काँटे" काठमाडौंको रञ्जना सिनेमा हलमा चलेको तेस्रो दिनको दिन म पनि हेर्न पुगेको थिएँ। अत्यन्त भीड थियो, सिनेमा हलमा र रातीको शोको टिकट लिन दर्शकहरुले त्यस साँझको झरीमा रुझ्दै लामो लाइनमा घंटौंसम्म बसेको दृश्य पनि सानो सानो चलचित्रभन्दा कम थिएन। बडो मार्मिक थियो। दर्शकहरु चलचित्र हेर्न चाहन्छन् र चलचित्र निर्माताहरु दर्शक चाहन्छन्। यो यी दुवैको अपूर्व संगम थियो। दर्शकहरुको लागि चर्चित हिन्दी चलचित्र "फूल और काँटे" थियो भने निर्माताको लागि साँझको झरीमा सर्वाङ्ग रुझेर पनि डेग नचलिकन लाइनमा बसिरहेका दर्शकहरु थिए। यति भएपछि कुरा सकिनु पर्ने थियो तर यसबाटै कुराको शुरुवात गर्नुपर्ने भएको छ।

आखिर यस्ता चलचित्रहरुले आफ्ना दर्शकहरुलाई के शिक्षा दिन्छन् त ? कस्तो प्रकारले मनोरञ्जन दिन्छन् त ? र अन्ततः आम दर्शकहरु (अर्थात समाज)लाई कता डोर्‍याउछन् त ?

समाज निरपेक्ष मनोरञ्जन वा कलाको विकास भइरहेको छ र हिजोआजका आम चलचित्रहरुले सामाजिक दायित्वलाई बहन गरिरहेका छैनन्। यसै परिप्रेक्षमा समाजभन्दा पृथक राखेर र यस्ता चलचित्रहरुले समाजमा पार्ने असरलाई ख्याल नगरिकन हिन्दी चलचित्र 'फूल और काँटे'लाई हेर्ने हो भने यो चलचित्र 'उत्कृष्ट' चलचित्र हो। तर कला वा मनोरञ्जन दुवै प्रथमतः समाज सापेक्ष हुनु पर्दछ र दोस्रो, कला वा मनोरञ्जन दुवैले कला वा मनोरञ्जनको पारख गर्दा गर्दै आफ्ना दर्शकहरुलाई सामाजिक विकृतिप्रति सचेत गराउँदै उन्नत संस्कृतितर्फ उन्मुख गराउन सक्नु पर्दछ। यसो भनेर हेर्ने हो भने हिन्दी चलचित्र 'फूल और काँटे' विकृति, निराशा र कुण्ठायुक्त संस्कृतिको जरो मजबूत पार्ने खालको 'उत्कृष्ट' चलचित्रको रुपमा देखा पर्दछ।


आम हिन्दी चलचित्र निर्माणको व्यवसायिक सूत्रमा निर्माण भएको विषयवस्तुविहीन तर दर्शकहरुबीच चर्चामा आउन सफल चलचित्र हो यो। यसमा घटनाहरुलाई जोडेर सारांशमा कथा बनाउने हो भने- *अजय (अजय देवगण) र पूजा (मधु) बीच कलेजबाट प्रेम शुरु हुन्छ र उनीहरु दुईबीच विवाह हुन्छ। विवाह पश्चात उनीहरुको छोरो गोपाल जन्मन्छ। अजय आफ्नो बाबुलाई घृणा गर्छ र सधैं टाढा रहन चाहन्छ। तर उसको बाबु त्यो इलाकाको नम्बर एक स्मगलर नागेश्वर*

**यस्ता दृश्यहरूले ठिटाहरूलाई हात हतियारले सुसज्जित भएर कलेज जान पाठ सिकाइरहेको हुन्छ भने केटीहरूलाई 'आकर्षक' बनेर केटाहरूलाई आफूतिर आकर्षित गर्नेतिर उक्साइरहेको हुन्छ।**

*(अमरिश पुरी) आफ्नो छोरालाई आफूसँगै राख्नको निमित्त विवश पार्न आफ्नै नाति गोपालको अपहरण गराउँछ । गोपाललाई कुनै पनि हालतमा खोजिदिने तर यस क्रममा उनीहरु (अजय र पूजा)को सुरक्षाको निमित्त उनीहरु आफूसँगै बस्नु जरुरी छ भनेर नागेश्वरले आफ्नो छोरा र बुहारीलाई आफैंसँग बस्न बाध्य तुल्याउँछ । यसै बखत नागेश्वरकै मानिसले नागेश्वरलाई 'ब्ल्याकमेल' गर्दछ र गोपाललाई आफ्नो कब्जामा लिन्छ । यसै क्रममा नागेश्वरले आफूले कालो काम गर्नुको पछाडि रहेको बाध्यता अजयलाई बताउँछ । अजयको आफ्नो बाबुप्रतिको घृणा समाप्त हुन्छ र बाबु छोरा दुवै मिली अपहरित बालक गोपालको खोजिमा लाग्छन् । भयङ्कर मारमुंग्री पछि गोपाल अजय र पूजाको हात लाग्छ । तर नागेश्वर भने गोली लागेर मर्छ ।*

कलेजको दृश्यबाट शुरु भएको चलचित्र बदला र 'फाइट' को 'क्लाइमेक्स' मा पुगेर नायकको अपहरित बालक नायकको हातमा सुरक्षित थमाएर समाप्त हुन्छ । नायक अजय (अजय देवगण) र नायिका पूजा (मधु)को 'बेजोड' अभिनय महिलाको छविलाई पुरुषको खेलौना र महिलालाई मात्र- एक 'वस्तु' को रुपमा प्रस्तुत गर्नमा पूर्ण रुपले सफल छ ।

अजय र रकिको बीचमा पूजालाई उभ्याएर मारमुंग्री चलाइएको छ । कलेज पढ्न गएकी पूजालाई रकीले आफूले चाहे जसरी जिस्काउन सक्छ र अजयले आफूले चाहे जसरी खेलाउन सक्छ, पिछा गर्न सक्छ । न त यस्तो कार्यको प्रतिरोध पूजाले गर्छे, न त कलेज प्रशासनले गर्छ, न त अरु विद्यार्थीहरुले नै गर्छन् ! कलेजलाई पढ्ने ठाउँको रुपमा प्रस्तुत गरिएको छैन । नायक र खलनायक बीच मारमुंग्री चल्ने थलोको रुपमा प्रस्तुत गरिएको छ । यस्ता दृश्यहरुले कलेज/विद्यालय जाने ठिटाहरुलाई शक्ति प्रदर्शन गर्न र हात हतियारले सुसज्जित भएर कलेज जान पाठ सिकाइरहेको हुन्छ भने केटीहरुलाई 'आकर्षक' बनेर केटाहरुलाई आफूतिर आकर्षित गर्ने (सस्तो खाले फिल्मी प्रेमको अनुशरण गर्न) तिर उक्साइरहेको हुन्छ ।



म देखिरहेछु-कलेज, विद्यालय पढ्न जाने ठिटाहरु छुरी, चेन र खुकुरी लिएर हिंड्ने गरिरहेका छन् र यसैगरी केटीहरु दश नबज्दै कलेज पुगेर त्यहाँको क्यान्टिनमा केटाहरुसँग साँझ अबेरसम्म गफ गरेर बसिरहेका हुन्छन् । उनीहरु कक्षाकोठामा कमै जान्छन् ।

यस्ता वास्तविक घटना र 'फूल और काँटे' जस्ता चलचित्रबीच केही समानता छ कि छैन ?

यहाँ मैले व्याख्या गरिरहनु भन्दा आफ्नो बाल बच्चाको भविष्यप्रति चिन्तित जिम्मेवार अभिभावकहरुले सोच्नु पर्ने कुरा यो हो । यो चलचित्रले कलेज वा विद्यालयका सम्पूर्ण छात्राहरु केटाहरुका खेलौना हुन् र उनीहरुले कुनै बेला मनचाहे जस्तो गर्न पाउनु पर्छ भन्ने शिक्षा दिन र केटीहरु कलेज जानु पर्ने मुख्य कारण नै 'फेशन शो' गर्न हो र उनीहरुलाई केटाहरुले जिस्काउनै पर्छ, सताउनै पर्छ, त्यसमै उनीहरुले मजा लिन सक्नुपर्छ र त्यही नै उनीहरुको जीवन हो भन्ने शिक्षा दिएको छ । यो कस्तो शिक्षा हो ?

यस्ता चलचित्रहरुले हाम्रा कलिला बालकहरुको मस्तिष्कमा मनोविकार पैदा गर्दछन् । कलेज विद्यालयमा केटीले मनपराएको केटा

***नायक अजय देवगण र नायिका मधुको 'बेजोड' अभिनय महिलाको छविलाई पुरुषको खेलौना र महिलालाई मात्र- एक 'वस्तु' को रुपमा प्रस्तुत गर्नमा पूर्ण रुपले सफल छ ।***



चाहिं 'हिरो' बन्न पुग्दछ र मन नपराइएको केटा चाहिं 'भिलेन' बन्न पुग्दछ । फलतः भिलेनले हिरोलाई फिल्मी शैलीमा प्रहार गर्दछ । चलचित्रमा निर्देशकले हिरोलाई बचाउँछ, किनकि सम्पूर्ण क्रियाकलाप उसको नियन्त्रणमा चलेको हुन्छ । तर, वास्तविक जीवनमा कुनै निर्देशकले कच्चा र विथोलिएको मनस्थितिलाई नियन्त्रण गर्न सक्दैन । यसको जानकारी कसैलाई हुँदैन । फलस्वरुप, वास्तविक जीवनमा हिरो बन्न पुगेको ठिटो आवेगमा आएर भिलेन बन्न पुगेको ठिटोबाट पराजित हुन्छ ।

यहाँनेर यौटा समाचार प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ । पाठकहरु ! 'खुट्टाको चक्कुले विद्यार्थीको ज्यान लियो' भन्ने यो समाचार पढ्नुस् र उल्लिखित घटनासँग यसलाई दाँजी हेर्नुस् ।

चलचित्र 'फूल और काँटे' राम्रो प्रस्तुति र सानदार कलायुक्त चलचित्र भएर पनि यो जत्ति लाभदायक हुनपर्थ्यो, यसको राम्रो प्रस्तुति, राम्रो कलाभित्र रहेको समाजप्रतिको गैर-जिम्मेवारीपना, अराजकता र उद्देश्यविहीनताले गर्दा यो चलचित्र त्यतिनै घातक बन्न पुगेको छ । सामाजिक मर्यादा र नियम कानूनभन्दा धेरै पर रहेर निर्माण भएको छ यो चलचित्र । समाजमा बाँच्न सामाजिक मर्यादा र नियम कानूनको आधार होइन, शक्तिको आधार लिनु पर्ने अराजक पाठ यस चलचित्रबाट सिक्न पुगिन्छ ।

यस्तो चलचित्र हेरेर हलबाट बाहिर निस्कने दर्शकहरुमा त्यस क्षण दुई खाले भिन्नाभिन्नै मानसिक उद्वेग पैदा हुन सक्छ । एक थरि दर्शक निराशा, कुण्ठा र सहाराहीनता महशूस गर्न थाल्छन् भने अर्कोथरिले संसार नै आफ्नो मुठ्ठीमा भएझैं महशूस गर्न थाल्दछन् । दुवैथरि दर्शक वास्तविक धरातलबाट टाढा पुग्दछन् ।

यसैगरी, महिला दर्शकहरु आफ्नो सुरक्षा र चाहना दुवैका निमित्त पुरुष मात्रै सहारा हुने र त्यो फिल्मी नायक जस्तो हिरोबाट मात्र आफ्नो सुरक्षा र चाहना पूरा हुन सक्ने सोचाइमा पुग्दछन् । फलतः विवाहित महिलाहरु आफ्नो लोग्ने शक्तिशाली हिरो नभएकोमा र आफ्नो परिस्थिति चलचित्रमा देखाइएको हिरोको जस्तो नभएकोले निराश बन्दछन् भने अविवाहित महिलाहरु यौटा सशक्त बलशाली हिरोको प्राप्तिमा आफ्नो सर्वश्व सुम्पने मनस्थितिमा पुग्दछन् । समाजमा विकृति फैलाउँन र महिलाहरुको सामान्य सोच्ने स्तरलाई समेत विकास गर्न नदिन यस्ता खाले चलचित्रहरुले, यसप्रकार, सुक्ष्म रुपले प्रभाव पार्दछन् ।

चलचित्र समाजमा संस्कृति वा विकृति दुवैको विकास गराउन सक्ने आधुनिक युगको एक सशक्त माध्यम हो । यस्तो सशक्त माध्यमलाई बेलगाम छोडिदिनुको असर लागू पदार्थको बेचविखनलाई खुला रुपले छोडिदिनुको असरभन्दा अझ बढी घातक हुन जान्छ र भइरहेको छ । यसको निमित्त सरकार जति जिम्मेवार छ, त्यति नै जिम्मेवार आफ्ना बालबच्चाहरुसहित आरामसँग व्यवसायिक रुपले बनाइएका जुनसुकै चलचित्रहरु हेर्ने हामीहरु पनि जिम्मेवार नहोलाउँ भन्न सकिंदैन ।

यस फिल्ममा अभिनय पक्षको कुरा गर्ने हो भने, नागेश्वर (अमरिश पुरी) को अभिनय सशक्त र बढी खारिएको छ । अन्य कलाकारहरुको अभिनय पनि राम्रो छ । प्राध्यापकको रुपमा जगदीपलाई हास्य दृश्यको निमित्त उभ्याइएको छ । तर यो प्रस्तुति सशक्त र सफल देखिंदैन ।

**—— राजेन्द्रप्रसाद अधिकारी**

## खुट्टाको चक्कूले विद्यार्थीको ज्यान लियो

जुत्तामा स्प्रिङ्गवाला चक्कू जडान गरी एक विद्यार्थीमाथि आक्रमण गर्ने रत्न घलेलाई वडा प्रहरी कार्यालय सोह्रखुट्टेले पक्राउ गरेको छ ।

नुवाकोट घर भई लाजिम्पाट डेरा गरी बस्ने निज घलेले आफ्नो साथीकी बहिनीलाई जिस्क्याएको भनी सिद्धिगणेश स्कूल सोह्रखुट्टेमा कक्षा दशमा अध्ययनरत नवीन तिवारीलाई हिजो बिहान दश बजे चक्कू प्रहार गरेको थियो ।

बिहानको स्कूलको पढाइ सकेर शोभा भगवतीस्थित आफ्नो घर फर्किन लाग्दा सातघुम्ति भन्ने ठाउँमा मृतक र अभियुक्त भेट भई सामान्य भनाभन हुँदाहुँदै निज घलेले नियोजित रूपमा जुत्तामा जडान गरिराखेको चक्कुले आक्रमण गरेको कुरा वडा प्रहरी कार्यालयले बताएको छ ।

त्यहाँ कार्यरत एक असईले आज बिहान महानगरलाई बताए अनुसार मृतक नवीन तिवारीको कम्मरमा लागेको गहिरो चोटबाट दिनभरि रक्तश्राव भई साँझ ४ बजे मृत्यु भएको थियो ।

*(समाचार 'महानगर' दैनिकबाट)*



# कविताराम श्रेष्ठ नेपाल टेलिभिजनमा गएपछि........

## ने.टि.भि.का अध्यक्ष कविताराम श्रेष्ठसँग कुराकानी

**नेपाली साहित्यमा 'अस्वीकृत जमात' आन्दोलनका प्रमुख व्यक्तिमध्ये एकको रूपमा २०२६-२७ मा कृयाशील चर्चित साहित्यकार र गत वर्ष मात्र 'मुक्ति-संघर्ष' भिडियो फिल्मबाट अन्तर्राष्ट्रिय रूपमै चर्चित पुरस्कृत चलचित्र लेखक-निर्देशक-कलाकार कविताराम श्रेष्ठ नेपाल टि.भि.को संचालक समितिका अध्यक्ष हुनुहुन्छ । उहाँ ने.टि.भि.मा जानु भएपछिको विगत ३-४ महिनामा उहाँले त्यहाँ के कस्तो स्थिति भोगिरहनु भएको छ र उहाँले त्यहाँ परिवर्तन र सुधारका के कस्ता कार्यहरू गर्नु गराउनु भयो ? यो जिज्ञासा मेट्न हामीले उहाँसँग लामो कुराकानी गरेका थियौं । प्रस्तुत छ : कुराकानीका प्रमुख अंशहरू**

*मूल्याङ्कन*

**तपाई नेपाल टेलिभिजनमा संचालक समितिको अध्यक्ष भएर जानु भएपछि त्यहाँ परिवर्तन गरिएका ठोस कुराहरु के के हुन् ?**

-मूर्त रुपमा भन्ने हो भने हामी हाम्रो दर्शकसंख्यालाई विस्तार गर्दछौं । पूर्वमा इलाम र पश्चिममा पाल्पा एवं कोहलपुरबाट यसको प्रशारणलाई हामी अरु टाढासम्म फैलाउँदैछौं । पाल्पामा ट्रान्समिटर जडान गर्दैछौं र कोहलपुरमा क्षेत्रीय प्रसारण केन्द्रको उद्घाटन पनि गरिसकेका छौं । अहिलेसम्म हामी ३७ % जनताको पहुँचमा रहेकोमा कोहलपुर प्रसारण केन्द्र थपिंदा यो ५५% पुग्दैछ ।

टि.भि. को दृश्यपटमा आएपछि मात्र कुनै पनि कुरा दर्शकहरुलाई अनुभव हुन्छ । तर त्यसभन्दा अगाडि जुन पूर्व तयारीहरु हुनुपर्ने हुन्छ, ती तयारीका कामहरु शुरुमा बाहिरबाट देखिंदैनन् । त्यस्ता पूर्व तयारीका धेरै कामहरु हामीले गरिराखेका छौं ।

संस्था वस्तुगत र विकेन्द्रित रुपले चलोस् भनी हामीले नीतिहरु तय गरेका छौं । सबै कुरामा माथिसम्म पुग्नु पर्ने स्थितिको ठाउँमा तलका शाखा प्रमुखहरुले नै पनि कतिपय निर्णयहरु गर्न सक्ने स्थिति बनाइएको छ। त्यसका निम्ति जरुरी तालिमको व्यवस्था पनि हामी गर्दैछौं। हामी विभिन्न बेग्लाबेग्लै विभागहरु विषयगत आधारमा खोल्दैछौं । जस्तै, संगीत शाखा, टेलिफिल्म शाखा, कार्यक्रम शाखा, शैक्षिक र बाल कार्यक्रम शाखा आदि । यसको निम्ति जनशक्ति तयार गर्न २०-३० जना प्राविधिकहरुलाई तालिम दिने तयारी पनि भइरहेछ ।

समय र बजेटको बचत गर्न हामी अन्य संस्थाहरुसँग मिलेर कार्यक्रम तयार गर्ने प्रक्रिया शुरु गर्दैछौं । एकै किसिमको कार्यक्रम अरु संस्थाले पनि गर्दैछन् भने हामीले फेरि शुरुदेखिकै खर्च लगाउनु सट्टा त्यसमा हिस्सेदारी गरेमा किफायती हुन्छ नै। रेडियो नेपाल, नाचघर एवं प्रज्ञाप्रतिष्ठानसँग यस्तो दोहोरो लेन-देन गर्नेतर्फ हामी लाग्दैछौं। जस्तो- रेडियो नेपाल गीतहरु तयार गर्छ, त्यसैलाई हामीले दृश्यांकन मात्र गरेर प्रसारण गर्न सक्छौं । त्यस्तै, हाम्रा कतिपय सामग्रीहरु रेडियो नेपालले प्रयोग गर्न सक्छ । यसरी एकीकृत र समन्वयात्मक रुपले अघि बढ्दा एकरुपता र किफायतिपन दुवै हामीले प्राप्त गर्न सक्छौं । रत्न रेकर्डिङ्ग संस्थानले बनाएका गीतहरुलाई यस्तो गर्न सकिन्छ । राष्ट्रको ठूलो लगानी तिनमा भएको छ, तिनीहरुलाई उपयोग गर्नु राम्रै हुन्छ पनि । बाहिरका १०० वटा राम्रा गीतहरु पनि रेडियो नेपाल र हामी मिलेर किन्दैछौं ।

सांस्कृतिक संस्थानसँग कलाकारहरु छन्, त्यहाँका कलाकार ने.टि.भि.का टेलिफिल्महरुमा पनि काम गर्छन् । अब यसरी हुने दुवैतिरको दोहोरो खर्चको बचत गरी सांस्कृतिक संस्थानले नाटक, टेलिफिल्म बनाउने र त्यसमा हामीले लगानीमा अंशियारी गर्ने एक वर्षे संझौता भएको छ । प्रज्ञा प्रतिष्ठानसँग पनि आठ वटा विधामा यसरी नै संयुक्त रुपमा काम गर्न हाम्रो कुराकानी चलिरहेछ ।

**☞ तपाईहरुले खोल्नु भएको संगीत शाखा, टेलिफिल्म शाखा लगायतका शाखाहरुले काम कसरी गर्छन् ?**

- जस्तो कि, पहिले हामीसँग एकदुई जना व्यक्तिले संगीतको कार्यक्रम तयार गरेर दिने काम मात्र हुँदै आएकोमा अब संगीत संबन्धी शाखा खुलेपछि त्यसले संगीत सम्बन्धी नीति र स्तर दुवैको निम्ति काम गर्छ । संयोगवश, रेडियो नेपालको संगीत

▼



## 'राम्रा फिल्महरू दिने हाम्रो प्रयत्न शुरू भैसकेको छ'

प्रवर्धन समितिका रामेश, दीपक जंगम, रमण घिमिरे आदि नै यहाँ पनि यस समितिमा काम गर्दै हुनुहुन्छ । यस्तै सुनील पोखरेल, नवीन सुब्बा, ओम श्रेष्ठ आदि रहनु भएको टेलिफिल्म संबन्धी शाखा छ ।

हामीसँग ३०-३५ वटा स्वीकृत नभएका टेलिफिल्महरु छन् । तिनीहरुमा राष्ट्रको लगानी परेको छ । तिनलाई थन्क्याउनुको सट्टा सुधार गरेर सदुपयोग गर्नु नै राम्रो हुन्छ भनी उहाँहरु त्यसतर्फ पनि लाग्नु भएको छ । तिनमध्ये ४ वटा टेलिफिल्मलाई उहाँहरुले स्वीकृत गरिसक्नु भएको पनि छ । उहाँहरुले टेलिफिल्मसँग संबन्धित नीतिहरुको सुझाव तयार गरी हामीलाई दिईसक्नु भएको छ ।

यसैगरी गगन विरही, भरत शाक्य, भूषण दहाल आदि संलग्न रहेको कार्यक्रम शाखाले काम गर्दैछ ।

यस्ता शाखाहरुमा ने.टि.भि. भित्रका मात्र हैन, बाहिरका मानिसहरु पनि हुनुहुन्छ, उहाँहरुले दर्शकहरुको आवश्यकता अनुकूलका सर्वथा नयाँ कुराहरु पनि प्रस्ताव गर्न सक्नु हुन्छ ।

हाम्रा यी सब कामहरु पुरानो व्यवस्थापनलाई चुनौति दिन हैन,यस संस्थामा वैज्ञानिक कार्यप्रणालीको विकासका लागि गरिएका कामहरु हुन् ।

**☞ ने.टि.भि. का कर्मचारीहरुका पनि कतिपय गुनासाहरु थिए । उनीहरुको लागि के गर्दैहुनुहुन्छ ?**

- कर्मचारीको हितमा पनि हामीले केही कामहरु गरेका छौं । विहान बेलुका कर्मचारीको खाना खर्च कम थियो । त्यसलाई बढाएका छौं । २० र ३० रुपियाँबाट त्यसलाई ५० रुपियाँ गर्‍यौं । सार्वजनिक बिदा ३८ दिन हुनेमा त्यसलाई १४ दिनमा झारेर थप एक महिनाको तलव कर्मचारीलाई दिने नयाँ नीति अपनाइएको छ । कर्मचारी विमा रकमलाई सहायक र अधिकृतस्तरको रु ५० हजार र ७५ हजारलाई दुवैमा रु पच्चीस हजार थप गराइएको छ । साथै वार्षिक रु २० हजारको उपचार-विमाको सुविधा पनि थप गराइएको छ । यसैगरी, कर्मचारीलाई ऋण लिने सुविधा होस् भनी कर्मचारी कल्याण कोष स्थापना गरिएको छ ।

**☞ तपाईहरुले नेटिभिमा अनावश्यक खर्च र कमीसनतन्त्र खतम गर्न के गर्दै हुनुहुन्छ ?**

- यो बडो चाखलाग्दो कुरा छ । हामीले यहाँ जरुरी कामको ठेक्का पट्टा स्वीकृत भएको सबैभन्दा कम रकम दावी गर्ने पार्टीलाई बोलाएर ठेक्का पाएकोमा बधाइ दिंदै खुला रुपमा उनीहरुलाई भन्यौं- "अब तपाईहरुले कमिशन, नजराना कसैलाई पनि दिनु पर्दैन । त्यसकारण, अब त्यसको सट्टामा संस्थालाई तपाईंहरुले कति छुट दिनु हुन्छ, त्यो प्रष्टै खुलाएर संस्थाकै नाममा दिनुहोस् ।"

पहिले त उनीहरुले "नेपालमा यस्तो पनि हुन्छ र ?" भनेर पत्याएनन् । तर विश्वास दिलाएपछि एउटा पार्टीले १.१%, अर्कोले ७% र अर्कोले ६% ने.टि.भिलाई डिष्काउण्ट दिए । एउटा अन्तर्राष्ट्रिय ठेकेदारलाई पनि यसै गर्दा २ करोड ७० लाखको प्रोजेक्टमा त्यसले खुशीसाथ १० र १९. गरी २९ लाख रुपियाँ डिष्काउण्ट गरिदियो र थप ३ जना मानिसहरुलाई करीब [illegible] लाख रुपियाँ बराबर [illegible] गरी क्यानाडामा [illegible] पार्टीले सप्लाइ गरे[illegible] उपकरण संचालन [illegible] प्रविधिबारे तालि[illegible] दिलाउने बचन [illegible] दियो ।



नेपालमा वा[illegible] सरकार आए[illegible] भ्रष्टाचार उन्मूलन [illegible] कमिसन- कानून बना[illegible] भनिएकोमा उक्त [illegible] संपन्न भैनसके[illegible] स्थितिमा पनि हाम्[illegible] अनावश्यक खर्च [illegible] भ्रष्टाचारको विपक्षमा [illegible] काम गर्न सक्यौं । गर्न सकिंदोरहेछ । यसलाई पनि मैले ने.टि.भिको एउटा उपलब्धि मानेको छु ।

**विज्ञापनमा अश्लीलताहरु हामीले धेरै हटाइसकेका छौं**

**-कवितारा‍म श्रेष्ठ**

**☞ जनतालाई जागरुक पार्ने, जन-चेतनामुखी र जनमुखी कुराहरु ने.टि.भि.मा के के थपिए त, जो पहिले थिएनन् ?**

- यसबारे म कुरा समाचारबाटै शुरु गर्छु ।

पहिला समाचार नेतामुखी हुन्थ्यो र शहरमुखी हुन्थ्यो । अहिले तपाईं आफैं हेर्न सक्नु हुन्छ- यो जनतामुखी भएको छ । हामीले जनताका कुराहरु र मानवीय रुचिका कुरालाई महत्व दिन थालेका छौं ।

**☞ के यसो गर्न ने.टि.भि.को पुरानो कर्मचारीतन्त्रले तपाईंलाई सहजै साथ दियो ?**

- पहिले लामो समयसम्म एक ढर्राले काम गरीआएका कर्मचारीहरुलाई नयाँ ढर्राले काम गर्न केही असजिलो लाग्नु स्वभाविकै हो । उहाँहरुलाई जनमुखी हुनु भनेको के हो भनी पहिले बुझाइएकै छैन, त्यो हामीले बुझाउनु जरुरी छ, बुझाएमा उहाँहरु त्यसलाई पक्रन सक्षम हुनुहुन्छ भन्ने मेरो अनुभव छ ।

जस्तो कि- "आफ्नो गाउँ आफैं बनाऔं" अन्तरगत गाउँहरुमा जुन जन-सक्रियता थियो, त्यो राम्रो समाचार हो । तर मन्त्री वा नेता नभएको काम, कुरा र ठाउँमा न्यूज कसरी बन्छ भन्ने जिज्ञासा शुरुशुरुमा उहाँहरुमा पैदा भयो । मैले नै केही ठाउँको रिपोर्टिङ्ग शुरु गरेँ । जनताको स्थिति, अनुभव र सूचनाहरु संकलन गरेर पनि न्यूज बन्छ भन्ने कुरामा शुरुमा असजिलो अनुभूति गरियो । तर पछि कर्मचारीहरु र दर्शकहरु सबैमा यस्ता सामग्रीहरु सहज र लोकप्रिय बने ।

**☞ ने.टि.भि.को समाचार अझै नेतामुखी देखिन्छ नि त !**

- प्रधानमंत्री र उप-प्रधानमंत्री बाहेक अरुको समाचारमा हामी दृश्य मात्र दिन्छौं, आवाज दिन्नौं । भाषणको सार हाम्रा समाचारवाचकले नै पढ्छन्, मंत्रीहरुको आवाज दिइन्न, खालि मुख चलाएको मात्र देखाइन्छ । मंत्री वा उच्च पदस्थहरुको समाचारलाई आवश्यक मात्र स्थान दिन यसो गरिएको हो । सरकार र नेताहरुभन्दा बाहिर सामाजिक जीवनका अन्य महत्वपूर्ण क्षेत्रलाई पनि हामीले महत्वसाथ समाचारमा स्थान दिंदै आएका छौं । साथै, राजनैतिक पक्ष-विपक्षको बीच भेदभाव नगरी महत्वका आधारमा समाचार र विचारलाई हामीले समाचारमा स्थान दिंदै आएका छौं ।

**☞ ने.टि.भि.मा अझै जन-जागरणमूलक कार्यक्रमहरु पर्याप्त आउने गरेको पाइन्न नि !**

- हामी विचारको आधारमा कुनै पनि रचनालाई भेदभाव गर्दैनौं । तर रचना स्तरीय भने हुनैपर्छ । पहिले टि.भि.मा स्थान नदिइएका तर हाम्रो समाजमा ठूलो प्रभाव र प्रतिष्ठा पाइरहेका प्रगतिशील कलाकर्मीहरु र सांस्कृतिक संस्थाहरुलाई स्थान दिइनुपर्छ भन्ने मान्यताअनुसार 'नौलो आवाज' भन्ने कार्यक्रम संचालित भइरहेछ । संगीतका कार्यक्रमहरुमा जनजागरणमुखी गीतहरु पनि बज्ने गरेका छन् । 'अस्तित्व' भन्ने महिला जागरणको कार्यक्रम संचालित छ । श्रमिक वर्गका विश्वव्यापी दिवसहरुमा कार्यक्रमहरु दिने परंपरा पनि थालिएको छ ।

**☞ टेलिफिल्महरुलाई स्वस्थ र स्तरीय बनाउनेतर्फ किन तपाईंहरुको ध्यान नगएको ?**

-स्तरीय फिल्म, टेलिफिल्मको खाँचो नेपालका धेरै प्रवुद्ध व्यक्तिहरुले महशूस गर्दै आएको कुरा हो । यसतर्फ सर्वप्रथम त हामी उच्छृंखल हैन, स्वस्थ र सौम्य विषयवस्तु भएको कथा खोज्दैछौं । जनतामुखी हैन, हिरोमुखी हुने कथाबस्तुहरु हिन्दी फिल्मको नक्कलको रुपमा जुन यहाँ भित्रिरहेछ, त्यसभन्दा फरक, यहाँको जनताको वास्तविकतामा आधारित विषयवस्तु हामी छान्दैछौं । यसका निम्ति हाम्रा आज र हिजोका स्थापित र स्तरीय सबै थरि विचारका लेखक साहित्यकारहरुका कृतिहरु पनि हेर्ने, खोज्ने काममा हामीले संबन्धित कलाकर्मीहरुको ध्यानाकर्षण गराएका छौं ।

**☞ अस्वस्थ भारतीय हिन्दी गीत र हिन्दी फिल्महरुको बाहुल्यता नेटिभीमा हटाउनु जरुरी देख्नु भएको छैन् ?**

- हरेक देश र भाषाका राम्रा कुराहरु पनि जान्नु-सुन्नु, हेर्नु नराम्रो हैन । तर हिन्दीको प्रभाव यहाँ केही बढी नै छ । हामी सोचिरहेका छौं- हाम्रा दर्शकहरुले अरु देशहरुका पनि सामग्रीहरुको स्वाद चाख्न पाउन् । त्यसैले 'सरगम' कार्यक्रममा हिन्दी गीतहरु मात्र नदिई,त्यसमा नेपाली गजलहरु र बंगाली एवं पाकिस्तानी गीतहरु पनि दिनेतर्फ हाम्रो सोचाइ गएको छ ।

**हामीले विचारको आधारमा कुनै पनि रचनालाई भेदभाव गरेका छैनौं**



**☞ तपाईंहरु स्तरहीन र युवा पुस्तालाई भ्रष्ट पार्ने खालका हिन्दी फिल्महरु ने.टि.भि.बाट अझै किन देखाइरहनु भएको छ त ?**

- हिन्दी फिल्महरुबारे पनि हामी हेर्दैछौं । परिवारमा बसेर हेर्न मिल्ने, स्तरीय, स्वस्थ हिन्दी फिल्महरु मात्र दिने हाम्रो प्रयत्न शुरु भैसकेको छ । जनमुखी प्रकारका राम्रा फिल्महरु हिन्दीमा थुप्रै छन्, तिनीहरुको छनौट हामी गर्दैछौं । पहिले किनीसकिएका फिल्महरु भएकाले केही त्यस्ता फिल्म आएका हुन् । अब हामी आफैं नयाँ स्वस्थ फिल्म छान्दैछौं ।

साथै, अब हामी भारतको राष्ट्रिय फिल्म विकास कर्पोरेसनमार्फत हिन्दी फिल्म लिदैछौं । यो कर्पोरेसनले भारतको कला क्षेत्रको छवि राम्रो पार्ने राम्रा र स्तरीय फिल्महरु नै ज्यादा दिने गर्छ ।

**☞ पाकिस्तानी टेलिफिल्महरु रोचक, सार्थक र स्तरीय देखिएका छन्, के यिनहिरुबाट हामीले शिक्षा लिन सक्दैनौं ?**

- सक्छौं, र हामीले सिकेका पछि छौं । अब आउने ३-४ वटा टेलिफिल्महरु हर्नुहोला, हामी त्यस्ता स्तरीय फिल्म बनाउने प्रयत्नमा छौं । हामीले स्तरीय लेखकहरु र निर्देशक, कलाकारहरुलाई यसमा सक्रिय हुन अनुरोध गरेका छौं । आफैं फिल्म लेख्ने, आफैं निर्देशन गर्ने, आफैं खेल्ने खालको प्रवृत्ति हामीकहाँ छ । अब अरु राम्रा प्रतिभाहरुको पनि साथ लिने परंपरा बसाल्नतिर हामी लागेका छौं । बरु अरुलाई भन्दा केही बढी नै लगानी गरेर पनि हामी स्तरीय निर्देशकहरुलाई यस दिशामा क्रियाशील पार्दैछौं ।

**विदेशी टि.भि च्यानलहरुको प्रवेश रोक्न हामी सक्दैनौं । हामीले सक्ने भनेको हाम्रो युवा पुस्तालाई तिनीहरुका खराबी र विकृतिबारे चनाखो पार्ने काम नै हो ।**

**☞ ने.टि.भि. मा आउने विज्ञापनहरुमा मिसिएका अश्लीलताहरु हटाउनु जरुरी छैन ?**

- विज्ञापनमा अश्लीलताहरु हामीले धेरै हटाइसकेका छौं । केही यस्ता विज्ञापन सामग्री अझै प्रशारण हुँदैछन्, जुन अश्लील हुन् कि हैनन् भन्नेमा एकमत छैन । कसैले श्लील मान्ने, कसैले अश्लील मान्ने यस्ता अनिर्णित सामग्रीबाहेक विवादरहित रुपले अश्लील मानिएका सामग्रीहरु हटाइसकिएका छन् । बाँकीको बारेमा पनि हामी मूल्याङ्कन गराउने पक्षमा छौं ।

**☞ अहिले विदेशी टि.भि. च्यानलहरुको प्रभावले गर्दा तिनमा आउने विकृतिमूलक रचनाहरुको असरको कारण हाम्रो युवा पुस्ता भ्रष्ट हुन थालेकोमा धेरैको चिन्ता रहेको छ । यसलाई रोक्न र युवा पुस्तालाई सही दिशा दिन ने.टि.भि.ले के सोचेको छ ?**

- हेर्नुस्, यसलाई हामीले एकै पटक प्रभावहहीन तुल्याउन सक्दैनौं । कारण, कुनै पनि कुरा भ्रष्ट हुनु भनेको एकै दिनमा हुने घटना हैन । यसको प्रतिकार पनि क्रमैसँग मात्र हुनसक्छ ।

विदेशी टि.भि. च्यानलहरुको प्रवेश रोक्न हामी सक्दैनौं । हामीले सक्ने भनेको हाम्रो युवा पुस्तालाई तिनीहरुका खराबी र विकृतिबारे चनाखो पार्ने काम नै हो । पंचायती व्यवस्थाले ३० वर्षसम्म यहाँ जनतालाई संगठित हुन नदिने, भ्रष्ट बनाउने, गंभीर हुन नदिने, विकृति र हल्काफुल्का कुरातिर लहसिने प्रवृत्ति लादेको छ । देश, जनता, राष्ट्रियता, दया, माया, समानता आदि राम्रा कुराहरुबाट मन बरालेर जनतालाई पंगु बनाउन पंचायतले सबै साधनहरु प्रयोग गऱ्यो । त्यसको प्रतिफल आज निस्केको छ ।

यसलाई हामीले एकैपल्ट फाल्न सक्दैनौं । तर हामी सचेत र चिन्तित हुनैपर्छ, हामी यसमा सजग छौं । सार्थक र स्वस्थ मनोरंजक सामग्रीहरु र चिन्तनशीलता वृद्धि गर्ने कार्यक्रमहरु बढाउनेतिर हाम्रो ध्यान गएको छ । ❑

२५ पेजको बाँकी

भन्नु ? अस्ति एमालेलाई भोट दिएँ । राम्रो काम गरे अझै दिन्छु । अरुले पनि पर्चा ल्याएर टाँसे नटाँस भन्दिनँ । अरुले पनि कुरा सुनाए नाई भन्दिनँ ।"

अनि एमालेलाई नै भोट किन दिनु भएको त भन्दा 'यसपालि एमालेले कुमनिष्टको सरकार बनाउँछ रे । एक पटक कुमनिष्टको सरकार हेरुँ न त भनेर भोट दिएँ ।' उनको जवाफ थियो ।

यसअघि उनी जनमोर्चाका समर्थक थिए । तर उनका भाइसँग झगडा भएकोमा जनमोर्चाले भाइको पक्ष लियो भनेर हाल उनी एमालेलाई समर्थन गर्न पुगेका हुन् भन्ने कुरा स्थानीय गाउँलेहरु बताउँछन् ।

स्थानीय समस्याहरुबारे सोद्धा उनी भन्छन्- 'सिंचाईको कुरा परै राखौं । गाईवस्तुको मलमुतसरीको पानी खाइरहेछौं । त्यसपछि रोजगार वा २/४ कट्ठा जमीनको बन्दोवस्त भए हुन्थ्यो ।'

उनी जीवनमा भोगेको सबैभन्दा ठूलो दुःख सोही ठाउँमा १२/१३ वर्ष अगाडि एउटा सुत्केरी स्याहार गरेवापत उनकी श्रीमतीले ल्याएको एकमाना चामल ६/७ जनाको परिवारले खँड्कुलाभरी पानी हालेर दुई छोक खानु परेकोलाई मान्छन् । साह्रै खुशी भएको दिन चाहिं ठूली छोरीको विवाह गरेको दिन रे । त्यस दिनको सम्झना गर्दै उनी भन्छन्- 'म जस्तो एकमानो खान नपाउनेले त्यत्रो भ्याई भ्याई बाजा बजाएर छोरीको विवाह गरिदिन सकें । त्यसबेला मलाई साह्रै मज्जा लाग्यो ।'

धनी-गरीब, ठूलो-सानो सबै जात समाज पार्ने के गर्नु पर्ला त भन्ने सम्बन्धमा उनको राय छ- 'जुन मुलुकमा ठूलो-सानो, धनी-गरीब सब एक समान भएको नीति नियम छ, त्यही चालचलन हाम्रो देशमा ल्याउनु पर्छ नै ।'

अनि गरीब दलित जनताले मुक्ति पाउन संघर्ष नगरी हुँदैन पनि भन्छन् नि कोही त भनेर उनको भाव बुझ्न खोज्दा निम्न पंक्ति सुनाउँदै उनले आफ्नो धारणा व्यक्त गरे-

**झुपडीको गाउँ सबै**
**गरीबको वास**
**गरीबको शिकार गर्ने**
**शिकारीलाई मास**

हामी गरीबले पनि खान लाउन पाउनुपर्छ भनेर गरीबहरु उठदा यदि धनीहरुले हात जोडेर शरण परे भने ज्यानै लिईहाल्नु हुँदैन । 'अच्छा धन्यवाद छ' भन्नुपर्छ । होइन भने नभिडी हुँदैन । रुखलाई बञ्चरोले इयाङ्ग नहानी ढल्छ र ?'

*प्रस्तुति - धर्मचन्द्रलावती*

**- सहयोगीः माधव पोखरेल**

२१ पेजको बाँकी

गर्छ । यस्तो प्रक्रिया निरंतर चलिरहँदा सजिलैसँग बेसीको पानी लेकमाथि पुग्दै रहन्छ । यस्तो रीतले पानी माथि चढाउँदा पानीसँगै हावा पनि गइरहेको हुन्छ । तर यो विधिमा थोरै सुधार गरेर पानी मात्र माथि जाने, हावा तलै रहने पनि बनाउन सकिन्छ ।

यस प्रविधिमा मुख्य काममा आउने कम्प्रेशर मेशीन हो । कम्प्रेशर मेशीनलाई चलाउनको निम्ति ठूल-ठूलो खोला र नदीको पानीमाथि चढाउने ठाउँमा खोला र नदीबाट प्राप्त हुने जल-उर्जाको उपयोग गर्न सकिन्छ र स-साना खोला र मूलको पानी माथि चढाउनको निम्ति पवन-उर्जाको उपयोग पनि गर्न सकिन्छ । दुवै किसिमले पानी चढाउने तरीका चित्रमा प्रष्ट देखाइएको छ ।

नेपालको र नेपालजस्ता पहाडी मुलुकहरुको लागि मैले आविष्कार गरेको यो नयाँ प्रविधि ठूलो बरदान सावित हुन सक्छ, किनकि नेपालको ७०% खेतीयोग्य जमीन पहाडी क्षेत्रमा छ र त्यहाँ अक्सर आकाशे पानीको भर छ । केवल १८ % जमीनमा मात्र नेपालमा कुलो लाग्छ । यो स्थितिमा नेपालका पहाडी क्षेत्रमा तल बेसीमा बग्ने नदी र खोलाको पानी माथि डाँडा डाँडामा पुऱ्याउने हो भने त्यहाँको कृषि उत्पादन धेरै गुना बढ्न सक्छ । त्यहाँ वर्षभरि नै खेती हुने स्थिति पैदा गर्न सकिन्छ । यस्तो गर्न सकियो भने पहाडी गाउँले क्षेत्रको व्यापक अर्द्ध-बेरोजगारीको समस्या धेरै मात्रामा हल गर्न सकिन्छ ।

पानी स्वास्थ्य र सरसफाइको निम्ति पनि अपरिहार्य वस्तु हो । यसरी डाँडा डाँडामा बेसीको नदीको पानी पुऱ्याउन सक्ने हो भने नेपाली जनताको स्वास्थ्य स्थितिमा पनि धेरै सुधार ल्याउन सकिन्छ । घण्टौं टाढा गएर पानी बोकेर ल्याउन बाध्य हुनुपर्ने नेपाली महिलाहरुले धेरै राहत पाउन सक्नेछन्, स्वास्थ्य र समय दुवै हिसाबबाट ।

यो नयाँ प्रविधि सारै सस्तो र सरल पनि छ । यसको उर्जाको स्रोतको लागि बिजुली चाहिन्न । खोला र नदीमा बगिरहने पानी वा हावा नै यसको उर्जाको स्रोत हो । यी दुवै कुरा हाम्रो पाहाडी क्षेत्रमा सित्तैमा वालछ्याल पाइन्छन् । त्यसैले, निर्माण र मर्मत संभारबाहेक यो प्रविधिमा कुनै अन्य खर्च लाग्दैन । अर्कोतिर, यो नयाँ प्रविधिमा कुनै प्राविधिक जटीलता पनि छैन ।

यही हुनाले यो नयाँ प्रविधिले नेपालको पहाडी क्षेत्रमा ठूलो महत्व राख्छ । नेपालका सर्वसाधारण जनताले यो प्रविधि सजिलै प्रयोग गरेर आफ्नो जीवन उन्नत पार्नसक्छन् ।

—— केवली न्यौपाने

# नेपालमा भूमिसुधार केका लागि र कसरी गरिनुपर्छ ?

## अन्तर्क्रिया कार्यक्रमको जीवन्त रिपोर्ट



**प्रसिद्ध राजनेताहरू, अर्थविद्हरू, भूमिविद्हरू र कानूनविद्हरू यसो भन्छन् :**

नेपालमा ८१% जनता खेतीपातीबाटै आफ्नो रोजगारी पाउँछन् र हातमुख जोर्ने काम गर्दछन् । देशको राष्ट्रिय उत्पादनको ४२% कृषिबाटै प्राप्त हुन्छ। नेपालका तीनचौथाइभन्दा पनि बेसी उद्योगहरूको कच्चा पदार्थ कृषिबाटै प्राप्त हुन्छ। त्यसैले नेपालको अर्थतन्त्र अझै पनि कृषितन्त्र हो । भूमिसमस्या अहिले पनि नेपाली जनताको प्रमुख समस्या हो ।

अर्थतन्त्रको यही क्षेत्रमा पूँजीवादी सुधार गर्ने प्रयत्न हुँदैछ एमाले सरकारबाट। अरु नै सरकार आए पनि उसले यो क्षेत्रमा सुधार नगरी देश विकासको ढोका खोल्नु बिल्कुलै संभव छैन ।

तर केका लागि र कसरी गर्ने त नेपालमा भूमिसुधार ?

यस सम्बन्धमा भने हाम्रो देशमा वैचारिक स्पष्टता हासिल भैसकेको छैन । यही वैचारिक अस्पष्टताका कारणले आफ्नो चुनावी घोषणापत्रमा भूमिसुधारबारे उल्लेख भएता पनि एमाले सरकारले सत्तामा आउने बित्तिकै भूमिसुधार गर्न सकेन। उसले यसका लागि आयोग गठन गर्नुपर्ने स्थिति रहयो । उच्चस्तरीय भूमिसुधार आयोगले आफ्नो काम अब करीब करीब सकिसकेको छ ।

विचार स्पष्टताको यही गंभीर समस्या हल गर्न मूल्यांकन मासिकले गत जेठ ६ गते काठमाण्डौंमा यो विषयमा एउटा गंभीर विचार अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । यसमा नेपालका प्रसिद्ध भूमिविद् महेशचन्द्र रेग्मी, भू. पू. भूमिसुधारमन्त्री जगन्नाथ आचार्य, प्रसिद्ध वामपन्थी नेता क. मोहनविक्रम सिंह र कृषि अर्थविद् दीपेन्द्र क्षेत्रीले आफ्नो सारगर्भित विचारसहितका कार्यपत्र पेश गर्नुभएको थियो । त्यसमाथि आलोचना र टिप्पणी गर्नका लागि नेपालका विभिन्न विचारका राजनेताहरु उपस्थित हुनुहुन्थ्यो । यसमा क. शंभुराम श्रेष्ठ, वर्तमान भूमिसुधारमन्त्री राधाकृष्ण मैनाली, डा. बाबुराम भट्टराई, क. दीनानाथ शर्मा, क. सीताराम तामाङ् र गणेश शाहको नाम प्रमुख रुपमा लिन सकिन्छ ।

प्रसिद्ध अर्थविद् डा. पार्थिवेश्वर तिमिल्सिना, डा. बद्रीप्रसाद श्रेष्ठ र गोविन्द लोहनी, भूमिसुधारका ज्ञाता र राष्ट्रियसभा सचिव रामबहादुर के. सी., राष्ट्रिय योजना आयोगका सदस्य तथा कृषिविद् डा. कैलाश प्याकुरेल जस्ता अर्थविद् र कृषिविद्हरुले पनि यस अन्तर्क्रिया कार्यक्रममा भाग लिनुभएको थियो । कानूनी दृष्टिकोणबाट टिप्पणी गर्नका लागि उपस्थित हुनुहुन्थ्यो– अधिवक्ता अग्नि खरेल ।

उच्चस्तरीय भूमिसुधार आयोगबाट धर्मदत्त देवकोटा र रेवतीप्रसाद ढकाल यो अन्तर्क्रिया कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो । यसबाहेक पनि नेपालका थुप्रै बौद्धिक व्यक्तित्वहरु, राजनीतिक कार्यकर्ता र पत्रकारहरुको पनि कार्यक्रममा उपस्थिति रहेको थियो ।

विगतका तीनवटा अंकहरुदेखि हामी यस अन्तर्क्रिया कार्यक्रमका सहभागीहरुका विचारहरु प्रस्तुत गर्दै आएका छौं । उपरोक्त विचारहरु गहन, महत्वपूर्ण र नेपालको आजको सन्दर्भमा अत्यन्त उपयोगी भएको कुरा हाम्रा थुप्रै पाठकहरुले पत्रहरुद्वारा जनाउनु भएको छ । प्रस्तुत छ :– त्यसै अन्तर्क्रिया कार्यक्रमका केही यसका अन्तिम अंश आगामी अंकमा प्रस्तुत गरिनेछ । मूल्याङ्कन



अन्तर्क्रिया कार्यक्रमको शुरूवात कार्यपत्र प्रस्तुतकर्ताहरूबाट आ-आफ्नो कार्यपत्रको सार प्रस्तुत गर्ने कार्यबाट भयो ।

यस कार्यक्रममा पहिलो प्रस्तोता हुनुहुन्थ्यो भू.पू. भूमिसुधार मन्त्री जगन्नाथ आचार्य । त्यसपछि कृषिविद् दीपेन्द्र क्षेत्रीले आफ्नो कार्यपत्रको विचार संक्षेपमा पेश गर्नुभयो । क. मोहनबिक्रम सिंह भूमिगत अवस्थामा हुनुभएकोले उहाँले आफ्नो विचार प्रस्तुत गर्न ने.क.पा. मसालका केन्द्रिय प्रवक्ता क. दीनानाथ शर्मालाई पठाउनु भएको थियो । प्रसिद्ध भूमिसम्बन्धी विद्वान् महेशचन्द्र रेग्मीका विचारलाई कार्यक्रम संयोजकको काम गरिरहनु भएका मूल्याङ्कनका प्रधान संपादक श्याम श्रेष्ठले प्रस्तुत गर्नु भएको थियो । ती सबै विचारहरू हामीले गतांकमा प्रस्तुत गरेका थियौं ।

श्री जगन्नाथ आचार्यको र दीपेन्द्र क्षेत्रीको कार्यपत्र पनि गतांकमा प्रकाशित गरेका थियौं । क. मोहनविक्रम सिंहको कार्यपत्र मूल्याङ्कनको अंक २९मा प्रकाशित गरिएको छ भने श्री महेशचन्द्र रेग्मीको कार्यपत्र त्यो भन्दा एक अंक अगाडि - २८ अंकमा ।

*अन्तर्क्रियाको एक दृश्य*



# पूँजीवादी संबन्ध र स्वामित्वको विकास नै समस्याको हल हो ।

— डा. बाबुराम भट्टराई

यस अंकमा प्रस्तुत छ- डा. बद्रीप्रसाद श्रेष्ठ, गोविन्दप्रसाद लोहनी, डा. पार्थिवेश्वर तिमिल्सिना, रामबहादुर के.सी, डा. कैलाश प्याकुरेल र अग्नि खरेलका साथै क. शंभुराम श्रेष्ठ, डा. बाबुराम भट्टराईका विचारहरू

***कार्यपत्रको सारसंक्षेप प्रस्तुत गरिसकेपछि त्यसमाथि आलोचनात्मक टिप्पणीको कार्यक्रम थियो । यो क्रममा पहिलो वक्ता हुनहुन्थ्यो- डा. बाबुराम भट्टराई, संयुक्त जनमोर्चा (पंफा भूसाल समूह) का तत्कालीन सल्लाहकार र हालका अध्यक्ष ।***



कार्यपत्रमध्ये तीनजनाको भनाइको सार करीब एउटै छ, महेशचन्द्रजीको चाहिँ अलग छ । महेशचन्द्रले भूमिसुधार गर्नुको पछाडि उत्पादन वृद्धिलाई बेसी जोड दिनुभएको छ । मलाई यो बेठीक लाग्छ । यो उहाँको पूँजीवादी चिन्तन हो ।

उत्पादन वृद्धिलाई केले बाधा दिइरहेछ ? किन हुन सकिरहेको छैन नेपालमा उत्पादन वृद्धि ? पहिले यो पो खुट्याउनु पऱ्यो । यो नखुट्याइकन जतिसुकै कराए पनि उत्पादन वृद्धि हुनेवाला छैन । समस्याको सही पहिचान नै हुनुपऱ्यो पहिले ।

नेपाल प्राक पूँजीवादी अवस्थामा छ । अर्थात् औद्योगीकरण भन्दा पहिलेको अवस्थामा छ नेपाल । भूमि नै हाम्रो मुख्य संपत्ति छ अहिलेसम्म । भूमिमा मूल समस्या के छ भने, भूमिको वितरण न्यायपूर्ण रुपले भएको छैन । जसको उत्पादनमा प्रत्यक्ष हात छैन वा जो जमीनमा खुदै परिश्रम गर्दैन, उसैको हातमा जमीन बेसी केन्द्रित छ । यो सामन्ती संरचनाको स्थिति अन्त गर्नु पर्छ । जमीन त्यसैको स्वामित्वमा हुनुपर्छ, जो जमीनमा आफैं परिश्रम गर्छ र जोत्छ । यो नगरी कृषि उत्पादन बढ्नेवाला छैन । जमीनमा सामन्ती संबन्ध र स्वामित्वको ठाउँमा पूँजीवादी संबन्ध र स्वामित्वको विकास नै समस्याको हल हो ।

त्यसैले भूमिसुधारको उद्देश्य 'जसको जोत उसको पोत' हुनुपर्छ, र उत्पादन वृद्धि पनि । किन भूमिसुधार गर्ने भन्ने सवालमा जगन्नाथ आचार्यको भनाइ सही छ भन्ने मलाई लाग्छ । उहाँले सामाजिक न्याय, उत्पादन वृद्धि र कृषि क्षेत्रबाट गैर कृषि क्षेत्रमा कृषिमा आश्रित जनसंख्यालाई आकर्षित गर्नुलाई भूमिसुधारको उद्देश्य हुनुपर्छ भन्ने बताउनु भएको छ । क. मोहनविक्रमले पनि ठीक सवाल उठाउनु भएको छ । दीपेन्द्रजीले पनि । दीपेन्द्रजीले वातावरणीय सवाल पनि थप राख्नु भएको छ । ❑

# "भूमिसुधारको उद्देश्य गाउँले आर्थिक संरचनामा आमूल परिवर्तन ल्याउने

— डा. बद्रीप्रसाद श्रेष्ठ

*त्यसपछि टिप्पणी गर्नुभयो डा. बद्रीप्रसाद श्रेष्ठले, जो नेपालका प्रसिद्ध अर्थविद मानिनु हुन्छ ।*



भूमिसुधार गर्नुको उद्देश्य एउटा मात्र हुनु हुँदैन । थुप्रै उद्देश्यहरुले भूमिसुधारलाई, प्रभावित पारिरहेको हुन्छ । मेरो ठम्याइमा चारैजना विद्वान कार्यपत्र-प्रस्तोताहरुले अघि सार्नु भएको उद्देश्य प्रशंसनीय छ । तर मेरो व्यक्तिगत विचार के छ भने, भूमिसुधारको उद्देश्य निर्धारित गर्दा यहाँको आर्थिक-सामाजिक संरचनालाई ठम्याउनु पर्ने हुन्छ । त्योभन्दा भिन्न र अलग्गै भूमिसुधारको उद्देश्य निर्धारण हुन सक्दैन ।

यहाँको आर्थिक सामाजिक संरचना द्वयात्मक छ ।

एकातिर तपाई देख्नुहुन्छ- ज्यादै सानो तर सारै प्रभावशाली, नयाँ

उदियमान तर तीव्र गतिमा विकास गरिरहेको आधुनिक शहरी आर्थिक क्षेत्र । संपूर्ण सुविधा, सहुलियत यही सानो आधुनिक शहरी अर्थतन्त्रले उपभोग गरिराखेको छ। विगत २५/३० वर्षको अधिकांश लगानीको सबैभन्दा धेरै लाभ उठाउने पनि यही शहरी आर्थिक क्षेत्र हो । सारा राजनीतिक घटनाक्रम, इतिहास र निर्णय प्रक्रियालाई यही शहरमा आधारित आर्थिक क्षेत्रले प्रभावित गरिरहेको छ। यो निकै सानो छ तर सारै संपन्न र शक्तिशाली भएर निस्किरहेको छ ।

यसको विपरीत पाटोमा निकै विशाल र व्यापक गाउँले आर्थिक क्षेत्र छ, जो गरीबी, वेरोजगारी, शोषण, पछौटेपन, कम उत्पादनशीलता जस्ता समस्याले ग्रस्त छ । ९१/९२% नेपालीहरु यहीं जीवन यापन गर्छन् ।

भूमिसुधार गर्नुको हाम्रो मूलभूत उद्देश्य यही गाउँले आर्थिक क्षेत्रको आर्थिक-सामाजिक संरचनाको आधारमै आमूल परिवर्तन ल्याउने हुनुपर्छ। यो विशाल र व्यापक गाउँले अर्थतन्त्रलाई पूरापूर नयाँ ढाँचामा पुनर्निर्माण गर्ने हुनुपर्छ भन्ने मेरो विचार छ।

भूमिसुधारको अर्को उद्देश्य "जसको जोत उसको पोत" हुनुपर्छ । ७०/८० लाख नेपाली निरपेक्ष गरीबीको रेखामुनि छन् । भूमिसुधार गर्नुको अर्को उद्देश्य यही गरीबीको रेखामुनि अभावको जिन्दगी बाँचिरहेका अधिकांश नेपालीलाई छोटो अवधिमै, ४-५ वर्षको समयावधिभित्रै, गरीबीको रेखाबाट माथि उकास्ने हुनुपर्छ । भूमिसुधारको माध्यमबाट यस्तो गर्न राम्ररी सकिन्छ भन्ने मेरो दृढ विश्वास छ। ❑

## 'किसानहरूको एकीकरण नै भूमिसुधारको अन्तिम लक्ष्य हुनुपर्छ'

—डा. कैलाश प्याकुरेल



*त्यसपछि टिप्पणी गर्ने पालो थियो- डा. कैलाश प्याकुरेलको, जो कृषिविज्ञ हुनुहुन्छ र राष्ट्रिय योजना आयोगमा कृषि संबन्धी विषय हेर्ने आयोगको सदस्य पनि हुनुहुन्छ।*

चारैवटा कार्यपत्रहरु निकै सोचविचार गरिकन लेखिएका छन् र ती गहन छन् भन्ने मलाई लागेको छ। कार्यपत्रहरु एक अर्काका पूरकको रुपमा छन् र चारैवटा कार्यपत्रले उठाएको भूमिसुधारसंबन्धी उद्देश्य एकै ठाउँमा राख्दा उद्देश्यसंबन्धी एउटा चित्र आउँछ।

त्यसैले, कार्यपत्रको उद्देश्यमाथि टिप्पणी गर्नुभन्दा उद्देश्यबारेको मेरो धारणा यस अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत गर्न चाहन्छु।

भूमिसुधार गर्नुको एउटा उद्देश्य आर्थिक, सामाजिक न्याय कायम गर्नु हुनुपर्छ। यो न्याय तबसम्म कायम हुन सक्दैन, जबसम्म उत्पादन र उत्पादकत्व बढ्दैन। त्यसैले, अर्को उद्देश्य उत्पादन र उत्पादकत्व वृद्धि हुनुपर्छ । जमीनको प्रकार र बनोट हेरेर भू-उपयोग गर्ने प्रणाली विकास गर्नु हाम्रो अर्को उद्देश्य हुनुपर्छ । उत्पादनको प्रतिफलको न्यायोचित वितरण पनि भूमिसुधारको उद्देश्य हुनुपर्छ। भूमिसुधारको अन्तिम लक्ष्य किसानहरुलाई सशक्तीकरण गर्ने हुनुपर्छ । उत्पादनका साधनहरुमाथि किसानहरुको पूर्ण नियन्त्रण भएमा नै किसानहरुको सशसक्तीकरण हुन सक्छ। ❑

## 'भूमि संबन्धी ऐन- २०२१ को उद्देश्य निकै सही र अहिले पनि सान्दर्भिक देखिन्छ'

—रामबहादुर के.सी.



*अर्का टिप्पणीकार हुनुहुन्थ्यो- रामबहादुर के.सी., जसले भूमिसुधार मन्त्रालयमा दशौं वर्ष काम गरेर भूमिसुधार संबन्धमा आफ्नै प्रकारले थुप्रै बहुमूल्य अनुभव हासिल गर्नु भएको छ र जो अहिले राष्ट्रिय सभामा सचिव पनि हुनुहुन्छ।*

डा. कैलाश प्याकुरेलको यो भनाइसित म सहमत छु- चारैवटा कार्यपत्रहरु एक आपसमा परिपूरक छन्। भूमिसुधारको उद्देश्यबारे चारैवटा कार्यपत्रहरु करीब करीब एउटै निष्कर्षमा आउन खोजेका छन्।

भूमिसुधारको उद्देश्य संबन्धमा म चार पाँचजना विद्वानहरुको भनाइ प्रस्तुत गर्न चाहन्छु।

एकजना केज क्रिफीड भन्ने विद्वानले Political Economy of Agragein Field भन्ने पुस्तकमा लेख्नु भएको छ- "कृषिको झन् बेसी समतामुखी विकासकालागि गरिने ढाँचागत सुधारको एउटा अभिन्न अंग भूमिसुधार हो।"

अर्का फिजीप एण्ड राप भन्ने विद्वानले Land Reform and Agriculture Development भन्ने पुस्तकमा भन्नुभएकोछ- "सामाजिक न्याय, राजनीतिक स्वास्थ्य र कृषि उत्पादनमा बिस्तार गर्ने उद्देश्य हासिल गर्नका लागि सहयोगी नीतिहरुका आधारमा भूस्वामित्वमा गरिने परिवर्तन नै भूमिसुधार हो।"

जोर्डन वारिएर भन्ने अर्का विद्वानले भन्नु भएको छ- "साना किसान र कृषि मजदूरहरुको हितमा जमीनको पुनर्वितरण नै भुमिसुधार हो।"

अन्तमा गुनार मेर्डलको परिभाषा : "भूमि सुधारको उद्देश्य आर्थिक सामाजिक समानता र बढी उत्पादकत्व हुनुपर्छ।"

यो परिप्रेक्ष्यमा २०२१ सालको "भूमि संबन्धी ऐन"ले राखेको 'भूमिसुधार सम्बन्धी उद्देश्य निकै सही र अहिले पनि सान्दर्भिक देखिन्छ । त्यसले "कृषियोग्य भूमिको न्यायोचित वितरण" "कृषि उत्पादनमा वृद्धि" र "कृषि क्षेत्रको निष्कृय पूँजी र श्रमको परिचालन"लाई भूमि सुधारको उद्देश्य बताएको छ । चारैवटा कार्यपत्रले पनि यही उद्देश्यलाई भूमिसुधारको उद्देश्य बनाएका छन्।

नेपालमा भूमिसुधार मात्र होइन, कृषि सुधार पनि गर्नुपर्छ। कृषि सुधार भन्नाले खालि हदबन्दी लगाउने, जग्गाको पुनर्वितरण गर्ने र मोहीको सुरक्षा गर्ने कुरामात्र आउँदैनन्, कृषि उत्पादन वृद्धि गर्न प्रशस्त सेवाहरु उपलब्ध गराउनु पनि यहीभित्र आउँछ।

त्यसैले भूमिसुधारको उद्देश्य संबन्धमा २०२१ सालको भूमिसंबन्धी ऐनले अघि सारेको प्रस्थापना अहिले पनि सान्दर्भिक छ भन्ने मलाई लाग्छ। ❑

*त्यसपछि टिप्पणी गर्ने पालो थियो, अधिवक्ता अग्नि खरेलको।*

## '२१सालको भूमिसुधारको उद्देश्य अहिले पनि जायज र सान्दर्भिक छ।'

—अग्नि खरेल

चार कार्यपत्रहरुमध्ये एउटाले क्रान्तिकारी परिवर्तनपछि हुने भूमिसुधारको वकालत गरेको छ। बाँकी तीनवटा कार्यपत्र Evolutionary अर्थात क्रमिक विकासमुखी छन्।

भूमिसुधार केका लागि ? यो प्रश्नमा महेशचन्द्र रेग्मीजीको कार्यपत्रले मूलतः उत्पादन वृद्धिलाई मात्र जोड दिएको छ। तर प्रश्न के उठछ भने के उत्पादन वृद्धि भएर मात्र पुग्छ, सामाजिक न्याय हुनु पर्दैन ? सामाजिक न्याय भएन भने के उत्पादन बढ्छ ?



हाम्रो सामाजिक समस्याको हल हुन्छ ?

मेरो विचारमा, अरु तीनवटा कार्यपत्रले उल्लेख गरेझैं भूमिसुधार सामाजिक न्यायका लागि पनि हुनुपर्छ, उत्पादन वृद्धिका लागि पनि । जमीनको न्यायोचित वितरण पनि हुनुपर्छ, उत्पादकत्व पनि बढ्नुपर्छ । यी दुवै कुरा सन्तुलित रुपमा हुनुपर्छ । एकपक्षीय रुपमा सामाजिक न्यायलाई मात्र वा उत्पादन वृद्धिलाई मात्र जोड दिनु सही होइन । उत्पादकत्व र उत्पादन त बढ्यो तर जमीनको न्यायोचित वितरण भएन भने हाम्रो सामाजिक समस्याको समाधान हुन सक्दैन ।

२०२१ सालको भूमि संबन्धी ऐनले राखेको भूमिसुधारको उद्देश्य नै खराब थिएन भनेर रामबहादुर केसीजीले भन्नुभयो । यो विचार मलाई पनि सही लाग्छ । त्यसका उद्देश्यहरु अहिले पनि सही र सान्दर्भिक छन् । समस्या मूलतः त्यो भूमिसुधारको कार्यान्वयन पक्षमा देखा परेको छ । भूमिसुधार जमीनको न्यायोचित वितरणका लागि, उत्पादन वृद्धिका लागि र जमीनमा परिरहेको अत्यधिक मार अन्यत्र स्थानान्तरण गर्नका लागि भनेर २०२१ सालको भूमिसंबन्धी ऐनमा जुन भनिएको छ, त्यो अहिले पनि सही छ । अहिलेकै भूमिसुधारको उद्देश्य त्यही राखे हुन्छ । खालि क्रियान्वयन पक्षमा हामीले सुधार गर्नु जरुरी छ ।

डा. पार्थिवेश्वर तिमिल्सिना

# भूमिसुधारको उद्देश्य तीनवटा हुनुपर्छ

*अब पालो थियो- डा. पार्थिवेश्वर तिमिल्सिनाको, जो नेपालको एक प्रशिद्ध अर्थविद् मानिनु हुन्छ ।*

खालि हामीले सामाजिक न्यायलाई जोड दियौं र जमीनबाट उत्पादकत्व कसरी बढ्छ, कसरी बढ्दैन भन्ने विचारै नगरी जमीनलाई अनेकौं टुक्राहरुमा खण्डित गर्‍यौं भने पनि ठूलो गल्ती हुनेछ । नेपालमा खण्डीकरणको समस्या अहिले नै जटिल भइसकेको छ । हामीले झन् खण्डीकरण हुने गरी भूमिसुधार गर्‍यौं भने यो जमीनमाथि बलात्कार सरह हुनेछ । उत्पादकत्व बढ्ने होइन, झन् घट्नेछ ।

त्यसैले सन्तुलित दृष्टिकोण नै सही विधि हो । भूमिसुधारले उत्पादक शक्ति अर्थात्, जोताहा किसानलाई पनि शोषणबाट मुक्त पार्नुपर्छ । उसैको हित हुने गरी जमीनको न्यायोचित वितरण हुनुपर्छ र उत्पादन पनि बढ्नुपर्छ । खण्डीकरणको समस्या पनि हाम्रो ध्यानमा हुनुपर्छ । जमीनमा अत्यधिक चाप पनि घटाउनुपर्छ । ❑

भूमिसुधारको उद्देश्य सन्तुलित हुनुपर्छ भनेर अग्निजीले संक्षेपीकरण गरिसक्नुभो । वास्तवमा त्यो भनाइ सही छ । भूमिसुधारले समता र सामाजिक न्यायको आधारमा र वास्तविक जोताहाहरुलाई जमीनको समानुपातिक वितरण गर्ने उद्देश्य पनि राख्नै पर्छ । उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्य पनि राख्नैपर्छ । तर यहाँ सबैभन्दा ठूलो समस्या खण्डीकरण र सानो भू-जोतको छ । भूमिसुधारले यही समस्यालाई समाधान गर्न सक्नुपर्छ । यो हिसाबले जग्गाको न्यूनतम आकारलाई भूमिसुधारले निर्धारित गरिदिन सक्छ कि सक्दैन ? र यो कसरी गर्ने ? किनकि संविधानले त आफ्नो जमीन बेच्न पनि पाइन्छ, जतिसुकै टुक्रामा टुक्र्याउनु पनि पाइन्छ भन्ने छूट दिएको छ ।

यो हिसाबले भूमिसुधारको उद्देश्य तीनवटा हुनुपर्छ- एक, सामाजिक न्यायका आधारमा जमीनको समतामूलक वितरण । दुई, उत्पादन वृद्धि । तीन, खण्डीकरणको न्यूनतम हदबन्दी । ❑




# चिराग उद्योग समूह

अन्तर्राष्ट्रिय स्तरको फोमका डस्ना, चकटी, तकिया तथा फर्निचर आदिमा प्रयोग गर्न सकिने फोमका सिटहरुको लागि हामीलाई संझनुहोस् ।

खानेपानी, ढल निकास, सिंचाई, ट्यूबवेल आदिमा प्रयोग गर्न सकिने अत्याधुनिक प्रविधिबाट उत्पादित विभिन्न साईजका उच्चस्तरीय पि.भि.सि. पाईपहरू प्रयोग गर्नु भई ढुक्क हुनुहोस् ।

**पि.भि.सि. पाईपहरु बलियो, किफायती, हलुको, खिया नलाग्ने, कडा हुने र यसलाई चूहावट नहुने गरी जडान गर्न सकिन्छन् ।**

*मुक्तेश्वर पि.भि.सि. पाईपहरू नेपाल अधिराज्यका मुख्य शहरहरूका हार्डवेयर पसलहरूमा पाइन्छन् ।*


प्राकृतिक रवर प्रयोग गरी निर्माण गरिएका विभिन्न साईजका डनलपका (रवर) डस्ना, चकटी, तकियाको लागि संपर्क गर्नुहोस् ।

निर्माता **चिराग फोम ई. प्रा. लि.,** वा. औ. क्षे., काठमाडौं, फोन नं. : २७२३८४

निर्माता **मुक्तेश्वर पाईप ई. प्रा. लि.,** पुतलीसडक, काठमाडौं, फोन : ४२०७७३

निर्माता **श्री राम रवर ई.,** बालाजु, काठमाडौं, फोन नं.: २७०००८

**मुख्य कार्यालय : फोन नं : ४२०७७३, २२७३८५, फ्याक्स नं.: ९७७-१-४२०७७३, पुतली सडक, काठमाडौं**



# "भूमिसुधार आगामी क्रान्तिकारी भूमिसुधारको लागि पूर्वाधार तयार पार्नका लागि गरिनुपर्छ"

**——गोविन्दप्रसाद लोहनी**

अहिलेको संविधानमा हरेक व्यक्तिलाई व्यक्तिगत संपत्तिको अधिकार दिइएको छ । व्यक्तिको संपत्ति जफत गर्न नपाइने प्रावधान छ ।

यस परिप्रेक्ष्यमा यो संविधान नबदली क्रान्तिकारी भूमिसुधार हुन सक्दैन । अहिलेको भूमिसुधार आगामी क्रान्तिकारी भूमिसुधारको लागि पूर्वाधार खडा गर्न गरिनुपर्छ ।

यो संविधानले संगठन गर्ने, सभा र प्रदर्शन गर्ने अधिकार दिएको छ । यो अधिकारलाई प्रयोग गरेर हामी गरीब किसानहरुको संगठन बनाउन सक्छौं, भूमिहीन र मोहीहरुको संगठन बनाउन सक्छौं । संगठन भनेको शक्ति प्रयोगको माध्यम हो । यो शक्ति प्रयोग गरेर हामीले छूट मोही पत्ता लगाउन र दर्ता गर्न सक्छौं, हदबन्दीभन्दा बेसी जमीन पत्ता लगाउन सक्छौं र जफत गर्न सक्छौं । तर पनि यो भनेको क्रान्तिकारी भूमिसुधारको लागि पूर्वाधार खडा गर्नुमात्र हो । यो पूँजीवादी संविधानले हामीलाई क्रान्तिकारी भूमिसुधार गर्ने अनुमति दिँदैन ।

डा. बद्रीप्रसादले भन्नु भएको भूमिसुधारको उद्देश्य सही छ भन्ने मलाई लाग्छ । चार पाँच वर्षभित्र गाउँले क्षेत्रमा व्याप्त गरीबी घटाउने सबैभन्दा सशक्त माध्यम भूमिसुधार नै हो । यसैको लागि भूमिसुधार गरिनु पर्छ ।

# "भूमिसुधार सामन्ती संरचना पूरापूर अन्त गर्न गरिनु पर्छ"

**क. शंभुराम श्रेष्ठ,** महासचिव, नेपाल कम्युनिष्ट लीग

भूमिसुधार गर्नुको मुख्य उद्देश्य अहिले जमीनको स्वामित्वमा जुन सामन्ती ढाँचा छ, त्यसलाई पूरापूर बदल्नु हो ।

महेशचन्द्रजीको भूमिसुधार संबन्धी प्रस्थापना एउटा दृष्टिकोणबाट सही छ भन्ने मलाई लाग्छ । उहाँले कार्यपत्रको शुरुमै गयल जमीन्दारी (Absentee Landlordism) खत्तम गर्नु पर्छ भन्नु भएको छ । त्यो भनेको सारमा सामन्तवादको अन्त गर्नुपर्छ भनिएको हो ।

यहाँ प्रश्न उठ्यो- दर्ता नभएका मोही कसरी पत्ता लगाउने भन्ने । भूमिसुधार गर्ने रोजनीतिक प्रतिबद्धता सरकारसित छ भने यो कुनै समस्या नै होइन । तपाई खेत खलीहानमा जानुहोस् र हेर्नुहोस्- त्यहाँ कसले वास्तवमा जमीन जोतिरहेछ । जसले साँच्चै नै जोतिरहेछ, त्यही नै असलमा जोताहा मोही हो । सरकारको दृष्टिकोण जनमुखी हुनुपर्‍यो । जनताको शक्तिको आधारमा भूमिसुधार गर्न खोज्नुपर्‍यो । त्यो स्थितिमा दर्ता गर्न नसकेका मोही पनि पत्ता लाग्न सक्छन्, हदबन्दीभन्दा बेसी जमीन पनि पत्ता लाग्न सक्छ ।

२०२१ सालको भूमिसुधारको उद्देश्य राम्रो छ भन्ने सवाल यहाँ उठ्यो । २०२१ सालको भूमिसुधार आंशिक भूमिसुधार मात्र हो । सरकारले वास्तवमा भूमिसुधार जरोसम्म नै गर्न चाहेको होइन । भूमिसुधारको रुपरेखा कांग्रेस सरकारले नै तयार पारिसकेको



थियो । त्यसैलाई राजा महेन्द्रले कार्यान्वयन गरेकोसम्म हो । त्यो भूमिसुधारको असली उद्देश्य नेपालमा साम्यवादको प्रभावलाई रोक्नु थियो । नेपालमा क्रान्तिको प्रक्रियालाई तुहाउन त्यो भूमिसुधार भएको थियो र यो काम सबै अमेरिकी साम्राज्यवादको निर्देशनमा भएको थियो, तसर्थ यो भूमिसुधार इमान्दारितापूर्वक कार्यान्वयन हुने सवालै थिएन, भएन पनि । भूमिसुधार गर्नुअघि जग्गा लुकाउने छूट जमीन्दारहरुलाई दिइयो । नामसारी र जग्गा दर्ता भूमिसुधार शुरु हुनुअघि रोकिनुपर्छ भनेर तात्कालीन संसद्मा मैले आवाज उठाउँदा उठाउँदै पनि त्यो लागू गरिएन । हदबन्दीभन्दा बेसी जग्गा ६० हजार विगाहा मात्र देखियो । त्यो पनि पूरै वितरण गरिएन । धेरै जग्गा पेटपेटमै लुके ।

अहिले भूमिसुधार गर्नुको उद्देश्य, यही बाँकी बचेको सामन्ती संरचनालाई पूरापूर परिवर्तन गर्नु हो । जबसम्म यो संरचना परिवर्तन हुन्न, यहाँ पूँजीवादको विकास हुन सक्दैन, न औद्योगीकरणकै विकास हुन सक्छ । नेपालको विकासको सारा संभावना सामन्तवादले छेकेर बसेको छ । त्यसैलाई अन्त गर्नु भूमिसुधारको मूल लक्ष्य हुनुपर्छ ।

(बाँकी अन्तिम भाग आगामी अंकमा)

**१४ पेजको बाँकी**

दुई दिन उक्त भेला भएको थियो । भेलाको मूल विषय थियो- "किन पूर्वी यूरोपमा समाजवाद ध्वस्त भयो ?"

ग्रीक कम्युनिष्ट पार्टी (KKE)का अनुसार समाजवाद ध्वस्त हुनुका कारणहरु पत्ता लगाएपछि त्यस भेलाले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने विषयमा पनि व्यापक छलफल गरेको थियो ।

भेलाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै ग्री.क.पा. (KKE)का केन्द्रीय नेता क. माकिस माइलिसले पूर्वी यूरोपमा समाजवादको पतन हुनु भनेको मानव सभ्यता नै एक पाइला पछाडि सर्नु हो भन्नु भयो । उहाँले भन्नु भयो- "हामी, विश्वका तमाम कम्युनिष्टहरुले पूँजीवादमाथि साम्यवादको विजयको लागि अन्तिम लडाइँ लड्नु पर्छ !"

उक्त विश्वव्यापी वाम-भेलामा उत्तर-कोरिया, रुस र बाल्कान क्षेत्रका कम्युनिष्ट पार्टीहरुका साथै इराक, क्यानाडा, अष्ट्रेलिया, मध्यपूर्व र यूरोपका कम्युनिष्ट र वामपन्थी पार्टीका प्रतिनिधिहरु सहभागी भएका थिए । फ्रान्स, क्युबा, पोर्चुगल र चीनियाँ कम्युनिष्ट पार्टीले प्रतिनिधि नपठाई शुभकामना सन्देश मात्रै पठाएका थिए । ❑ ——राजेन्द्र महर्जन



११ पेजको बाँकी

क्षेत्रसँग उपलब्ध छ, जो यस प्रकार छन्:

**नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रले निर्माण गर्न सक्ने साना र मझौला आयोजनाहरु**

(प्लान बी)

| आयोजनाको नाम | उत्पादन क्षमता | आयोजना पूरा हुने अनुमानित साल |
|---|---|---|
| खिम्ती खोला-१ | ६० मेगावाट | १९९९ |
| खिम्ती खोला-२ | २२ मेगावाट | २००० |
| काली गण्डकी ए (पहिलो चरण) | १०० मेगावाट | २००२ |
| काली गण्डकी ए (दोस्रो चरण) | ४० मेगावाट | २००४ |
| भोटेकोशी-२ | ४८ मेगावाट | २००४ |
| भोटेकोशी-१ | ६४ मेगावाट | २००५ |
| तामाकोशी-३ | ४८ मेगावाट | २००८ |
| तामोकोशी-२ | ६८ मेगावाट | २००८ |
| इन्द्रावती-३ | २५ मेगावाट | २००९ |
| इन्द्रावती-२ | ३३ मेगावाट | २००९ |
| अरुण-३ पहिलो चरण | २०१ मेगावाट | २०११ |
| अरुण-३ दोश्रो चरण | २०१ मेगावाट | २०१३ |

यस मध्येमा, खिम्ती खोला पहिलो र दोस्रो तथा भोटेकोशीमा निजी क्षेत्रको सक्रियता छ। साथै, कन्काई, सप्तगण्डकी, पश्चिम सेती, सुनकोशी, कर्णाली, भेरी-बबई आदि आयोजनाहरुको पनि संभाव्यता अध्ययन एवं डिजाइन कार्य जारी छ।

अहिलेसम्मा निम्नलिखित आयोजनाहरु निर्माण गर्नेबारे निजी क्षेत्रसंग समझदारी तथा हस्ताक्षर भइसकेको छ :

**मध्य मर्स्याङ्दी**
४२ मेगावाट (आल्गोन्कीन पावर कर्पोरेशन, क्यानाडा)
**माथिल्लो मर्स्याङ्दी**
४३ मेगावाट (म्याथ्युज इन्टरन्याशनल, क्यानाडा)
**भोटेकोशी**
३६ मेगावाट (हर्जा इन्टरन्याशनल, अमेरिका तथा सोल्टी ग्रुप, नेपाल)
**खिम्ती खोला**
६० मेगावाट (स्टटक्राफ्ट नर्वे तथा हिमाल पावर लि., नेपाल)

यसदेखि बाहेक अध्ययन पूरा भई लगानी पर्खेर बसेका आयोजनाहरु निम्न अनुसार छन्:

| | |
|---|---|
| **पुवा खोला** | **६ मेगावाट (हाल निर्माणाधीन)** |
| **मोदी खोला** | **१४ मेगावाट** |
| **चिलीमे** | **१७ मेगावाट** |
| **माथिल्लो मोदी खोला** | **१४ मेगावाट** |

यसरी, नेपालले आफ्नो क्षमताबाट अध्ययन भइसकेका आयोजनाहरु धमाधम निर्माण गर्दै जाने हो भने अहिलेको अवस्थामा अरुण-३ भन्दा करीब ७ वर्ष पहिले अर्थात् आगामी ५ वर्षभित्रै लोड सेडिङ पूरै हटाउन सकिन्छ। यसबाट सिद्ध हुन्छ कि- नेपालमा सस्ता एवं वैकल्पिक विद्युत आयोजनाहरुको खाँचो होइन। खाँचो भनेको राजनीतिक प्रतिबद्धता र विद्युत रणनीतिको हो। यदि यो हुने हो भने, हामीले अरुण-३ कै लागतमा त्योभन्दा दुई गुना बेसी बिजुली अरुण-३ भन्दा करीब आधा कम समयमा उत्पादन गर्न सक्छौं।

के सरकारको यस दिशातर्फ दृष्टि जाला ?

**(यो सामग्री नेपाल विद्युत प्राधिकरण र विश्व बैंक तथा मूल रुपमा अलायन्स फर इनर्जी, अरुण सरोकार समूह र अन्य निकायहरुले गरेका अध्ययन, निष्कर्ष र सुझावहरुमा आधारित छ।)**

**लेखक:** *कार्यकारी निर्देशक, इन्हुरेड इन्टरन्याशनल सदस्य, अरुण सरोकार समूह*

---

अरूण-३ १९८७ मै रद्द हुनुपर्थ्यो ! यसको विकल्प के ? - डा. हरिमान श्रेष्ठका सारगर्भित विचारहरू आगामी अंकमा

५ पेजको बाँकी

# एकतालाई कम महत्व दिनु आत्मघाती कुरा हुनेछ



*क. शंभुराम श्रेष्ठ, नेता ने.क.लिग*

❑ **संसद् पुनर्स्थापित भएको तपाईलाई कस्तो लाग्यो ?**

- संविधानमा नियमित अधिवेशन बोलाउने, विशेष अधिवेशन बोलाउने र प्रधानमन्त्रीको सिफारिस अनुसार प्रतिनिधि सभा विघटन गर्ने गरी तीन वटा बरोबर तागत भएका प्रावधानहरु छन्। विघटनवाला प्रावधान 'जुनसुकै अवस्थामा पनि लागू हुने' भन्ने व्यवस्था संविधानमा भएको भए कुरा भिन्नै हुन्थ्यो। यो नभएको हुनाले मैले पहिले नै यो केशमा अप्ठेरो पर्न सक्छ भनी बताएको थिएँ। यस्तै भइदियो।

अब एमालेको सरकार जाने र मुलुकमा घोर दक्षिणपन्थीहरुको सरकार आउने स्थिति भयो, यो नेपाली जनताका निम्ति बहुतै गंभीर र नराम्रो परिस्थिति हो। जनताका सीमित हक अधिकारहरु पनि विस्तारै खोसिदै जाने बहुत डरलाग्दो परिस्थिति हो यो। हिजो गिरिजाको पालाको भन्दा पनि घोर प्रतिक्रियावाद यहाँ हावी हुने संभावना मैले देखेको छु।

एमालेले अविश्वासको प्रस्तावको सामना गरेर आएको भए राम्रो हुन्थ्यो। वामपन्थीहरुले त धेरै पछिसम्मको कुरा सोचेर काम गर्नुपर्छ। सत्तारुढ पार्टी एमालेले अदालतको फैसला अघि चुनावी प्रचारमा जानु नहुने। उहाँहरुले जाने काम मात्रै गर्नु भएन, डा. बाबुरामहरुसँग काठमाडौंको एउटा नारा लेख्ने गरिएको भित्ताका निम्ति छिनाझप्टी नै गर्नु भयो। अलिकति संयम त हुनुपर्छ नि जिम्मेवार पार्टीमा।

संसद् विघटनको सिफारिस गर्नुअघि एमालेका साथीहरुले हामीसँग सरसल्लाह गर्नु भएन। हामीसँग पनि थिए ठोस् सुझावहरु। तर उहाँहरुले सिफारिस पठाइसकेपछि भोलिपल्ट मात्रै हामीलाई जानकारी दिनु भयो। यसरी अरुसँग सल्लाह पनि नलिने, आफूले पाको काम पनि नगर्ने गर्नु भयो उहाँहरुले। आज उहाँहरुको कारण सबैले दुःख पाउनु पर्ने भयो।

❑ **अबको स्थितिमा चाहिं नेपालका वामपन्थीहरुले समग्रमा कसरी अगाडि बढ्नु पर्ला ?**

-मलाई लाग्छ- सुधारिने मौका जो कोहीले पनि पाउनुपर्छ। एमालेका नेताहरुले पनि आफूलाई सच्याएर, आत्मालोचक भएर आउनु पर्छ र अरु सबै वामपन्थीहरुले पनि एकताबद्ध भएर अगाडि बढ्नु पर्छ। प्रतिक्रियावादीहरुलाई फाइदा पुग्न दिनुहुन्न। एमालेका नेताहरुले आत्मालोचनासहित अरु वाम शक्तिहरुसँग एकवद्ध हुने पहल गर्नुपर्छ। जनताको प्रतिनिधि हामी हौं भने हामीले एक भएर प्रतिक्रियावादीहरुको चुनौतिको सामना गर्न अघि बढ्नु पर्छ। एकतालाई कम महत्व दिनु फेरि पनि आत्मघाती कुरा हुनेछ। अरु वामपन्थी मित्रहरुले पनि आत्मालोचक भएर र लचिलो भएरै आउनु पर्छ। जन-अधिकारको संरक्षण र संवर्धन जनताको संगठित र एकताबद्ध बलले मात्र गर्न सक्छ। ❑

---

**सूचना- यस अंकमा १५-३० सम्मका पेजहरुमा महिना भाद्र हुनु पर्नेमा साउन हुन गएकोले सच्च्याइ पढ्नु हुन अनुरोध गर्दछौं।- मूल्यांकन**


**Always Remember us for:**

Water Turbine, Steel Structures & Workshop Facility with up to date machines

Complete Hydropower Generating Equipment, Trusses, Suspension Bridges,, Steel Furnitures & Other Mechanical Engineering Works.

*Please contact us for your service at:*

**Balaju Yantra Shala (Pvt.) Ltd.**

Balaju Industrial District
Balaju, Kathmandu. P.O.Box 209
Tel: 272147, 270894, Fax: 977-1-272379
Tlx: 2429 BYS NP

# यो निर्णयमा एउटै मानदण्ड रहेको देखिएन

क. दीपक शर्मा, सेक्रेटरी, ने.क.पा. एकता केन्द्र

सर्वोच्च अदालतको फैसला र व्याख्याहरुले बुर्जुवा प्रजातान्त्रिक मान्यता र संसदीय परंपरालाई स्थापित र सुदृढ गर्न खोजेकोझैं देखिन्छ। कतिपय व्याख्याहरु सकारात्मक र आवश्यक पनि थिए र यसले मध्यावधि चुनावबाट जनतालाई राहत अनुभूत गराएको पनि हुन सक्छ। तर अन्तिम परिणाममा यो फैसलाले प्रतिगामी तथा प्रतिक्रियावादी तत्वहरुलाई नै प्रोत्साहित र मजबूत गरेको छ र राष्ट्रिय राजनीतिमा प्रतिकूलता थपेको छ।

यो ब्याख्या र त्यसका आधारमा यो फैसला तत्कालीन राजनीतिक शक्ति सन्तुलन र शक्ति संबन्धमा आधारित भई प्रतिक्रियावादी र प्रतिगामी शक्तिलाई स्थापित गर्ने उद्देश्यले भएको छ। र, यो व्याख्या भोलिका दिनमा सकारात्मक दिशामा लागू हुने विश्वास किन गर्न सकिन्न भने, त्यतिखेर पुनः प्रतिक्रियावादी वर्गहरुको स्वार्थकै आधारमा व्याख्या र निर्णय हुनेछ।

हाम्रो पार्टीले यस फैसलापछिको स्थितिलाई गंभीरतापूर्वक लिन आवश्यक ठान्दछ र संपूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त र जनतान्त्रिक शक्तिहरुले पनि यसलाई गंभीरतापूर्वक लिनु जरुरी छ।

अर्को कुरो, हाम्रो पार्टीले प्र.मं. मनमोहन अधिकारीले प्रतिनिधि सभा विघटन र मध्यावधि चुनावको सिफारिश गर्दा यस सन्दर्भमा दुई तीन वटा कुरा स्पष्ट गरेको थियो।

एउटा कुरो, अविश्वासको प्रस्तावको सामना नगर्ने परंपरा बसाल्ने अर्थमा यो बेठीक हुन्छ भन्ने हाम्रो धारणा थियो। दोस्रो कुरो, एमालेले संवैधानिक निकास मध्यावधि चुनाव मात्रै भएको तर्क गरेको थियो, त्यो पनि बेठीक हो भन्ने हाम्रो धारणा थियो र मध्यावधि चुनाव नै देश र जनताको आधारभूत समस्याको समाधान नै हो भनेझैं जुन प्रस्तुति एमालेको थियो, त्यो पनि बेठीक कुरा थियो भन्ने हाम्रो मान्यता थियो।

त्यसका वावजूद प्रधानमंत्रीले गर्नु भएको सिफारिस संविधानको वर्तमान प्रावधान बमोजिम संविधानसम्मत र संवैधानिक नै छ भन्ने हाम्रो मान्यता रहेको हो। त्यसैले संविधानका उक्त प्रावधानहरु यथावत कायम रहेको अवस्थामा अहिले सर्वोच्च अदालतको जुन निर्णय भयो, त्यो निर्णयले हिजो प्रतिक्रियावादी शक्ति ने. का. का. प्र.मं. गिरिजाले मध्यावधि चुनाव गराउने निर्णय लिएको सन्दर्भमा र अहिले प्र.मं. मनमोहन अधिकारीले सोही निर्णय लिएको सन्दर्भमा सर्वोच्च अदालतको वर्तमान निर्णयमा एउटै मानदण्ड रहेको देखिएन र भेदभावपूर्ण स्थिति देखा पर्‍यो।

हामीलाई लागेको तेस्रो कुरो के हो भने- यो निर्णयको सन्दर्भले एउटा के कुरो पनि प्रष्ट भएको छ भने, प्रतिक्रियावादी सत्ता, व्यवस्थामा अन्तिम र निर्णायक घडीहरुमा प्रतिक्रियावादका केन्द्रहरुले आफ्नो अनुकूलको निर्णयहरु नै गर्छन्। संवैधानिक संरचनाहरु र निकायहरु यसका निम्ति प्रयोग हुन्छ भन्ने कुराको पनि यसबाट पुष्टी भएको छ।

चौथो कुरो के हो भने- प्रतिक्रियावादी शक्तिहरु र एमालेबीचको अन्तर्विरोध जति छ, त्यो पनि यसबाट बुझ्न सहयोग पुगेको छ।

पाँचौ कुरा हो- प्रतिक्रियावादी व्यवस्था र सत्ता अन्तर्गत प्रतिक्रियावादसँग अन्तर्विरोध राख्ने राष्ट्रियता-जनतन्त्र र जनजीविकाको पक्षमा थोरै मात्र पनि काम गर्न चाहने शक्तिहरुले संसदीय कार्यनीति अन्तर्गत गएर सरकारमा टिकीरहन्छु भन्ने सोच कति घातक छ, भन्ने कुरा ब्यवहारबाट पनि देखा पर्‍यो। उनीहरुका साम् संपूर्ण समर्पण नगरेसम्म प्रतिक्रियावादी शक्तिहरुले सहँदैनन् र अन्तमा त्यस्ता शक्तिहरुका विरुद्ध उनीहरु निर्णायक ढंगले विस्थापित गर्ने गरी आइपुग्छन् भन्ने कुरो पनि व्यवहारबाट देखा पर्‍यो। न संपूर्ण सर्म्पूण, न दृढ-संघर्षको एमालेको नीति कति घातक छ भन्ने कुरा पनि व्यवहारमा पुष्टी भएको छ।

❑

---

प्रावधानहरु खालि मनमोहनमाथि मात्र लागू हुन्छन् कि- गिरिजामाथि पनि ? के एउटै संवैधानिक प्रावधान एउटा प्रधानमत्रीलाई लागू हुने र अर्कोलाई लागू नहुने गर्नु प्रजातान्त्रिक र संविधानसम्मत हुन्छ ?

यस दृष्टिकोणबाट हेर्दा भने सर्वोच्च अदालतको फैसला गर्ने बहुमतले प्रष्टतः दुई वटा मापदण्ड अप्नाएको देखिएको छ- नेपाली कांग्रेसको सरकारको लागि अलग्गै, एमाले सरकारको लागि अलग्गै।

अहिलेको फैसलामा प्रष्ट भनिएको छ, पदासीन प्रधानमंत्रीले विद्यमान प्रतिनिधि सभाबाट अर्को वैकल्पिक मंत्री परिषद् गठन हुन संभव भएन भने मात्र संसद् भंग गरी चुनावमा जानु संविधानसम्मत हुन्छ, नत्र हुँदैन। पोहोर प्र.मं. गिरिजाले संसद् भंग गर्दा विद्यमान प्रतिनिधि सभाबाटै अर्को मंत्री परिषद् गठन हुन संभव छ भनेर अझ नेपाली कांग्रेसबाटै त्यो संभव छ भनेर पार्टीका सभापति कृष्ण प्र. भट्टराई स्वयम्ले राजासमक्ष प्रष्ट पारेका थिए। संसद्को बहुमत सांसद्हरु स्वयम्ले लिखित रुपमा राजासमक्ष योबारे आफ्नो अभिमत जाहेर गरेका थिए। तर, त्यही मापदण्डका आधारमा पोहोर सर्वोच्चले गिरिजाको संसद् भंग गर्ने सिफरिशलाई किन संविधान असम्मत ठहऱ्याएन त ? किन मनमोहनलाई मात्र यो मापदण्ड एकपक्षीय रुपमा लागू भयो ?

प्रतिनिधि सभा क्रियाशील र प्रभावकारी पोहोर पनि थियो। त्यतिखेर खाली गिरिजाको ७४ सीटको अल्पमत मात्र एक्लो परेको थियो। त्यो अवस्थामा संसद्भित्रै विकल्प हुँदाहुँदै अल्पमतका प्रधानमंत्री गिरिजाको संसद् भंग गर्ने सिफारिशलाई चाहिं किन पोहोर सर्वोच्चले संवैधानिक ठहऱ्यायो ? तर यसपाली संसद्मा १९८ मतको अत्याधिक बहुमतद्वारा विश्वास प्राप्त प्र.मं. मनमोहनको सिफरिशचाहिं संसद्भित्र विकल्प बाँकी भएकै कारणले किन असंवैधानिक ठहरियो ? यो दोहोरो मापदण्ड भएन र ?

यस पल्टको फैसलामा- संसद्को बहुमतको विश्वास गुमाएको वा पदमुक्त हुने अवस्थामा पुगेको प्रमं लाई संसद् भंग गर्ने अधिकार नै हुँदैन भनेर अत्यन्त विस्तारपूर्वक व्याख्या गरिएको छ। यो राम्रो कुरा हो।

तर पोहोर धन्यवादको प्रस्तावमा संसद्को बहुमतको समर्थन नपाएपछि प्र.मं प्रति संसद्को बहुमतको विश्वास नै नभएको प्रमाणित भयो। यही प्रमाणित हुनाले प्रमंले राजिनामा समेत दिने खण्ड आयो। तर तिनै बहुमतको विश्वास गुमाएका र राजिनामा दिन बाध्य प्र.मंको सिफारीशमा भएको संसद् भंगलाई सर्वोच्चले पोहोर संविधानसम्मत ठहऱ्यायो। आखिर कसरी ? के संसद्को बहुमतको विश्वास प्र मं माथि नभएको साबित खालि अविश्वासको वा विश्वासको मतले मात्र गर्छ ? कि प्रमंको कार्यक्रम-बजेट फेल भएमा पनि त्यो अविश्वास व्यक्त भएको ठहरिन्छ ?

काम चलाउ सरकारले अध्यादेशद्वारा पूर्ण बजेट ल्याउने परंपरालाई यसपालिको फैसलाले "अवान्छनीय र असंसदीय" परम्परा भनेको छ। यो सही टिप्पणी हो। तर यो काम त पोहोर गिरिजा सरकारले नै थालेको थियो। तथापि अदालतले त्यतिखेरै अहिलेजस्तो त्यो परंपरालाई आलोचना किन गरेन ? किन त्यसमाथि त्यतिखेरै रोक लगाएन ?

यस प्रकार, यसपालिको फैसलामा दिइएका तर्कहरु पक्षपातपूर्ण छन्। तिनै तर्कहरु तिनै खालका संवैधानिक उल्लंघनको मुद्दामा प्र.मं. गिरिजाको लागि चाहिं प्रस्तुत गरिएनन्। गिरिजाको तिनै उल्लंघनहरु संविधानसम्मत भए, मनमोहनको असम्मत। यो त सरासर पक्षपात र दोहोर मापदण्ड भएन र ?

के यस प्रकारको पक्षपातपूर्ण र दोहोरो मापदण्डमा आधारित फैसलाबाट अदालतप्रति जनताको विश्वास बलियो हुन सक्छ र ? के यो सामाजिक न्याय भयो र ?

फैसलाको यो व्यवहारले के देखाएको छ भने- पूँजीवादी अदालत निष्पक्ष हुन सक्दैन। यसले ठूला पूँजीपति वर्ग र अरुका केस आउँदा ठूला पूँजीपति वर्गकै पक्ष लिन्छ, सबैका लागि एउटै मापदण्ड लागू गर्दैन। एमालेले निम्न पूँजीवादी क्रान्तिकारी शक्तिबाट पूँजीवादी शक्तिको रुपमा आफूलाई रुपान्तरित गरिरहेको थियो। यसले विगतका कैयन् क्रान्तिकारी अडानहरु एकपछि अर्को छोड्दै ठूला प्रतिक्रियावादी पूँजीपति वर्गलाई फाइदा हुने केही कार्यहरु भटाभट गर्दै गइरहेको थियो। यति गर्दा गर्दै पनि जुन मापदण्ड प्रतिक्रियावादी पूँजीपति वर्गका लागि लागू गरियो, त्यो एमालेमाथि लागू गरिएन, किनकि- जम्माजम्मीमा यो पूरै प्रतिक्रियावादी पूँजीपति वर्गका रुपमा अझै रुपान्तरित भइसकेको थिएन।



फोटो: एल्भीस जोशी

पोहोर कांग्रेसी शासनकालमा फैसला गर्दा अदालतले यिनै अहिले स्थापना गर्न खोजेका मापदण्डहरु दरो र प्रष्टसित प्रस्तुत गरेको भए, एमाले सरकारले अहिले ती कामहरु गर्ने नै थिएन। पोहोर गिरिजालाई दिइएको छूटले नै यसपालिको संसद् भंग गर्ने र काम चलाउ सरकारले पूर्ण बजेट पेश गर्ने आधार पैदा भएको हो। पोहोरको नजीर नै यस पटकको काम कार्वाहीको पूर्वाधार थियो।

**गल्तीहरु र पाठहरु**

एमालेको ठूलो-शक्ति अहंकार र आफ्नो तागतको अवस्तुवादी मूल्याङ्कन नै गएको मध्यावधि चुनावमा उसको ८७ सीट मात्र आउनुको मूल कारण थियो। त्यही ८७

सीटका कारणले उसले अहिंलेको अल्पमतको सरकारको पीडा भोग्नु परिरहेछ । ८७ भन्दा एक सीट मात्र एमालेसित बेसी भएको खण्डमा पनि कांग्रेस, राप्रपा र सद्भावना पार्टी मिल्दा पनि संसद्मा प्रतिक्रियावादीहरुको बहुमत हुनै सक्तैनथ्यो । वाम एकता कति जरुरी छ र कति जरुरी थियो, त्यो कुरा अहिलेको घटनाले प्रष्टै देखाएको छ । इतिहासको यो गल्तीबाट एमालेले ठूलो पाठ सिक्नु जरुरी छ ।

सरकारमै गएपछि पनि एमालेले प्रतिक्रियावादीहरुलाई आफ्नो पक्षमा तान्न जति ध्यान दियो, त्यति आफ्नै नजीकैका मित्रशक्तिहरु र जनतालाई दिएन । ऊ कतिपय स्थानमा त आफ्नै मित्रशक्तिमाथि शक्ति प्रयोग गर्नसम्म पनि अघि सऱ्यो । यही कारणले एमाले चारैतिरबाट एक्लो पऱ्यो । उसलाई मित्रले पनि छोड्यो, दुश्मनले पनि पत्याएन । एमाले यसरी एक्लो भएको मौका पारेर, यसलाई सत्तारुढ भएको एक वर्ष पनि नबित्दै, देशी र विदेशी प्रतिक्रियावादीहरुको मिलोमतोबाट एमालेमाथि शान्तिपूर्ण संवैधानिक 'कू'बाट सत्ताच्यूत गर्ने काम अहिले भएको छ ।

एमालेले अप्नाइरहेको पूँजीवादी संसदीय बाटोको सीमा पनि यो घटनाले छर्लंग पारेको छ । एमालेले साधारण पूँजीवादी सुधारको काम मात्र थालिरहेको थियो, कुनै क्रान्तिकारी उथलपुथल ल्याइरहेको थिएन । तर यत्तिबाट पनि प्रतिक्रियावादीहरु एमाले लोकप्रिय हुँदै गएकोमा यति आत्तिए कि- पहिलो बजेट र कार्यक्रम पेश गर्न दिने धैर्य समेत उनीहरुमा भएन । यो घटनाले देखाएको छ- संसदीय बाटोबाट क्रान्तिकारी काम त टाढैको कुरा रह्यो, लोकप्रिय पूँजीवादी सुधारहरु गर्नसमेत सारै कठीन छ । मूल रुपमा गैरसंसदीय क्रान्तिकारी बाटोको अवलम्वन किन सारै जरुरी छ भन्ने कुरा यो घटनाले प्रष्ट पारेको छ ।

**चुनौति र दायित्व**

अब देशमा फेरि आफ्नो हालीमुहाली चल्ने भयो भनेर संपूर्ण प्रतिक्रियावादी शक्तिहरु खुशी मनाउन थालेका छन् । अहिले यो फैसलाले उनीहरुको हौसला कैयन गुना बढेको छ र उनीहरुको दमनकारी रबैया पनि । समाजका सबै प्रगतिशील शक्तिको लागि यो स्थिति निकै चुनौतिपूर्ण छ ।

यो स्थितिमा समाजका प्रगतिशील शक्तिहरुका सामु तीन दायित्व छन्- एउटा, आपसमा प्रतिक्रियावाद विरुद्धको एकतालाई मजवूत गर्ने; अर्को, उनीहरुका सारा जनविरोधी काम र नियतको पर्दाफास गर्ने; र तेस्रो, देश र जनताका जल्दाबल्दा समस्यालाई लिएर जन आन्दोलनको ज्वारभाटा सिर्जना गर्ने । एकता, पर्दाफास र जनआन्दोलन- यी तीन यस्ता हतियारहरु हुन्, जसबाट जतिसुकै उन्मुक्त र बलियो प्रतिक्रियावादी सत्तालाई पनि धराशायी गर्न संभव छ । अब कायम हुने प्रतिक्रियावादी सत्ता पनि त्यसको अपवाद होइन ।

श्याम श्रेष्ठ

# संसद् विघटन र पुनर्गठनबारे पहिले र अहिलेको फैसलाः केही अनुत्तरित प्रश्नहरु !

-अधिवक्ता गोपाल शिवाकोटी 'चिन्तन'

*१) यस पटकको फैसलामा धारा ५३ (१) अनुसार अधिवेशनको आह्वान भइसकेपछिको अवस्था, धारा ५३ (३) अनुसार संसद्को विशेष अधिवेशनको निमित्त सांसद्हरुको समावेदन र धारा ५९ अनुसारको अविश्वासको प्रस्तावलाई मूल आधार मानिएको छ । अदालतले जनादेश प्राप्त गर्ने 'अधिकार अनियन्त्रित अधिकार होइन' भनेको छ । सिफारिश प्रभावकारी नहुने भन्ने बारेमा 'केही निहित शर्तहरु पनि छन्' र कुनै पनि 'शर्त अभिन्न रुपमा गाँसिएको हुन्छ' भनिएको छ । तर के पहिलेको मुद्दामा संसद् विघटनको अधिकार अनियन्त्रित थियो त ? यसपटक पनि प्रधानमंत्रीले सिफारिश गर्नमा 'शर्त बन्देज नरहेको' दावी लिनु भएको थियो, जो पहिलेको फैसला र नजीर अनुसार सवैधानिक थियो । तर, अहिले असंवैधानिक सावित भयो । यस्तो ब्याख्या गर्ने गुञ्जायश पहिले पनि प्रशस्त थियो ।*

*२) धारा ४२ (१) को वैकल्पिक सरकारको गठन गर्ने अवस्था पहिले पनि विद्यमान थियो । त्यसबेला प्रधानमंत्रीको सिफारिशले प्रस्तावनाको भावनामा चोट पुऱ्यायो वा पुऱ्याएन भन्ने बारेमा प्रवेशसम्म पनि गरिएन । यस पटकको फैसलाअनुसार अब कुनै मंत्रिपरिषद् गठन भइसकेपछि संसदीय दलको नेता फेर्न नपाइने भयो । जुनसुकै कारणले राजीनामा दिए पनि धारा ४२ (२) पछि फेरि धारा ४२ (१) तिर फर्कन मिल्ने भयो । अदालतले भनेको छ कि- 'अर्को वैकल्पिक सरकारको गठनको संभावनामा कुनै विचारै नगरी प्रतिनिधि सभाकै विघटन गर्ने कुरा संसदीय प्रणालीको स्थापित परम्परा र व्यवहार अनुकूल पनि हुँदैन ।' तर के गत सालको मुद्दामा यो स्थिति लागू हुन सक्दैनथ्यो त ?*

*३) यस पटकको सिफारिश 'अनावश्यक' भनिएको छ । जुन मापदण्डहरुलाई प्रयोग गरिएको भए शायद पहिलेको विघटन पनि 'अनावश्यक' ठहरिन सक्थ्यो । राजाले स्वविवेक प्रयोग गरी अर्को सरकार बनाउन समय दिएको भए पोहार पनि धारा ४२ (१) आकर्षित भएर वैकल्पिक सरकार बन्न सक्थ्यो । यसपटक 'अनावश्यक रुपमा प्रतिनिधि सभालाई विघटन गरेर देशलाई नयाँ निर्वाचनको अनावश्यक आर्थिक बोझ पार्ने र जनताले अनावश्यक रुपमा निर्वाचनकालीन तनाव र अन्यौल बेहोर्नु पर्ने अवस्थाको श्रृजना गर्ने कुरा संविधानको भावना अनुकूल हुँदैन' भनी फैसलामा विवेचना गरिएको छ । त्यसो भए, के पहिलको विघटनताका यी सबै विकल्पहरुलाई खोज्ने र पर्खने काम न्यायोचित एवं पर्याप्त मात्रामा भएका थिए त ? त्यस्तै, गत सालको सिफारिशले पनि अनावश्यक रुपमा आर्थिक बोझ, तनाव र अन्यौल हुने गरी गरिएको संसद्को विघटन र निर्वाचनचाहिं संविधानको कुन भावना अनुकूल थियो त ?*

*४) यस पटक 'दुराशय'बारे ब्याख्या गर्न आवश्यक नै ठानिएन । गत सालको फैसलामा 'दुराशययुक्त भावना'का बारेमा जे जस्ता संवैधानिक व्याख्या गरिएको छ, त्यही व्याख्याको मापदण्ड यस पटकको विवादमा प्रयोग भएको भए, यस पटकको सिफारिशलाई शायद 'दुराशययुक्त' ठहर गर्न कठिन पर्ने थियो । किनकि- पहिलेको विवादमा 'दुराशय भन्ने कुरा अनुमान गर्ने कुरा होइन, प्रमाणहरुबाट शंकारहित रुपमा प्रमाणित भएको हुनुपर्छ' भनी व्याख्या भएको थियो ।*

*५) त्यस्तै गत साल 'आफ्नो कुनै महत्वपूर्ण नीति, योजना वा कार्यक्रम प्रतिनिधि सभाबाट अस्वीकृत भएमा त्यसलाई कार्यान्वित गर्न जनतासँग नयाँ कार्यादेश माग्नको लागि प्रतिनिधि सभा विघटन गराउनु संसदीय परम्परा अनुरुपकै कुरा हो' भन्ने व्याख्या भएको थियो । यस पटक पनि अविश्वासको प्रस्तावबाट वर्तमान सरकारका नीति र कार्यक्रमहरु 'अस्वीकृत' हुने अवश्यम्भावी थियो ।*

*६) पहिलेको मुद्दामा प्रधानमंत्रीले राजीनामा दिए पुग्नेमा धारा ५३ (४) अनुसार संसद् नै विघटन गर्नु संविधान विपरीत हुन्छ भन्ने मागदावी बारे 'प्रधानमंत्रीले विघटनको सिफारिश सँधै नयाँ कार्यादेशकै लागि गर्छ भन्ने कुनै निश्चित नियम नभएको र कतिपय अवस्थामा अल्पमतको सरकारको प्रधानमंत्रीलाई जनताबाट नयाँ कार्यादेश प्राप्त हुने कुनै संभावना नहुँदा नहुँदै पनि वाध्यतावश उसले विघटनको सिफारिश गर्नुपर्ने अवस्थाको श्रृजना हुने हुनाले विघटनको सिफारिशमा सँधै नयाँ कार्यादेश प्राप्त गर्ने प्रयोजन निहित हुन्छ भन्ने धारा वा बनाउन मिल्ने देखिदैन' भन्ने ब्याख्या भएको थियो । यस पटक पनि अविश्वासको प्रस्ताव बाध्यताको श्रृजना थियो भन्ने मान्नु पऱ्यो ।*

*७) पहिलेको फैसलामा 'बदनियतको आरोप लगाउनु मात्र पर्याप्त हुँदैन, त्यसको आधार र प्रमाण पनि हुनुपर्छ' भन्दै संसद्को अधिवेशन चालू रहेको अवस्थामा प्रतिनिधि सभा विघटनको सिफारिश गर्न मिल्छ वा मिल्दैन भन्ने सम्बन्धमा यसका लागि 'कुनै पूर्वशर्त (Condition Precedent) उल्लेख भएको देखिन्न । संविधानले कुनै पूर्वशर्तको व्यवस्था नगरेको स्थिति र अवस्थामा संसद्को अधिवेशन चालू रहेको अवस्थामा प्रधानमंत्रीले प्रतिनिधि सभा विघटनको सिफारिश गर्न पाउनु हुन्न भन्न मिल्ने देखिन्न' भनी ब्याख्या भएको थियो । यही व्याख्याका आधारमा सिफारिश सदर हुन सक्थ्यो ।*

*८) वर्तमान सरकारले अध्यादेश मार्फत जारी गरेको बजेटका बारेमा अदालतले आपत्ति जनाएको छ । तर संसद्को पुनर्स्थापनासम्बन्धी मूल विवादमा निवेदकहरुको मूल मागदावीमा आधारित संवैधानिक ब्याख्या सीमित हुन सक्थ्यो । यहाँ संसद् विघटनको सिफारिश जेठ २७ गते र बजेट भाषण असार २७ गते भएको छ । सबै रिट निवेदनहरु बजेट भाषणभन्दा पहिले परेका छन् । त्यसमा पनि रिट निवेदनमा यसबारे कुनै स्पष्ट र ठोस मागदावी नै छैन । शायद यस्ता विषयहरु अरु पनि निस्कन सक्थे ।*

*९) यस पटक 'आफ्नो प्रतिकूल कुनै प्रस्ताव आएमा अधिवेशनलाई अन्त्य गर्ने' प्रवृत्तिलाई असंसदीय र अप्रजातान्त्रिक भनी आपत्ति जनाइएको छ । तर पोहोरको स्थिति पनि फरक थिएन । यस पटक फैसलामा 'प्रजातान्त्रिक संस्कारको ज्यादै अभाव रहेको हाम्रो देश' तथा 'अवाञ्छनीय र असंसदीय परम्परा विकसित गर्दै गएको हाम्रो देश' भन्ने वाक्यांशहरुको प्रयोगबाट नेपालको विगत तथा वर्तमान राजनीतिक गतिविधि र प्रक्रियाहरुप्रति हाम्रा न्यायमूर्तिहरु ज्यादै चिन्तित र संवेदनशील रहनु भएको देखियो ।*

*१०) यी सबै पक्षहरुलाई विश्लेषण गरेर हेर्दा लाग्छ- कतै हामी खोटो संविधान र सर्वोच्च अदालतका अपूर्ण वा असमान व्याख्याका शिकार त भइरहेका छैनौं ? तर जे भएता पनि सम्मानित सर्वोच्च अदालतको फैसलाहरुलाई हामीले संविधान बमोजिम पूर्णरुपमा पालना गर्नुपर्ने भएको छ ।* ❑

**उदृत बाक्यांशहरु मूल फैसलाबाट लिइएका हुन्**

# फैसला नेविसंघले निकालेको पर्चाजस्तो छ


**क. शंकर पोखरेल**
**एमाले प्रचार विभाग प्रमुख**

**फैसलाको भाषा, शैली, सार र समपूर्णतालाई हेर्दा यो नेपाल विद्यार्थी संघले निकालेको पर्चाजस्तै छ । एक वर्ष अघि प्रधान न्यायाधीशले राजनीतिक विषयमा निर्णय गर्न मिल्दैन भनेका थिए । तर एक वर्षपछि त्यही कुर्सीमा बसेर नेकपा (एमाले) को सरकारले प्रजातन्त्रका मूल्य र मान्यतामा आँचा पुऱ्याएको आरोप लगाएर राजनीतिक निर्णय प्रधान न्यायधीशले गर्दैछन् भने यस्तो अवस्थामा पुनः सर्वोच्च अदालतमा फैसला पूर्वाग्रहपीडित, एकपक्षीय र राजनीतिक भएकोले पुनरावलोकनका लागि अनुरोध गर्ने अथवा पदको दुरुपयोग गर्ने व्यक्तिमाथि महाअभियोग लगाउने, यिनै दुई वटा मात्र विकल्प छन् ।** ('दृष्टि' बाट)

# के भन्छन् वाम नेताहरु सर्वोच्चको फैसलाबारे ?

## यो पक्षपातपूर्ण र दुराशययुक्त छ

*क. दीनानाथ शर्मा, प्रवक्ता, नेकपा मसाल*



-सर्वोच्च अदालतले संसद पुनर्स्थापनाका लागि गरेको फैसलालाई हाम्रो पार्टी समर्थन गर्दछ। तर राजनैतिक रुपले एउटै स्थिति र प्रकृति भएको मुद्दामा हिजो गिरिजाप्रसाद कोइरालाको संसद बिघटनको सिफारिसलाई जायज भन्दै राष्ट्रलाई मध्यावधि चुनावमा धकेल्ने र उही पदचिन्ह र नजीरमाथि उभिएर एमालेद्वारा गरिएको मध्यावधि चुनावको सिफारिसलाई गलत ठह-याई संसद् पुनर्स्थापनाको पक्षमा फैसला गर्नुले अदालतको कारबाही पक्षपातपूर्ण र दुराशययुक्त भएको कुरा प्रष्ट भएको छ। यसले अदालत स्वतन्त्र, निष्पक्ष र विद्यमान प्रतिक्रियावादी स्वार्थ र शासन प्रणालीको परिधि र सीमाभन्दा बाहिर रहन नसकेको कुरा पनि प्रष्ट हुन आएको छ।

❑ **अबको स्थितिमा मुलुकमा वामपन्थीहरुको राजनैतिक भूमिका कस्तो हुनु पर्ला ?**

- देशका जनतान्त्रिक र वामपन्थी शक्तिहरु संगठित र गोलबन्द भएर प्रतिक्रियावादीहरुको गठबन्धनहरुको कारण पैदा गरिने कुनै पनि चुनौतिको सामना गर्न अगाडि बढ्नुपर्छ भन्ने हाम्रो धारणा रहेको छ।

## एमालेले वाम-पार्टीहरुलाई भाँड्दिनं भन्नुपर्छ

*क. रोहित, अध्यक्ष, नेमकिपा*

-संसदीय व्यवस्थामा प्रतिपक्षीहरुसँग लड्नको निम्ति र आफ्नै पार्टीभित्रका मतभेदहरुलाई व्यवस्थित गर्नको निम्ति प्र.मं.को हातमा भरेको बन्दूकसरह नै संसदलाई विघटन गर्ने र नयाँ निर्वाचनको सिफारिस गर्ने अधिकार दिइएको हुन्छ। यही कुरा बुझेर हामीले विगतमा गिरिजाले गर्दा पनि र यसपाली मनमोहनले गर्दा पनि संसद् विघटनको र चुनावको घोषणाको समर्थन गरेका हौं। साथै, संसदीय व्यवस्थामा संवैधानिक अस्पष्टताहरुलाई व्याख्या गर्नका निम्ति सर्वोच्च अदालतलाई नै अधिकार दिइएको हुन्छ, सोही अनुसार अहिले सर्वोच्च अदालतले निर्णय दिएको छ।

मलाई लाग्छ- अब नैतिकताको आधारमा एमालेको सरकारले राजीनामा गर्नुपर्छ। अथवा अब पुनर्स्थापित संसद्मा अविश्वासको प्रस्ताव आउनेवाला छ, त्यसको सामना एमाले सरकारले गर्नुपर्छ।

❑ **अब एमाले सरकारकार विरुद्ध अविश्वासको प्रस्ताव ल्याइयो भने तपाईंहरुको भूमिका कस्तो हुन्छ ?**

- एमाले सरकारले के गर्छ, त्यो हेर्नु पर्‍यो। उसले राजीनामा दिन्छ कि, संयुक्त सरकारको प्रस्ताव र माग गर्छ कि वा अविश्वासको प्रस्तावको सामना नै गर्छु भन्छ, यो कुरा अहिले नै प्रष्ट भैसकेको छैन।

धमाधम हाम्रो संगठन फुटाउने र मानिसहरु आफ्नो संगठनमा तान्ने गरी प्रतिक्रियावादीहरुले पनि हाम्रो विरुद्ध गर्न नसकेको काम एमालेले लगातार गर्न थालेकोले हामीले उसलाई संसद्मा दिइआएको "आलोचनात्मक समर्थन" केही समयअघि फिर्ता लिएका हौं। अब अविश्वास प्रस्ताव आएमा के गर्ने भन्नेबारे चाहिं हामी साथीहरुबीच सल्लाह भई टुंगो भइसकेको छैन। हामी सल्लाह गर्दैछौं।

❑ **अबको स्थितिमा समग्रमा नेपालका वामपन्थीहरुको भूमिका कस्तो हुनुपर्ला ?**

- हेर्नुस्, एमाले सरकार हामी वामपन्थीहरुको विरोधको कारणले नढलोस् भन्ने चाहेर हामीले आफू प्रताडित भएर पनि यसलाई हिजो समर्थन गर्‍यौं। तर उसले अन्य वामपन्थी पार्टीहरुलाई भाँड्ने काम छोडेन। मैले एमाले पार्टीलाई बेलायतको लेबोर पार्टी जस्तै क्रान्तिकारिता क्रमशः खिइएर गएको पार्टीको रुपमा धेरै ठाउँमा उल्लेख गर्दै आएको छु। जबसम्म उनीहरुले वामपन्थी पार्टीहरुलाई आफूले भाँड्ने छैन भनी खुला रुपले स्वीकारेर आउँदैनन्, तबसम्म यिनीहरुसँग मिल्नु हुँदैन। जहाजको निम्ति पानी बाहिर सतहमा देखिने ढुंगाभन्दा बाहिरबाट नदेखिने ढुंगा ज्यादा हानीकारक हुन्छ भने जस्तै उनीहरु आज अरु वामहरुको संगठनको निम्ति हानीकारक भएका छन्। यस स्थितिमा एमालेहरु नै अब कसरी कुन खाले संबन्ध बनाएर अघि बढ्न चाहन्छन् भन्नेमै धेरै कुरा निर्भर रहन्छ।



## रातो वर्दी लगाएर सरकारमा जाँदैमा समस्या हल हुन्न

*डा. बाबुराम भट्टराई, अध्यक्ष, सजमो नेपाल (भट्टराई)*



- वर्तमान नेपालको राजतन्त्रात्मक संसदीय बहुदलीय व्यवस्था तीव्र संकटबाट गुज्रिरहेको छ। यो संकटलाई टार्न हिजो मध्यावधि निर्वाचनको कार्डलाई अघि सारिएको थियो। त्यसबाट भन्दा संकटलई अलि परसम्म टार्न पुरानै संसदलाई ब्यूँताउने काम गर्नु राम्रो हुन्छ भनी अहिले सत्ताले सोचेको हुनुपर्छ। हाम्रो भनाइ के छ भने- यस्ता टालटुले प्रयासबाट यो सत्ताको संकट टर्न सक्तैन। यो अझै संकटग्रस्त हुन्छ भन्ने हाम्रो मान्यता छ।

तत्कालको सन्दर्भमा चाहिं एमालेले 'कम्युनिष्ट'को खोल ओढेर प्रतिक्रियावादी काम जुन गर्दै आइरहेको थियो, ऊ पनि त्यति सक्षम सावित हुन सकेन। फेरि पुरानै प्रतिक्रियावादीहरुलाई अगाडि सारेर आफ्नो संकटमा टेको पुरो गर्ने आवश्यकता सत्ताले देखेको हुनुपर्छ। त्यसैले, यो जुन कुर्सीको हेरफेर हुने क्रम अघि बढिरहेछ, त्यो नेपाली जनता र राष्ट्रको निम्ति महत्वको कुरो हैन भन्ने मलाई लाग्छ।

❑ **यो संसद् पुनर्स्थापनाले नेपाली जनताको आन्दोलनलाई मात्रात्मक रुपले मात्रै भए पनि असर त पार्ला नि ! कस्तो असर पार्ला ?**

- प्रतिक्रियावदी रोगी व्यवस्थालाई औषधी उपचार गर्ने कदम हो यो। त्यसैले, यसले नेपाली जनताको आन्दोलनलाई खासै असर पार्छ भन्ने हामीलाई लाग्दैन। यो व्यवस्थाकै अन्त गरेर नयाँ जनवादी व्यवस्था नल्याइकन नेपाली जनताको समस्या समाधान हुँदैन भन्ने वैज्ञानिक निर्ष्यौल लिनेहरुलाई यसले खास असर पार्दैन।

❑ **स्थिति केही न केही त बदलिएको छ नि ! यस स्थितिमा नेपालका वामपन्थी शक्तिहरुले अब कसरी चल्नु जरुरी होला ?**

-सेतो वा रातो जुनसुकै वर्दी लगाएका प्रतिक्रियावादीहरुले पनि यो व्यवस्थालाई ढाकछोप गरी टिकाउन धेरै सक्तैनन्। यसको अन्तकै निम्ति सच्चा क्रान्तिकारी शक्तिहरु लाग्नु पर्छ भन्ने निष्कर्ष नै यति खेर झन् प्रबल बन्न पुगेको छ। 'रातो वर्दी' लगाएर सरकारमा जाँदैमा सारा समस्या हल हुन्छ भन्ने संशोधनवादी भ्रमबाट मुक्त हुँदै नै क्रान्तिकारीहरु आमूल परिवर्तनको दिशाभा झन् झन् दृढ भएर लागीपर्नु आजको आवश्यकता हो भन्ने मेरो धारणा छ। ❑

*श्री ५ को सरकारको स्विकृति प्राप्त* र.नं. ११११

## "३५ दिनमा पूर्ण ड्राइभिङ्ग सिक्नुहोस्"


## "आफ्नै परिश्रममा बाँच्न सिकौं, शिप विकास गरौं"

# दुलाल मोटर ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर

## कालिमाटी, महेन्द्र शालिक चोक, काठमाडौं

**"यहाँ दक्ष तथा अनुभवि प्रशिक्षकहरूद्वारा मोटर ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ। आफ्नो शिप विकास र मोटर ड्राइभिङ्ग कार्यमा दक्षता बढाउनका लागि संपर्क राख्नुहोस्"।**







**प्रशिक्षण केन्द्रका उद्देश्यहरुः**

*यस प्रशिक्षण केन्द्रका निम्न उद्देश्यहरू रहेका छन्-*

१) शीपमुलक दक्ष जनशक्ति उत्पादन गर्ने ।
२) बेरोजगारीको समस्यालाई हल गर्ने ।
३) सवारी ज्ञानको अभिबृद्धि गर्ने ।
४) सवारी दुर्घटना नियन्त्रण गर्ने ।
५) देशको आर्थिक स्थितिमा सुधार ल्याउन थप योगदान पुऱ्याउने।
६) युवा समूहलाई आत्मनिर्भर बन्न प्रोत्साहित गर्ने ।

**शाखा कार्यालयहरुः**

१) भक्तपुर मिनिबस पार्क- फोनः ६११३४२
२) लगनखेल अस्पतालअगाडि
३) बालाजु चोक
४) नयाँ बानेश्वर चोक
५ नारायणगढ शहीद चोक- फोनः २१३३८
६) टाँडी, रत्ननगर
७) इटहरी चोक

**हाम्रा विशेषताहरू :**

- ३५ दिन भित्रमा ग्यारेन्टीका साथ ड्राइभिङ्ग सिकाइने छ।
- गाडीको आधारभूत मेकानिकल विषय सम्बन्धी ज्ञान दिइने छ।
- विहान ६ बजेदेखि बेलुका १० बजेसम्मको कुनै पनि समय सिक्न सकिने छ।
- ट्राफिक संकेत चिन्हहरूको विषेश ज्ञान दिलाइने छ।
- अन्तर्राष्टिय सवारी संकेत सम्बन्धी पनि ज्ञान दिलाइने छ।
- तरून्तै लाइसेन्स लिन योग्य बनाइनेछ।

**दुलाल ड्राईभिङ्ग इन्स्टीच्यूट (प्रा.) लि.**

**प्रोपाइटर**
**डि.वि. दुलाल**

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२


# बोर्डिङ्ग पास - समयको उपहार

एक बृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन् । छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन् । बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको पुष्पक विमान को परिकल्पनामा मग्न छिन् ।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुःख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन् । अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमुल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





शाही नेपाल वायुसेवा

जति उड्यो उति उडौं उडौं लाग्ने